नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) का
सदस्य संघसंस्थाहरुलाई जारी गरिएको

# एकीकृत स्वनियम
# मार्ग निर्देशन २०८०




नेफस्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

# साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ।।

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ।।

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ।।

हजार गौँथली र यहाँ करोडौं मौरी बन्नु छ
सँगाली बुँद बुँदले जिन्दगी यो बदल्नु छ ।।

साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ।।

सिद्धान्त हाम्रा अमर रहून्, स्वप्नद्रष्टा अमर रहून्
वसुधैव कुटुम्बकम्, आदर्श अमर रहून् ।।

रचना: प्रकाश भूर्तेल
सम्पादन: प्रा.डा. सुधन पौडेल र प्रा. केशव सुवेदी

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का सदस्य
संघ-संस्थाहरुलाई स्व-नियमनका लागि जारी गरिएको

# एकीकृत स्वनियम मार्ग निर्देशन, २०८०

(२०६८ साल देखि हालसम्मका मार्ग निर्देशनहरु समावेश तथा अद्यावधिक गरिएको)

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कून

२०८० श्रावण

एकीकृत स्वनियम मार्ग निर्देशन, २०८०

संस्करण : चौंथो, २०८०

प्रकाशक : नेफस्कून



# सञ्जालको सङ्कल्प

बचत तथा ऋण सहकारी नेपालीहरूको जीवनपद्धतिको अभिन्न अङ्ग बनिसकेको छ । नेपालमा सहकारी अभियान अझ बचत तथा ऋण सहकारी अभियान स्वः स्फूत विकास भएको अभियान हो । विश्व मानचित्रमा सहकारिता सिद्धान्तमा आधारित व्यवसाय हो । सहकार्यको द्योतक पनि हो । जीवनपद्धतिमा सहकार्यको नमूना देख्न सकिने यो क्षेत्रमा पनि समुदायको विकासको असर कम परेको छैन । प्रविधि, रूपान्तरण, समृद्धि तथा निरन्तर परिवर्तनको यात्रामा सहकार्यका स्वरूपहरूमा पनि फरकपनको अनुभव नभएको होइन । सहकारिताको सामाजिक धार र व्यवसायिक धारको सन्तुलन तथा बजारको वित्तीय संस्थाहरूसँगको प्रतिस्पर्धामा बचत ऋण सहकारीहरूको भविष्य अडेको देखिन्छ ।

सदस्यहरूको वित्तीय समस्याहरू समाधानको स्वामित्वको उद्यम बचत ऋण सहकारी सुरू गर्न सजिलो तर दिगो व्यवस्थापनका लागि कठिन विषय भएको सर्वविदितै छ । सङ्ख्यात्मक रूपमा बलियो बचत ऋण सहकारीहरूको गुणात्मक विकास आजको आवश्यकता हो । बचत ऋण सहकारी संस्थाहरू कुनैलाई पनि असहज परिस्थिति आउन नदिन सामूहिक स्तरीय सहकार्यका लागि संघले मार्गदर्शन जारी गरी सदस्यहरूमार्फत कार्यान्वयनमा सहजीकरण गरी रहेको छ । यसबाट सदस्य संघ-संस्थाहरूको लागि बचत ऋण सहकारी सञ्चालनमा साझा धारणा विकास गर्न सहयोग पुग्ने अपेक्षा संघले गरेको छ ।

बचत तथा ऋण सहकारीको मुख्य पेसा भनेको नै सदस्यहरूको बचत ऋणको रूपमा सदस्यहरूमा नै परिचालन गर्नु हो । विश्वभरि व्याप्त महामारीबाट सिर्जित आर्थिक संकुचनबाट उन्मुक्तिका लागि सामना शक्ति विकास आजको आवश्यकता हो । बचत ऋण सहकारीको समान संस्थागत विकास पनि कम चुनौतीको क्षेत्र होइन । त्यसैले बचत ऋण सहकारीमार्फत समृद्धिको चाह राख्ने सबैलाई अबको बचत ऋण सहकारीहरूको स्वरूपका बारेमा चासो र चिन्ता रहेको छ ।

नेपालको सहकारी अभियानको विद्यमान कानूनका दुबिधा तथा छरिएर रहेको समस्या त छँदै छ, स्थानीय परिवेश तथा अभियानकर्मीहरूको फरक बुझाइबाट सृजना हुने समस्यालाई न्यूनीकरण गर्न विभिन्न ऐन, नियम र असल विश्व अभ्यासहरूलाई समेटी बचत संघहरूको समन्वय र सहकार्यमा ३८औं स्थापना दिवसको अवसर पारि नेपाल बचत तथा ऋण केन्द्रीय सहकरी संघ लिमिटेड (नेफ्स्कून) ले एकीकृत स्वनियम मार्ग निर्देशिकाको

प्रकाशन गरेको छ । यस मार्ग निर्देशिकाले बचत ऋण सहकारी अभियन्ताहरूको बुझाई तथा कार्यान्वयनमा एकरूपताका लागि सहयोग पुग्ने अपेक्षा लिईएको छ । बचत ऋण सहकारीका सिद्धान्त तथा असल अभ्यासहरूसमेतको आधारमा विकास गर्न लागिएको यस निर्देशिकाले अभियानको उद्देश्यमा थप योगदान गर्न सक्ने अपेक्षा लिएको छु ।

विश्व समुदाय नै प्रविधि र सञ्चारमा युगान्तकारी फड्को मारेको अवस्थामा साकोस अभियान पनि प्रविधिमा आधारित सेवा प्रवाह मार्फत सदस्यको आर्थिक सामाजिक रूपान्तरण गर्न सक्ने गरि विकास हुनु पर्दछ भन्ने भावका साथ "**एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि**" को विकास गर्दै सदस्य संघ संस्थाहरूले अनिवार्य पालना गर्नु पर्ने नियमहरूको सङ्गालोको रूपमा यो स्वनियम मार्ग निर्देशिका तयार गरिएको छ । राज्यले लिएको "समृद्ध नेपालः सुखी नेपाली" को आशा, महामारीको प्रभावबाट कठिन यात्रामा एकताबद्ध भएका हामी अभियानकर्मीको भावना मात्र होइन, काममा समेत स्तरीयता र एकरूपता कायम गर्न र सामूहिक स्वामित्व विकास गर्न यस मार्ग निर्देशनले सहयोग पुग्ने अपेक्षा लिएको छु । प्रविधिमैत्री, परिस्कृत र परिवर्तनशील बनौं, समुदायको हित तथा सामूहिक सक्षमता विकासद्वारा दिगो बचत ऋण सहकारी निर्माणका लागि स्वनियमनका आधारभुत मापदण्ड कार्यान्वयन मार्फत बचत ऋण सहकारी अभियानको सुशासन एवं स्तरीय कार्य सञ्चालन अभ्यास गरी छवि उच्च बनाऔं ।

**एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि**

**परितोष पौड्याल**
अध्यक्ष, नेफस्कून

# विषयसूची


१. बचत तथा ऋण सहकारी सँस्कृति एकरुपता : ........ १

२. सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड) २०७६ ....... ११

३. Nepal Financial Reporting Standards कार्यान्वयन ........ ११

४. सम्पत्ति शुद्धीकरण निवारण ........ १२

५. बाह्य लेखा परीक्षण तथा कर भुक्तानी ........ १४

६. पारिश्रमिक तथा श्रम अडिट ........ १९

७. सामाजिक सुरक्षा कोषमा आबद्धता ........ २२

८. सामाजिक परीक्षण ........ २२

९. स्थिरीकरण कोषमा सहभागीता ........ २३

१०. बचत तथा ऋण व्यवस्थापन ........ २४

११. सदस्य सहभागीता स्तर ........ २८

१२. वित्तीय व्यवस्थापन तथा प्रतिवेदन प्रकाशन (खुलासा) ........ २९

१३. सन्दर्भ ब्याजदर तथा मूल्य निर्धारण ........ २९

१४. संरक्षित पुँजी फिर्ता कोष वितरण ........ ३०

१५. एकीकरण तथा विभाजन ........ ३१

१६. सेवा केन्द्र सञ्चालन तथा कार्यक्षेत्र विस्तार ........ ३२

१७. नेफस्कून साकोस म्यानेजर्स क्लब ........ ३३

१८. साकोस एकरुपता प्रणाली ........ ३४

१९. तरलता व्यवस्थापन ........ ३४

२०. सदस्य सूचना प्रणाली तथा कोपोमिसमा आबद्धता ........ ३५

२१. जोखिम सुपरिवेक्षण तथा गुणस्तर सुनिश्चितता ........ ३६

२२. सुशासन तथा सिद्धान्त परीक्षण ........ ३७

२३. प्रतिवेदन सम्प्रेषण ........ ३८

२४. विद्युतीय भुक्तानी तथा फर्स्यौट व्यवस्थापन ........ ३९

२५. विपद् व्यवस्थापन ............................................................ ४०
२६. विशिष्टीकृत संघ तथा गैह्रवित्तीय लगानी ............................................................ ४०
२७. सहकारी लघुवित्त (बचत समूह) परिचालन ............................................................ ४१
२८. तथ्यांक भण्डारण तथा सुरक्षा व्यवस्था ............................................................ ४२
२९. सदस्य सुरक्षा तथा वित्तीय साक्षरता ............................................................ ४३
३०. उद्यमशीलता विकास सेवा सञ्चालन ............................................................ ४४
३१. स्वयंसेवी परिचालन ............................................................ ४४
३२. स्वयमसेवीहरुको उपयुक्तता (फिट एण्ड प्रोपर) परीक्षण ............................................................ ४५
३३. सञ्जाल व्यवस्थापन ............................................................ ४६
३४. विविध ............................................................ ४६
**अनुसूची १** ............................................................ ४९
अनुसूची २ ............................................................ ५१
अनुसूची ३ ............................................................ ५२
अनुसूची ४ ............................................................ ५३
अनुसूची ५ ............................................................ ५४
अनुसूची ६ ............................................................ ५६
अनुसूची ७ ............................................................ ६२
अनुसूची ८ ............................................................ ६६
सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत मार्ग निर्देशन, २०७९ .................... ६८
कोपोमिसमा सहकारी संस्थाको समष्टिगत विवरण भर्ने भराउने सूचना ............................................................ ७६
सहकारी विभागद्वारा जारी goAML सूचना ............................................................ ७७

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का सदस्य संघ/संस्थाहरूलाई स्वनियमनका लागि जारी गरिएको

# एकीकृत स्वनियम मार्ग निर्देशन, २०८०

नेपालको बचत तथा ऋण सहकारी अभियानलाई व्यवस्थित र स्व-नियमनमा आधारित बनाउन सहकारीका मूल्य-मान्यता, अन्तर्राष्ट्रिय सिद्धान्त, असल अभ्यास, नियमनकारी निकायहरूले समय-समयमा जारी गरेका ऐन, नियम, निर्देशन, बचत तथा ऋण सहकारी सञ्जालले स्वीकारेको साकोस एकरूपता प्रणालीका आधारभूत मापदण्डलाई एकीकृत गरी साकोस सञ्चालनका लागि दैनिक आवश्यक पर्ने नीतिगत वातावरणलाई सहजीकरण गर्दै साकोस अभियानको रणनीतिक कार्यदिशा कायम गरी बचत तथा ऋण सहकारी अभियानको सुरक्षित, मर्यादित तथा विशिष्ट पहिचान कायम गर्न सहकारी ऐन, २०७४ को दफा ९९ को व्यवस्था तथा संघको विनियमको परिच्छेद २ को दफा ४ बमोजिम सदस्य संघ-संस्थाहरूलाई एकीकृत स्व-नियम मार्ग निर्देशन, २०८० जारी गरिएको छ ।

## १. बचत तथा ऋण सहकारी सँस्कृति एकरुपता : SACCOS Culture

समुदाय र समाजको छवि एवं पहिचान झल्काउने विशिष्ट सोच र अभ्यासहरूको साझा स्वरूप नै सँस्कृति हो । सहकारी संस्थाहरू अन्य वित्तीय सेवा प्रदायकभन्दा फरक हुन् भन्ने आधारहरू व्यवहारमा देखिन जरूरी हुन्छ । बचत र श्रम प्रधान जीवनयापन सहकारी सदस्यको जीवनपद्धतिमा देखिनुपर्दछ । सेवा प्रधान, साझा बन्धन, नाफा गौण, कारोबारमा संलग्नताको आधारमा प्रतिफल वितरण, स्वयंसेवी नेतृत्व आदि सहकारी सँस्कृतिका सुन्दर पक्षहरू हुन् ।

### क. बचत ऋण सहकारीका सिद्धान्त तथा मूल्य-मान्यताहरू :

(१) सहकारी संस्थाको नेतृत्वमा रहनेले अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् १९९५ को साधारणसभाबाट स्वीकृत भएको सहकारीको मूल्य मान्यता र सिद्धान्तहरूको भाव आत्मसाथ गरि यसलाई जीवन सँस्कृतिको रूपमा विकास गर्नुपर्दछ ।

(२) सहकारी संघ संस्थाले बचत तथा ऋण सहकारीको ४ सिद्धान्तहरू क्रमशः स्वस्थ्यता एवं सुरक्षाको सिद्धान्त, सुशासनको सिद्धान्त, सदस्य सुरक्षा सिद्धान्त र सञ्चालन सिद्धान्तलाई साकोस मार्गदर्शनको आधारभूत नियमका रूपमा स्वीकार गर्नुपर्दछ ।

(३) राष्ट्रिय सहकारी महासंघले सहकारी संघ-संस्थाहरूका लागि समय-समयमा जारी गरिएको मार्ग निर्देशन तथा सञ्चालकहरूको आचारसंहिता पूर्ण रूपमा पालना गर्नुपर्दछ ।

(४) बचत तथा ऋण केन्द्रीय सहकारी संघले सदस्य संघ-संस्थाका लागि समय-समयमा जारी गरिएको मार्ग निर्देशनहरूको पूर्ण रूपमा पालना गर्नुपर्दछ ।

(५) अन्तर्राष्ट्रिय सहकारी महासंघ, विश्वऋण परिषद्, एसियाली ऋण महासंघ, राष्ट्रिय सहकारी महासंघ र बचत ऋण विषयगत केन्द्रीय संघले समय-समयमा जारी गरेका नारा संघ-संस्थाको आन्तरिक प्रकाशनमा समावेश गरी सहकारिता प्रवर्द्धन गर्नुपर्दछ ।

(६) संघ-संस्थाको कार्यालय परिसरमा सहकारीका अन्तर्राष्ट्रिय मूल्य-मान्यता, सहकारी सिद्धान्त र बचत ऋण सहकारी सिद्धान्तहरु देखिने गरी प्रदर्शन गर्नुपर्दछ ।

(७) संघ-संस्थाले आफ्ना समिति, उपसमिति, कर्मचारी र सदस्यहरूलाई सहकारीका अन्तर्राष्ट्रिय मूल्य-मान्यता, सहकारी सिद्धान्त, बचत ऋण सहकारी सिद्धान्तहरु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी सञ्जालबाट जारी मार्ग निर्देशनका बारेमा वर्षमा कम्तीमा पनि एकपटक प्रशिक्षित गर्नुपर्दछ ।

(८) संघ-संस्था आफैंले सहकारीका अन्तर्राष्ट्रिय मूल्य-मान्यता, सहकारी सिद्धान्त र बचत ऋण सहकारी सिद्धान्तहरु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी सञ्जालबाट जारी मार्ग निर्देशनको परिपालना भए/नभएको वार्षिक स्वपरीक्षण गरी सुधारको योजना निर्माण गर्नुपर्दछ ।

(९) सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य-मान्यता, सहकारी सिद्धान्त र बचत ऋण सहकारी सिद्धान्तहरु अनुसूची १ मा रहेको छ ।

## ख) नेतृत्व संरचना, संख्या, प्रतिनिधित्व

सञ्चालक समितिको व्यवसायिकता, कुशल सञ्चालन पद्धती र छिटो छरितो निर्णय एवं संख्यात्मक नभई गुणात्मकता विकास गर्न सञ्चालक समितिको संख्यामा एकरूपता कायम गर्नु आवश्यक देखिएको छ । नेतृत्वमा आउन होडबाजी गर्ने तर पद प्राप्त भईसकेपछि सो पदको गरिमा कायम नगर्ने जटिलताहरू पनि विभिन्न संघसंस्थामा देखिएकोले अभियानको गरिमा कायम राख्न एवं एकरूपता कायम गर्ने प्रयोजनार्थ कानूनले निर्दिष्ट गरेकोमा बाहेक तपसिल बमोजिमको व्यवस्थाहरू विनियम एवं निर्वाचन नीतिमा संशोधन गर्ने ।

**१. प्रारम्भिक संस्थाको हकमा**

क) एक स्थानीय तह कार्यक्षेत्र भएको संस्थाको सञ्चालक समिति बढीमा ९ जनाको कायम गर्ने ।

ख) दुई वा सो भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको सञ्चालक समिति बढीमा ११ जनाको कायम गर्ने

ग) दुई प्रदेश वा सो भन्दा बढी कार्यक्षेत्र भएको संस्थाको सञ्चालक समिति बढीमा १३ जनाको कायम गर्ने ।

घ) माथि बुँदा (क), (ख) र (ग) मा उल्लेख गरिएको संख्या अधिकतम सीमा कायम गरिएकोले सो भन्दा कम कायम भईरहेको संस्थाहरूमा सोही बमोजिम नै कायम गर्ने । नेतृत्वलाई संख्यात्मक बृद्धि नभई गुणात्मक विषय हो भन्ने विषयलाई प्राथमिकतामा राख्ने ।

ङ) सञ्चालक समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सञ्चालक सदस्य बाहेकका पदहरू सिर्जना नगर्ने । बरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्यक्ष, महिला उपाध्यक्ष, सहसचिव, सह कोषाध्यक्ष जस्ता पदहरू सिर्जना नगर्ने एवं भएको भए हटाउने । सञ्चालक समितिमा क्षेत्रगत प्रतिनिधित्व सुनिश्चित गर्ने ।

च) उपाध्यक्ष, सचिव, कोषाध्यक्षमध्ये कम्तीमा १ पदमा महिला पदको सुनिश्चितता हुने गरि विनियममा व्यवस्था गर्ने ।

छ) सञ्चालक समितिको उम्मेदवारी दिन सदस्यता प्राप्त गरेको कम्तीमा १ वर्ष पुरा भएको हुनुपर्ने गरि विनियममा व्यवस्था गर्ने ।

ज) १८ वर्षदेखि ४० वर्षसम्मका सदस्यहरूको संख्या कुल सदस्यको १० प्रतिशत वा सो भन्दा बढी रहेका संस्थामा सञ्चालक समितिमा युवा नेतृत्वको सहभागीता बढाउन कम्तीमा १ पद १८ देखि ४० वर्षभित्रका मात्र रहन सक्ने गरि युवा नेतृत्वको सुनिश्चित गर्ने ।

झ) सञ्चालक समितिको निर्वाचनमा उम्मेद्वारमा आउन चाहने सदस्यहरूले अन्य बचत तथा ऋण सहकारीको सदस्य नभएको हुनुपर्ने गरि विनियममा व्यवस्था गर्ने ।

ञ) सञ्चालक समितिमा निवर्तमान अध्यक्षलाई पदेन सदस्यको रूपमा राख्ने अभ्यास वा विनियममा नै व्यवस्था गरेका संस्थाहरूले सो व्यवस्थालाई खारेज गर्ने । प्रजातान्त्रिक नियन्त्रण प्रणालीमा पदेन हुने व्यवस्था राख्न नहुने ।

ट) संस्थाहरूमा सञ्चालक समिति सदस्यमा आउन उपसिमितिमा हुनैपर्ने बाध्यकारी वा कृत्रिम छेकबार लगाउने अभ्यास भएको भए वा निर्वाचन नीतिमा त्यस प्रकारको व्यवस्था गरिएको भए सो हटाई नेतृत्वमा आउन खुल्ला गर्ने ।

ठ) नेतृत्वमा आउनुपूर्व पूर्व नेतृत्व अभिमुखीकरण गर्न नीति, कार्यक्रम तथा बजेटको व्यवस्था गरि पूर्व नेतृत्व अभिमुखीकरण गर्ने । नेतृत्वमा आउन चाहनेहरूलाई कम्तीमा ३० दिन अगावैको सूचना प्रकाशन गरि पूर्व नेतृत्व अभिमुखीकरणमा सहभागी हुन

प्रोत्साहित गर्ने । संघले तोके बमोजिमको पाठ्यक्रममा आधारित भई कम्तीमा १ दिनको पूर्व नेतृत्व अभिमूखिकरण हरेक वर्ष गर्ने ।

**पूर्व नेतृत्व अभिमुखीकरणमा अनिवार्य समेटिनुपर्ने विषयहरू :**

सहकारी मूल्य-मान्यता, खुलासा, स्वार्थको द्वन्द, कानूनी परिपालना, सञ्चालक समितिको काम कर्तव्य र अधिकार, सञ्चालक समितिमा हुनुपर्ने ज्ञान सीप, आन्तरिक लेखा परीक्षण, स्वेच्छिक सेवाको अर्थ र भाव एवं अर्न्तराष्ट्रिय असल अभ्यासहरू ।

ड) सञ्चालक समितिको निर्वाचनमा उम्मेदवारी दिनुपूर्व संघले निर्माण गरेको फिट एण्ड प्रोपर टेस्टको ढाँचामा उम्मेद्वारहरूको फिट एण्ड प्रोपर टेस्ट गर्नुपर्ने व्यवस्था निर्वाचन नीतिमा नीतिगत व्यवस्था गर्नुपर्ने ।

ढ) हिमाली र उच्च पहाडी जिल्लामा रहेका गाउँपालिका बाहेक अन्य स्थानमा सञ्चालित संस्थाहरूमा सदस्यको सदस्य पहिचान फाराम बमोजिम २५ प्रतिशत भन्दा बढी सदस्यहरू माध्यमिक तह उत्तीर्ण भएको भए सञ्चालकहरूमध्ये सचिव र कोषाध्यक्ष पदमा आउन कम्तीमा माध्यमिक तह उत्तीर्ण भएको हुनुपर्ने गरि नीतिगत व्यवस्था कायम गर्ने ।

ण) संस्थाको विनियमबमोजिम ज्येष्ठ नागरिक मात्र सदस्य बन्न पाउने गरी सञ्चालन भएको बाहेकका बचत तथा ऋण सहकारी संस्थाहरूमा ७५ वर्ष उमेर पुरा भएका सदस्यहरूले सञ्चालक समितिमा उम्मेदवारी दिन नपाउने गरि नीतिगत व्यवस्था गर्ने ।

**जिल्ला बचत संघको हकमा :**

जिल्ला बचत संघको सञ्चालक समिति संख्या बढिमा १५ जना कायम गर्ने ।

**प्रदेश बचत संघको हकमा :**

प्रदेश बचत संघको हकमा बढिमा १७ जनाभन्दा बढी नहुने गरि कायम गर्ने ।

**केन्द्रीय संघको हकमा :**

केन्द्रीय संघको सञ्चालक समितिमा १९ जनाभन्दा बढी नहुने गरि कायम गर्ने ।

## ग. उपसमितिहरूको गठन

१. संस्थाको व्यवसायिक रणनीतिक योजना बमोजिम आवश्यक रहेको उपसमितिहरूमात्र बनाउने ।

२. कुनै पनि उपसमिति ३ देखि ५ जनासम्मको मात्र बनाउने ।

३. उपसमितिहरूलाई अनिवार्य कार्यविवरण दिने ।

४. उपसमितिहरूको वार्षिक कार्य सम्पादन मूल्यांकन सञ्चालक समितिले गर्ने ।

५. उपसमितिहरूको कम्तीमा वार्षिक रूपमा गठन तथा पुर्नगठन गर्ने । पुर्नगठन गर्दा कार्यसम्पादनको मूल्यांकनको आधारमा मात्र पुनः मनोनयन गर्ने अभ्यास गर्ने ।

६. सञ्चालक समितिको अध्यक्ष सञ्चालक समितिको बैठकको अन्तिम मताधिकार भएको व्यक्ति भएकोले कुनै पनि उपसमिति एवं कार्यदलहरूमा नबस्ने ।

## घ. बैठक संस्कार

१. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीहरूको नियमित बैठक बस्ने दिन पहिले नै तोक्ने । प्रारम्भिक संस्थाको सञ्चालक समितिको बैठक हरेक महिनाको शुरूको ७ गतेभित्रमा बसिसक्ने गरि निश्चित गर्ने ।

२. पूर्व निर्धारण नगरिएको बैठकहरू अत्यावश्यक अवस्थामा बाहेक नबस्ने ।

३. कम्तीमा ३ दिन अघि बैठकको प्रस्ताव तथा आवश्यक कागजातहरू उपलब्ध गराउने ।

४. सञ्चालक समितिको बैठकमा आवश्यकता अनुसार व्यवस्थापन प्रमुख बाहेक लेखा सुपरिवेक्षण समिति सदस्यहरू, सल्लाहकारहरू, उपसमिति सदस्यहरूलाई आमन्त्रित गरि बैठक नबस्ने । सञ्चालक समितिको बैठकमा अन्य व्यक्तिहरूको प्रवेश नगराउने । संयुक्त परामर्श बैठक आवश्यक भएमा छुट्टै बैठक बोलाउने । आवश्यक परामर्श लिने दिने तर सोझै सञ्चालक समितिको बैठकमा अन्य सदस्यहरूलाई आमन्त्रित गर्ने अभ्यासहरू हटाउने ।

५. विषयवस्तुहरू केन्द्रित रहेर मात्र बैठकमा आफ्नो भनाई राख्ने । बैठकमा राखिएका प्रस्तावभन्दा बाहिर विषयान्तर नहुने ।

६. बैठकमा भनाई राख्ने क्रम र समय निर्धारण गर्ने । एक पटक कुनै व्यक्तिले भनिसकेको कुरालाई पुनः अर्को व्यक्तिले व्याख्या नगरि नदोहो-याई सोही विचारमा समर्थन जनाएको विषय बताउने ।

७. एक व्यक्ति बोलिरहेको अवस्थामा निजलाई दिईएको समय र भनाई पुरा नभई अर्को सहभागी नबोल्ने ।

८. बैठक समय तोकिएको भन्दा ५ मिनेट अगावै उपस्थित हुने ।

९. बैठक तोकिएको समयमा नै शुरू गरि तोकिएको समयमा समापन गर्ने ।

१०. बैठक कक्षमा मोबाईल पार्किङ स्थल बनाउने । मोबाईललाई साईलेन्स मोडमा राखि पार्किङस्थलमा राख्ने ।

११. निर्णयको माईन्युट तयार गर्दा कुन ऐन, नियम, विनियम एवं मौजुदा कुन नीतिको कुन दफाले दिएको अधिकार प्रयोग गरि निर्णय गरिएको हो सो विषय खुल्ने गरि निर्णयलेखन गर्ने ।

१२. निर्णय लेखिसकेपछि सबैले सुन्ने गरि वाचन गर्ने अभ्यास गर्ने ।

१३. निर्णयसँग सम्बन्धित माईन्युट तयार गरि प्रत्येक पृष्ठमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले प्रमाणीकरण गरिसकेपछि मात्र अध्यक्षले बैठक समापन भएको घोषणा गर्ने ।

**ङ. साधारणसभा :**

१. प्रारम्भिक संस्थाहरूले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा साधारणसभा सम्पन्न गरिसक्ने ।

२. सबै जिल्ला बचत संघहरूले कम्तीमा मंसिर भित्रमा साधारणसभा सम्पन्न गर्ने ।

३. प्रदेश बचत संघ र केन्द्रीय संघले कम्तीमा पौष भित्रमा साधारणसभा सम्पन्न गर्ने ।

४. सबै संघहरूले सकेसम्म सञ्चालक समितिबाट नै संस्थाको प्रतिनिधि पठाउन सदस्य संघसंस्थाहरूलाई पत्राचार गर्ने ।

५. सबै संघहरूको निर्वाचन साधारणसभामा सदस्य संस्थाबाट बहालवाला कर्मचारी प्रतिनिधि पठाएमा निजले सञ्चालक समितिमा उम्मेदवारी दिन नपाउने गरि नीतिगत व्यवस्था गर्ने ।

६. साधारणसभाको कार्यसूचीमा कम्तीमा देहायबमोजिमको विषयहरू अनिवार्य समावेश गर्नुपर्ने ।

क) गत वर्ष .......... को प्रगति प्रतिवेदन सम्बन्धमा ।

ख) गत वर्ष .......... को आर्थिक प्रतिवेदन सम्बन्धमा ।

ग) गत वर्ष .......... को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

घ) गत वर्ष .......... को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।

ङ) आ.व. (वर्तमान) .......... को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

च) आ.व. ................ को प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।

छ) आ.व. ........ को लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।

ज) आन्तरिक नीति तथा कार्यविधिहरू पारित गर्ने सम्बन्धमा ।

झ) सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

ञ) सञ्चालक समितिको पारिश्रमिक तथा सेवा सुविधाहरू सम्बन्धमा ।

ट) सञ्चालक समितिलाई अख्तियारी सम्बन्धमा ।

ठ) साधारणसभाको अन्तिम निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।

***नोटः यस बाहेकका अन्य विषयहरू रहेमा साधारणसभाको कार्यसूचीमा प्रष्ट बुझिने गरी कार्यसूची थप्दै लैजाने तर विविध शिर्षक राखि कार्यसूची नबनाउने ।***

**च) कार्यक्रम सञ्चालनमा एकरूपता सम्बन्धमा** :

१. साधारणसभाबाट स्वीकृत योजना र बजेटको सीमाभित्र रहेर मात्र कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

२. कार्यक्रमहरूको लागि वार्षिक क्यालेण्डर प्रकाशन गरि सदस्यलाई जानकारी गराउनु पर्दछ ।

३. आफूले आयोजना गरेको कार्यक्रममा आफै अतिथिको रूपमा बस्नु हुँदेन ।

४. कार्यक्रममा बोलाउँदा कुन स्थानमा कति बजे शुरू हुने हो र कति समयभित्रमा सकिने हो, सो बारेमा सहभागीहरूलाई कार्यक्रम पूर्व जानकारी गराउनु पर्दछ ।

५. अतिथिहरूलाई निमन्त्रणा गर्दा कार्यक्रम शुरू समय, बोल्ने विषय र समय तोकी पत्राचार गर्ने

६. कार्यक्रम तोकिएको समयमै शुरू गर्नुपर्दछ ।

७. औपचारिक कार्यक्रम देहायको ढाँचामा सञ्चालन गर्नुपर्दछ :

| क्र.सं | क्रियाकलाप | अधिकतम समय |
|---|---|---|
| क) | आसन ग्रहण | ३ मिनेट |
| ख) | स्वागत मन्तव्य बढीमा ५ मिनेट | ५ मिनेट |
| ग) | राष्ट्रिय गान | २ मिनेट |
| घ) | कार्यक्रम उद्घाटन | २ मिनेट |
| ङ) | साकोस गान | ३ मिनेट |

| | | |
|---|---|---|
| च) | प्रमुख वक्ता सहित बढीमा ३ जनाको मन्तव्य - प्रति वक्ता अधिकतम १० मिनेटको दरले | ३० मिनेट |
| | उद्घोषण र प्रविधि संयोजनमा प्रयोग हुने समय | १५ मिनेट |
| | **कुल समय** | **६० मिनेट** |

७. स्थानीय रूपमा उपलब्ध भएमा फूलको गुच्छाले स्वागत गर्नुपर्दछ । कार्यक्रममा स्थानीय उत्पादन बाहेक आयातित खादाहरूको प्रयोगलाई निरूत्साहित गर्नुपर्दछ ।

## छ) सहकारी भ्रमण सिकाई उपलब्धि

१. सहकारी भ्रमण कार्यविधि बनाई साधारणसभाबाट स्वीकृत गराउनु पर्दछ ।

२. सहकारी भ्रमण गर्दा सहकारीका असल अभ्यासहरू सिक्ने विषयलाई प्राथमिकतामा राख्नुपर्दछ ।

३. सहकारी भ्रमणमा सहभागी हुनको लागि प्राथमिकताक्रमका आधारहरू सदस्यलाई पूर्व जानकारी गराउनुपर्दछ ।

४. सहकारी भ्रमणको खर्चमा सदस्यहरूको आंशिक वा पूर्ण लागत सहभागीता गराई सिकाई एवं भ्रमणलाई स्वामित्व एवं उपलब्धिमूलक बनाउनु पर्दछ ।

५. कुनै धार्मिक एवं प्राकृतिक स्थलहरूको भ्रमणमा लाग्ने खर्च सम्बन्धित भ्रमण सदस्यको व्ययभारमा पारिएको हुनुपर्दछ ।

६. सहकारी संस्थाको सहजीकरणमा प्राकृतिक एवं धार्मिक भ्रमण आयोजना गरिएको भएमा सम्पूर्ण खर्चहरू भ्रमणमा संलग्न सदस्यहरूबाट गराउनुपर्दछ ।

७. सहकारी संस्थाको भ्रमणलाई मद्यपान र धुम्रपान रहित बनाउनुपर्दछ ।

८. सहकारी भ्रमणमा जाँदा सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई सबै सदस्यलाई अभिमुखीकरण गर्नुपर्दछ । लैंगिक हिंसा, आपत्तिजनक अभिव्यक्तिहरूमा शून्य सहनशिलता पालना गर्नुपर्दछ ।

९. भ्रमण गएपश्चात सो को सिकाईको उपलब्धि सहित कुल लागत खर्च, संस्थाको व्ययभार एवं सदस्यको व्ययभारको आम्दानी खर्चको हिसाब पारदर्शी रूपमा देखिने गरि सदस्यहरूको जानकारीको लागि उपलब्ध गराउनुपर्दछ ।

## ज) सहकारीकर्मीहरूको व्यक्तिगत एवं पारिवारिक जीवनशैली

१. सहकारीकर्मीहरूले सादा जीवनयापनमा जोड दिनुपर्दछ ।

२. सार्वजनिक कार्यक्रमहरूमा उपस्थित हुँदा सुहाउँदो औपचारिक पोशाक लगाएर मात्र

उपस्थित हुनुपर्दछ ।

३. सदस्यहरूलाई आफूले पहिले अभिवादन गर्ने संस्कारको विकास गर्नुपर्दछ ।

४. सामाजिक रितिरिवाज भड्किलो गरि मनाउनुहुँदैन ।

५. जुवा, तास, मद्यपान र धुम्रपानलाई त्याग गर्नुपर्दछ ।

६. आयातित खानेकुराहरू भन्दा घरायसी एवं स्थानीय उत्पादनलाई उपभोगमा बढी जोड दिनुपर्दछ ।

७. मितव्ययिताको बानी अनुसरण गर्नुपर्दछ ।

८. हरेक सहकारीकर्मीहरूले सम्भव भएसम्म बिहान योगाध्यान, शारीरिक व्यायामलाई प्राथमिकतामा राखि स्वस्थ्य जीवनशैलीको उदाहरणीय व्यक्तित्वको रूपमा विकास गर्नुपर्दछ ।

९. सहकारीकर्मीहरू समय दिएको स्थानमा तोकिएकै समयमा पुग्नु पर्दछ ।

### झ) सामाजिक सञ्जालको उपयोग सम्बन्धमा

१. संस्थाले सामाजिक सञ्जालको लागि आधिकारिक नम्बर र ईमेल प्रयोग गरेर खोलिएको हुनुपर्दछ ।

२. साकोसले सामाजिक सञ्जालको प्रयोगसम्बन्धी आचारसंहिता बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३. साकोसको आधिकारिक सूचना पेजहरूको प्रयोग व्यक्तिगत सूचना, जानकारी एवम् धारणा राख्न नभई संस्थागत सूचनाहरू प्रकाशन र सञ्चार गर्नको लागि मात्र प्रयोग गरिनुपर्दछ ।

४. सामाजिक सञ्जाल प्रयोगकर्ताले सामाजिक सञ्जालमा देखिन सक्ने जोखिमहरू पासवर्डको दुरूपयोग, विना अनुमति कुनै पनि सन्देशहरू ट्याग गर्न नदिने किसिमको बनाउनुपर्दछ ।

५. साकोसकर्मीहरूले सामाजिक सञ्जालको प्रयोगमा सदस्यहरूलाई जानकारी दिन प्रकाशन गरिएको सूचनाहरू शेयर गर्नुपर्दछ । कुनै पनि सूचना प्रकाशन गर्दा "सदस्यहरूमा जानकारीको लागि मात्र" वाक्याशं अनिवार्य उल्लेख गर्नुपर्दछ ।

७. सामाजिक सञ्जालमा सकरात्मक विषयहरूमा लाईक र कमेन्ट गर्ने अभ्यास गर्नुपर्दछ ।

८. संघ र संस्थाका सूचनाहरूलाई लाईक एवं शेयर गर्ने अभ्यास गर्नुपर्दछ ।

९. सामाजिक सञ्जालमा अपुष्ट भएका एवं ट्रायल न्यूजको रूपमा कुनै विषय पोष्ट गर्ने, कमेन्ट गर्ने, अनर्थ लाग्ने गरि कुनै वाक्याशं वा सम्वादलाई मात्र लिएर पोष्ट गर्ने

गर्नुहुँदैन ।

१०. कुनै संघ संस्थासँगको गुनासो भएमा त्यससँग सम्बन्धित पक्षमा गुनासो तथा सुझाव राख्नुपर्दछ । सामाजिक सञ्जालमा अतिरञ्जित गर्ने कार्य गर्नुहुँदैन ।

११. नीति, विधि बाहिर रहेर सहकारी सञ्चालन गर्ने र बदनाम भएकाहरूको समाचारहरू पोष्ट, लाईक र शेयर गर्नुहुँदैन ।

## ञ) संस्थागत सम्पत्तिहरूको प्रयोग

१. सवारी साधन लगायत संस्थागत सम्पत्तिहरू संस्थागत प्रयोजनबाहेक अन्य व्यक्तिगत प्रयोजनमा लगाउनुहुँदैन ।

२. सवारी साधनको प्रयोग गर्दा अनिवार्य लगबुक भरिएको हुनुपर्दछ । सो साधन संस्थागत हितको लागि नै प्रयोग भएको हो भन्ने यकिन हुने तथ्यहरू समावेश गरि सवारी साधनमा हुने खर्चको औचित्यतता पुष्टि हुने गरि विवरण अद्यावधिक गराउनुपर्दछ ।

३. संस्थाको अन्य भौतिक सामाग्रीहरू व्यक्तिगत प्रयोजनका लागि कार्यालय बाहिर ओसार पसार गर्ने कार्यहरू गर्नुहुँदैन ।

## ट) सञ्चालक समितिको अवैतनिक अभ्यासमा एकरूपता

१. सञ्चालक समितिको बैठक भत्ता १ अर्बभन्दा माथि वासलात भएमा नेपाल सरकारको सांसदको आधारभूत तलब सुविधाको १ दिनको बराबरले हुने गरि भन्दा बढी कायम गर्नु हुँदैन ।

२. १ अर्बभन्दा कम वासलात भएको संस्थामा सञ्चालक समितिको बैठक भत्ता प्रति बैठक रू. १ हजार ५ सय भन्दा बढी नहुने गरि कायम गर्नुपर्दछ ।

३. बैठक बाहेकको अन्य क्रियाकलाप वा कार्यमा सहभागीता हुँदा यातायातको वास्तविक खर्च र तोकिएको दैनिक भ्रमण भत्ता भन्दा बढी सुविधा लिनु हुँदैन ।

४. स्वंमसेवीहरूले लिने बैठक भत्ता, सञ्चार खर्च लगायतका सबै किसिमका खर्चहरू साधारणसभाबाट स्वीकृत भएपश्चात मात्र लिनुपर्दछ । साधारणसभामा सञ्चालकको सेवा सुविधाको बारेमा छुट्टै विषयगत एजेण्डा समावेश गरी स्वीकृत गरिएको हुनु पर्दछ ।

५. बैठक भत्ता बाहेक उपभोगमा आधारित अन्य सम्पूर्ण सुविधाहरू तेश्रो पक्ष भुक्तान हुने गरि बिलको आधारमा मात्र गर्नुपर्दछ । तर साधारणसभाबाट स्वीकृत सीमा अनुरूपको दैनिक भ्रमण भत्ताको हकमा तेस्रो पक्ष भुक्तानी आवश्यक पर्ने छैन ।


## २. सहकारीको क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड) २०७६

(१) नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड) २०७६ अनुसार लेखा नीति निर्माण गरी लेखा अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

(२) संघ-संस्थाको लेखा अभिलेख राख्दा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको लेखा संकेत नं. र लेखा शीर्षकहरु रहने गरी आ-आफ्नो सफ्टवेयर प्रणालीमा समेत समायोजन गर्नुपर्दछ ।

(३) वार्षिक वित्तीय प्रतिवेदनहरू अनुसूची २, ३ र ४ बमोजिमको ढाँचामा तयार गर्नुपर्दछ ।

## ३. Nepal Financial Reporting Standards कार्यान्वयन :


नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref No.

**Nepal Accounting Standards for Not for Profit Organization (NAS for NPOs) 2018 र Nepal Accounting Standards for Micro Entities (NAS for MEs) 2018 लागू गर्ने सम्बन्धमा ।**

नेपाल लेखामान बोर्डले तयार गरेको Nepal Accounting Standards for Not for Profit Organization (NAS for NPOs) 2018 र Nepal Accounting Standards for Micro Entities (NAS for MEs) 2018 नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा ११(ड) अनुसार परिषद्ले मिति २०७६ श्रावण १ देखि स्वेच्छिक रुपमा र मिति २०७७ श्रावण १ गते देखि अनिवार्य रुपमा लागू गर्ने निर्णय गरेकोले सोही अनुसार गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको मिति २०७८/०४/१० को सूचनाअनुसार Nepal Financial Reporting Standards for small and medium- Sized entities (NFRS for SMEs), / Nepal Accounting Standards for Micro Entities (NAS for MEs) लेखा प्रतिवेदन ढाँचा कार्यान्वयन गर्नुपर्नेमा कोभिड १९ का कारण २०८० आषाढ मसान्तसम्म स्वैच्छिक र २०८० श्रावण १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्नुपर्ने भएकोले सोहीबमोजिम हुने गरी व्यवस्थापन गर्ने ।

| मापदण्ड | Full NFRS | NFRS For SMEs | NAS FoR MEs |
|---|---|---|---|
| बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण | रू. ५० करोड वा सो भन्दा माथी | रू. ५ करोड देखि ५० करोड सम्म | रू. ५ करोड भन्दा कम |
| कुल वासलात | रू. १०० करोड वा सो भन्दा माथि | रू. १० देखि १०० करोड सम्म | रू. १० करोड भन्दा कम |

| | | | |
|---|---|---|---|
| दायित्व (Assets Held in Fiduciary Capacity) | रू. ५० करोड वा सो भन्दा माथि | रू. ५ देखि ५० करोड सम्म | रू. ५ करोड भन्दा कम |
| कर्मचारीहरू | ३०० भन्दा माथि | | |
| वार्षिक कारोबार | रू. १०० करोड वा सो भन्दा माथि | रू. १० देखि १०० करोड सम्म | रू. १० करोड भन्दा कम |

**नोट : माथि उल्लेखित कुनै पनि मापदण्ड लगातार दुई आर्थिक वर्षसम्म पुगेका साकोसहरूले सोही मापदण्डअनुसारको *NFRS* लागु गर्नुपर्नेछ ।**

(२) लगातार २ वर्षदेखि रू. ५० करोडभन्दा माथि बचत संकलन तथा ऋण परिचालन गर्ने सदस्य संघ-संस्थाहरूले नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयन गर्नुपर्दछ ।

(३) नेपाल वित्तीय प्रतिवेदनमान प्रभावकारी कार्यान्वयनका लागि कार्यरत मानव संसाधनलाई आवश्यक तालिम, लेखा सुपरिवेक्षण समिति र सञ्चालक समितिलाई अभिमुखीकरण गर्नुपर्दछ ।

## ४. सम्पत्ति शुद्धीकरण निवारण :

नेपाल सरकार, सहकारी विभागले जारी गरेको सहकारी सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ-संस्थालाई जारी गरेको निर्देशन, २०७४ (संशोधन समेत २०७९।२।२३) का आधारमा तपसिलका क्रियाकलापहरु नियमित रूपमा सम्पादन गर्नुपर्दछ :

(१) सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयनका लागि आन्तरिक कार्यविधि विकास र वार्षिकरूपमा अद्यावधिक गरी कार्यान्वयन गर्ने ।

(२) सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्य गर्नका लागि व्यवस्थापनबाट एक जनालाई कार्यान्वयन अधिकारी तोकी उक्त कार्यको जिम्मेवारी लिखित रूपमा प्रदान गर्ने र सोको जानकारी सहकारी विभाग र वित्तीय जानकारी इकाईमा पठाउने ।

(३) उच्च जोखिम सदस्यहरूको वार्षिक, मध्यम जोखिम सदस्यहरूको दुई वर्षमा एक पटक र न्यून जोखिम भएका सदस्यहरूको तीन वर्षमा एकपटक तोकिएको सदस्य पहिचान फाराममार्फत पहिचान गर्ने, सोको सम्पुष्टि हुने कागजातसमेत अद्यावधिक गर्ने ।

(४) सदस्य पहिचान फारम तथा अन्य सूचनाको माध्यमबाट सदस्यहरूको जोखिम वर्गीकरण गरी विवरण अद्यावधिक गराई राख्ने ।

(५) नेपाल राष्ट्र बैंकले तोकेको सीमा कारोबारभन्दा माथिका कारोबारको प्रतिवेदन कारोबार सम्पन्न भएको १५ दिनभित्र तोकिएको ढाँचामा सम्बन्धित निकाय (वित्तीय जानकारी इकाई) मा दाखिला गर्ने ।

(६) शंकास्पद कारोबारको प्रतिवेदन कारोबार सम्पन्न भएको ३ दिनभित्र तोकिएको ढाँचामा सम्बन्धित निकाय (वित्तीय जानकारी इकाई) मा दाखिला गर्ने ।

(७) सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ-संस्थालाई जारी गरेको निर्देशन, २०७४ (संशोधन समेत) मा तोकिएबमोजिम चौमासिक प्रतिवेदन महिना समाप्त भएको ७ दिनभित्र नियामक निकाय र नेफ्स्कूनमा दाखिला गर्ने ।

(८) ५ करोडभन्दा माथिको कुल सम्पत्ति भएका संघ-संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कागजातहरु अग्निकवच (फायर प्रुफ) दराजमा कम्तीमा ५ वर्षसम्म सुरक्षित रूपमा राख्ने ।

(९) सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्था कार्यान्वयनलाई व्यवस्थित गर्नका लागि सदस्य, सञ्चालक समिति र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।

(१०) सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी भए गरेका काम-कारबाही सञ्चालक समितिमा कम्तीमा अर्धवार्षिक रूपमा समीक्षा गर्ने ।

(११) सहकारी ऐन, २०७४ को दफा ३० अनुसार संस्थागत सदस्यहरूको सदस्य पहिचान फारम अद्यावधिक गर्दा खाता सञ्चालनकर्ताहरूको समेत अलग-अलग व्यक्तिगत पहिचान फारम अद्यावधिक गर्ने ।

(१२) १० करोडभन्दा धेरै बचत तथा पुँजी भएका सदस्य संघ-संस्थाले नेपाल सरकार, सहकारी विभागको मिति २०८०/०४/२२ को सूचनाअनुसार सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी TTR/STR प्रतिवेदन goAML Software System मार्फत नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई (FIU) मा पठाउने ।

(१३) रू. १० करोडभन्दा बढी बचत तथा पुँजी परिचालन गर्ने, सदस्य संघ-संस्थाहरूले संस्थाको नाम, ठेगाना, दर्ता नं. र कारोबार रकमको विवरणसहितको सूची सहकारी विभाग र वित्तीय जानकारी इकाई (FIU) मा पठाउने ।

(१४) नेपाल सरकार, गृह मन्त्रालयद्वारा जारी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी रणनीति तथा कार्ययोजनामा प्रतिबन्धित व्यक्ति वा समूह सम्बन्धित व्यक्तिलाई सदस्य नबनाउने, कारोबार नगर्ने यदि सदस्य भएमा तुरून्त सदस्यता खारेज गरी सम्पत्ति शुद्धीकरण ऐनअनुसार कार्यान्वयन गर्ने ।

(१५) संस्थाले वास्तविक धनिको पहिचान गर्नुपर्ने । (वास्तविक धनि भन्नाले सदस्य कारोबार, सम्पत्ति, कानूनी व्यक्ति वा कानूनी प्रबन्ध उपर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व

हुन, नियन्त्रण राख्न, निर्देशन दिन वा प्रभाव पर्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रूपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।)

१६. संस्थाले सदस्यको पहिचान तथा संपुष्टि सम्पन्न गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा विद्यमान सदस्यहरूको जोखिम मूल्याङकन तथा पहिचान गरी जोखिमको निर्धारण उच्च, मध्यम र न्यून स्तरमा वर्गीकरण गर्नुपर्ने यसरी जोखिम व्यवस्थापन गर्दा जोखिम सापेक्ष भए नभएको एकिन गरी जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नेछ र यस्तो अद्यावधिक प्रतिवेदनको एक प्रति आफ्नो नियमनकारी निकाय र विभागमा प्रत्येक वर्ष श्रावण मसान्त भित्र अनिवार्य रूपमा पठाई सक्नुपर्ने ।

(१७) संघहरूले संस्थालाई सदस्यता दिंदा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन २०७९।२।२३) को अनुसूची ३ बमोजिमको जोखिम मूल्याङ्कन प्रतिवेदन लिनुपर्दछ ।

(१८) संस्थाले प्रमाणबाट चित्त बुझ्दो आधार प्राप्त भएकोमा बाहेक देहायको कारोबारलाई असामान्य कारोबार मान्नु पर्नेछ र जोखिम निर्धारणमा उच्च जोखिम स्तरमा राख्नु पर्नेछ ।

क) एकैपटक वा पटक पटक गरी वार्षिक रू. ३० लाख भन्दा बढीको बचत जम्मा वा कर्जा भुक्तानी,

ख) एकैपटक वा पटक पटक गरी वार्षिक रू. ३० लाख भन्दा बढीको विप्रेषण (रेमिट्यान्स) वा रकम स्थानन्तरण (मनि ट्रान्सफर)

ग) एकैपटक वा पटक पटक गरी वार्षिक रू. ३० लाख भन्दा बढीको शेयर खरिद,

घ) सीमा कारोबार प्रतिवेदन छल्ने मनसायले हुने कारोबार ।

(१९) संस्थाले कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत शंकास्पद प्रतिवेदन दिनु पर्नेछ ।

## ५. बाह्य लेखा परीक्षण तथा कर भुक्तानी :

(१) बाह्य लेखा परीक्षक नियुक्ति गर्दा सञ्चालक समिति र व्यवस्थापनसँग सम्बन्धित बाहेकको व्यक्तिबाट छनौट गर्नुपर्दछ । यसरी छनौट गर्दा संघ-संस्थासँग स्वार्थ बाझिएको व्यक्ति वा फर्म हुनुहुँदैन ।

(२) संस्थाको आर्थिक प्रशासनिक आन्तरिक कार्यविधिबमोजिम साधारणसभाबाट १ जना

लेखा परीक्षकको नियुक्ति गरी बाँकी २ जना लेखा परीक्षकको नाम प्राथमिकताको आधारमा बैकल्पिक सूचीसमेत निर्णय गराउनुपर्दछ र लेखा परीक्षकको पारिश्रमिक निर्धारणसमेत सोही साधारणसभाभाबाट स्वीकृत गराई लेखा परीक्षण गर्नुपर्दछ ।

(३) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बाह्य लेखापरीक्षण अघिल्लो साधारणसभाभाले तोकिदिएको बाह्य लेखा परीक्षकबाट सम्पन्न गर्नुपर्दछ ।

(४) बाह्य लेखा परीक्षण प्रतिवेदनमा पर्ल्स प्रतिवेदन, लामो फारम (लङ फर्म) र सदस्यको सहभागीताको स्तर (संस्थापकीय सरोकार, सञ्चालकीय सक्रियता र संरक्षकीय सम्बन्धन) सूचकहरूको गणना गरी समावेश गर्नुपर्दछ ।

(५) बाह्य लेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन सञ्चालक समितिमा अनिवार्य छलफल गराउनुपर्नेछ ।

(६) एउटै लेखा परीक्षकबाट बाह्य लेखा परीक्षण लगातार तीन पटकभन्दा बढी नगराउने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

(७) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति सदस्यहरु एवं सम्पूर्ण कर्मचारीहरूले अनिवार्य पान नम्बर लिनुपर्दछ ।

(८) कुनै पनि व्यक्तिलाई ज्याला भुक्तानी गर्दा रू. ३,०००।– भन्दा बढी भए अनिवार्य पान नम्बरको प्रतिलिपि लिनुपर्दछ ।

(९) स्रोतमा कर कट्टी गर्नुपर्ने भुक्तानीहरु :–

| शीर्षकहरु | करको दर (प्रतिशत) |
|---|---|
| सदस्य (प्राकृतिक व्यक्ति) लाई ब्याज भुक्तानीमा (गाउँपालिकामा प्रतिसदस्य वार्षिक रू. २५,०००।– भन्दा बढी ब्याज भुक्तानी गर्दा भुक्तानी भएको सम्पूर्ण रकममा) | ६ |
| संस्थागत सदस्यलाई ब्याज भुक्तानीमा | १५ |
| सेयर लाभांश वितरणमा | ५ |
| संरक्षित पुँजी फिर्ता कोष वितरणमा | ५ |
| बहाल कर | स्थानीय तहले तोकेबमोजिम |
| स्थानीय तहमा दर्ता भएमा वार्षिक नवीकरण | स्थानीय तहले तोकेबमोजिम |
| नगद पुरस्कारमा | २५ |
| सम्पत्ति कर (घरजग्गा, सवारी साधनलगायत स्थिर सम्पत्ति) | स्थानीय तहले तोकेबमोजिम (वार्षिक) |

| | |
|---|---|
| बैठक भत्ता नगद भुक्तानीमा | १५ |
| अग्रीम आयकर (गाउँपालिकाबाहेकका स्थानीय तहमा रहेका बचत तथा ऋण संस्थाहरूले)<br><br>(आयकरको दर महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा क्रमश : २०, १५ र १० प्रतिशतको दरले गणना गर्नुपर्दछ ।) आर्थिक विद्येयक २०८० अनुसार | पहिलो किस्ता पुस मसान्तसम्म अनुमानित करको ४० प्रतिशत रकममध्ये तिर्न बाँकी रकम, दोस्रो किस्ता चैत मसान्तसम्म अनुमानित करको ७० प्रतिशत रकममध्ये तिर्न बाँकी रकम र तेश्रो वा अन्तिम किस्ता असार मसान्तसम्म अनुमानित करको शतप्रतिशत रकममध्ये तिर्न बाँकी रकम सम्बन्धित कर कार्यालयमा दाखिला गर्नुपर्छ । |

(१०) स्रोतमा कट्टी गरिएको कर रकम अर्को महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गरिसक्नुपर्छ र कर बुझाएको सबै विवरण कर कार्यालयमा ई-फाइलिङ गर्नुपर्दछ ।

(११) सामाजिक सुरक्षा कोषमा योगदान गर्ने सदस्य संघ-संस्थाका कर्मचारीहरूले छुट्टै सामाजिक सुरक्षा कर भुक्तान गर्नुपर्दैन ।

(१२) सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कर्मचारीहरूले पाँच लाख रूपैयाँ वा निजको आयको एक तिहाइमध्ये जुन घटी हुन्छ, सो रकमसम्म करयोग्य आयबाट घटाउन सकिनेछ ।

(१३) आयकर ऐन, २०५८ बमोजिम स्थिर सम्पत्तिको किताबी मूल्यको ७ प्रतिशतसम्म मर्मत खर्चको रूपमा लेखा राख्न सकिनेछ । सो सीमाभन्दा धेरै भएमा सम्पत्तिको किताबी मूल्यमा समायोजन गर्नुपर्दछ ।

(१४) आयकर ऐन, २०५८ बमोजिम ह्रास खर्च गर्दा स्थिर सम्पत्तिलाई पाँच समूहमा वर्गीकरण गरी तपसिलबमोजिम गणना गर्नुपर्दछ ।

| क्र.स | वर्गीकरण | सम्पत्तिको विवरण | ह्रासकट्टी दर |
|---|---|---|---|
| १. | क | भवन, स्ट्रक्चर र स्थायी प्रकृतिका यस्तै प्रकारका अन्य बनोटहरू | ५ प्रतिशत |
| २. | ख | कम्प्युटर, तथ्यांक केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरू । | २५ प्रतिशत |
| ३. | ग | अटोमोबाइल्स, बस तथा मिनीबसहरू । | २० प्रतिशत |
| ४. | घ | निर्माण तथा उत्खनन्सम्बन्धी उपकरण । | १५ प्रतिशत |
| ५. | ङ | अभौतिक (अदृश्य) सम्पत्ति सामानहरू | खरिद लागतलाई प्रयोग अवधिले भाग गरी निकटतम आधा वर्षमा मिलान गरी हुन आउने दर प्रतिशतमा |

नोट : आयकर ऐन २०५८ को दफा १९ अनुसार सहकारी संस्थाहरूले तोकिएको दरको अतिरिक्त थप एक तिहाईसम्म ह्रासकट्टी गर्न पाउनेछन् ।

(१५) आयकर ऐन, २०५८ बमोजिम कुल ऋण लगानीको ५ प्रतिशतसम्म हुन आउने रकम बराबर भाखा नाघेको ऋणलाई जोखिम खर्च लेख्दा सो रकममा आयकर लाग्ने छैन ।

(१६) पारिश्रमिक कर

**प्राकृतिक व्यक्तिको लागि लागु हुने करको दर**
**आय वर्ष २०८०/८१ को लागि**

| क्र.सं | पारिवारिक छनौट तथा आयको सीमा | | करको दर | लाग्ने कर रकम | |
|---|---|---|---|---|---|
| | एकल | दम्पत्ति | | एकल | दम्पत्ति |
| १. | रु. पाँच लाख सम्मको करयोग्य आयमा | रु. छ लाख सम्मको करयोग्य आयमा | १ % | ५,०००/ | ६,०००/ |
| २. | रु. पाँच लाखभन्दा बढी रु. सात लाखसम्मको करयोग्य आयामा | रु. छ लाखभन्दा बढी रु. आठ लाखसम्मको करयोग्य आयमा | १० % | २०,०००/ | २०,०००/ |
| ३. | रु. सात लाखभन्दा बढी दश लाख सम्मको करयोग्य आयमा | रु. आठ लाख भन्दा बढी एघार लाख सम्मको करयोग्य आयमा | २० % | ६०,०००/ | ६०,०००/ |
| ४. | रु. दश लाख भन्दा बढी रु. बीस लाख सम्मको करयोग्य आयमा | रु. एघार लाख भन्दा बढी बीस लाख सम्मको करयोग्य आयमा | ३० % | ३,००,०००/ | २,७०,०००/ |
| ५. | रु. बीस लाखभन्दा बढी रु. पचास लाख सम्मको करयोग्य आयमा | रु. बीस लाख भन्दा बढी रु. ५० लाखसम्मको आयमा | ३६ % | ३,६०,०००/ | ३,६०,०००/ |
| ६. | रु. पचास लाखभन्दा माथि जतिसुकै करयोग्य आय भएमा (मानौं कुल आय रु. ६० लाख रहेछ भने ) | रु. पचास लाखभन्दा माथि जतिसुकै करयोग्य आय भएमा (मानौं कुल आय रु. ६० लाख रहेछ भने ) | ३९ % | ३,९०,०००/ | ३,९०,०००/ |
| | वार्षिक रु. साठी लाख आय हुनेले तिर्नुपर्ने | | | ११,३५,०००/ | ११,०६,०००/ |

*एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृतभरण बापतको आय, निवृतभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा एक प्रतिशतको कर लाग्ने छैन।

**५. लगानी बीमामा छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने त्यस्तो बीमा **बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा चालीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम** करयोग्य आयबाट घटाउन पाउने।

**६. स्वास्थ्य बीमा बापत तिरेको प्रिमियमः**

बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने **त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने।**

**७. आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा बापत तिरेको प्रिमियमः**

बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने **त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट** घटाउन पाउने।

**८. पारिश्रमिक आय मात्र हुने महिलालाई लाग्ने करमा छुट**

कुनै बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ।

९. स्वीकृत औषधी उपचार खर्च बापत बिल बमोजिमको वास्तविक खर्च रकमको **१५ प्रतिशत** वा **सात सय पचास रुपैंयामा जुन घटी हुन्छ** उक्त रकम कर मिलान गर्न सकिने।

<u>**प्राकृतिक व्यक्तिको आयमा समावेश नहुने रकम वा खर्चमा छुट हुने रकमः**</u>

**१. अवकाश योगदानको रकम**

कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा **तीन लाख रुपैयाँ वा निजको निर्धारण योग्य आयको एक तिहाई**मा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो कर योग्य आयबाट घटाउन सक्नेछ ।

तर योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले सो कोषमा योगदान गर्दा **पाँच लाख रुपैयाँ वा निजको निर्धारण योग्य आयको एक तिहाई**मा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो कर योग्य आयबाट घटाउन सक्नेछ ।

२. **दुर्गम भत्ता सुविधाः**

दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको करयोग्य आयबाट घटाउन पाउने रकमः-

**क" वर्गका क्षेत्रमा रू.५०,०००/- (पचास हजार)**

**"ख" वर्गका क्षेत्रमा रू.४०,०००/- (चालीस हजार)**

**"ग" वर्गका क्षेत्रमा रू.३०,०००/- (तीस हजार)**

**"घ" वर्गका क्षेत्रमा रू.२०,०००/- (बीस हजार)**

**"ङ" वर्गका क्षेत्रमा रू.१०,०००/- (दश हजार)**

३. **निवृत्तभरण आय भएको व्यक्तिले पाउने छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने त्यस्तो व्यक्तिले करयोग्य आयबाट निजले छुट पाउने सीमामा **पच्चीस प्रतिशत रकम घटाउन** पाउने।

४. **अपाङ्ग व्यक्तिले पाउने छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो व्यक्तिले करयोग्य आयबाट निजले छुट पाउने सीमामा थप **पचास प्रतिशत थप रकम** घटाउन पाउने।

## ६. व्यवस्थापन, पारिश्रमिक तथा श्रम अडिटः

(१) संघ संस्थामा मानव संसाधन व्यवस्थापन नीति बनाई व्यवस्थापन संरचना स्पष्ट रूपमा तोकिनुपर्दछ ।

(२) व्यवस्थापन कार्यभार गणना गर्दा प्रति कर्मचारी सक्रिय खाता कम्तीमा पाँच सय र प्रति कर्मचारी शुद्ध ऋण लगानी कम्तीमा दुई करोड पचास लाख पुगेको सुनिश्चित गर्ने ।

(३) श्रम ऐन, २०७४ बमोजिम तोकिएको न्यूनतम पारिश्रमिक तोकिएकै मितिबाट स्वचालित रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

(४) बजार प्रतिनिधि/समूह परिचालक/कामको आकारको आधारमा प्रोत्साहनमूलक तलब प्राप्त गर्ने कर्मचारीहरूको हकमा त्यस्तो प्रोत्साहनमूलक तलब उसले पाउने कुल तलबको एक तिहाइ भन्दा कम हुनुपर्नेछ । तर कर्मचारीले पाउने कुल तलबमान भने न्यूनतम पारिश्रमिकभन्दा कम हुनुपर्दछ ।

(५) सामाजिक सुरक्षा कोषमा योगदान पठाउँदा बुँदा नं. २ मा उल्लेख गरिएको नियमित प्रोत्साहन रकमसमेत तलबको रूपमा गणना गरी पठाउनुपर्नेछ ।

(६) श्रम ऐन, २०७४ को दफा १०० ले व्यवस्था गरेबमोजिम संघ-संस्थाहरूले वार्षिक रूपमा नियमावली, २०७५ ले तोकेको ढाँचामा श्रम अडिट गरी गराई पौष मसान्तभित्र प्रतिवेदन सम्बन्धित श्रम कार्यालयका निरीक्षक र नियामक निकायसमक्ष पेश गर्नुपर्दछ ।

(७) सहकारी संघ-संस्थाहरूले सम्पूर्ण कर्मचारीहरूको सीप एवं दक्षता विकासका लागि सो वर्षमा कर्मचारीहरूको लागि छुट्याईएको वार्षिक कुल तलब भत्ता सुविधाको कम्तीमा ३ प्रतिशतले हुने रकम बराबर तालिम शिक्षाको लागि तलब भत्ता सुविधा बाहेक अतिरिक्त बजेटको व्यवस्था गर्नुपर्दछ । सो रकम कर्मचारी कै सीप विकासका लागि तालिम शिक्षामा खर्च भएको सुनिश्चित गर्नुपर्दछ ।

### *श्रम ऐन, २०७४ बमोजिम दिनुपर्ने न्यूनतम सुविधाहरू*

*१. श्रमिकको परीक्षणकाल बढीमा ६ महिनासम्म रहने गरि गर्न सकिनेछ ।*

*२. एक वर्षको सेवा अवधि पुरा गरेका श्रमिकले मासिक रूपमा पाउने आधारभूत पारिश्रमिकको कम्तीमा आधा दिनको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष वार्षिक तलब बृद्धि (ग्रेड) पाउनेछन् ।*

*३. एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउने । सेवा अवधि १ वर्ष पुरा नगरेका श्रमिकले निजले गरेको सेवा अवधिको अनुपातमा चाडपर्व खर्च पाउने ।*

| *सुविधाहरू* |
|---|
| *१. बिदा सम्बन्धी व्यवस्था* |
| *क) घर बिदा - वार्षिक बीस दिनको एक दिनको दरले पारिश्रमिक सहितको घर बिदा । ३६०/२०=१८ दिन* |
| *ख) बिरामी बिदा - मासिक १ दिनको दरले पारिश्रमिक सहितको बिदा कुल १२ दिन* |

| |
|---|
| ग) प्रसुती बिदा - कुल १४ हप्ताको प्रसुती बिदा पाउने ।<br><br>• प्रसुति हुने सम्भावित मितिभन्दा दुई हप्ता अघिदेखि प्रसुती भएको कम्तीमा ६ हप्तासम्म अनिवार्य बिदा बस्नुपर्नेछ । साठ्ठी दिनको पुरा पारिश्रमिक दिनुपर्ने (सामाजिक सुरक्षा कोषमा गएको हकमा ६० दिनको आधारभूत तलब सामाजिक सुरक्षा कोषले ब्यहोर्दछ । )<br>• सात महिना वा सो भन्दा बढी गर्भ रहेको महिला श्रमिकको शिशु मृत जन्मिएमा वा गर्तपतन भएमा प्रसुति भए सरह बिदा पाउने ।<br>• कुनै पुरूष श्रमिकको श्रीमती सुत्केरी हुने भएमा निजले पारिश्रमिक सहितको १५ दिन प्रसुति स्याहार बिदा पाउनेछ । |
| घ) कुल धर्म अनुसार श्रमिक आफै किरिया बस्नुपर्ने रहेछ भने तेह्र दिनसम्मको पारिश्रमिक सहितको किरिया बिदा पाउने । |
| ङ) श्रमिकले घर बिदा नब्बे दिनसम्म र बिरामी बिदा पैंतालीस दिनसम्म सञ्चित गर्न सक्ने । यसरी सञ्चित भएको बिदाको निजको आधारभूत पारिश्रमिकको दरले हुन आउने रकम पाउनेछ । |
| २. सञ्चयकोष, उपदानकोष सम्बन्धी व्यवस्था |
| क) रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकबाट दश प्रतिशत कट्टा गरी सोही बराबरले हुने रकम थप गरि स्विकृत प्राप्त अवकाश कोषमा सञ्चयकोष बापतको रकम श्रमिकको नाममा जम्मा गरिदिनुपर्दछ । |
| ख) रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकको मासिक ८.३३ प्रतिशतका दरले (जुन वार्षिक एक महिनाको आधारभूत तलब बराबर हुन आउँछ ) रकम उपदान कोषमा जम्मा गरिराख्नुपर्दछ । |
| ३. बीमा सम्बन्धी व्यवस्था |
| क) रोजगारदाताले प्रत्येक श्रमिकको कम्तीमा वार्षिक एक लाख रूपैंया बराबरको औषधि उपचार बीमा गराउनुपर्दछ । यसरी गरिने बीमा शुल्क रोजगारदाता र श्रमिकले आधाआधा व्यहोर्नुपर्दछ । |
| ख) दुर्घटना बीमा : रोजगारदाताले प्रत्येक श्रमिकको जुनसुकै प्रकारको दुर्घटनालाई समेटने गरि कम्तीमा सात लाख रूपैंया बराबरको दुर्घटना बीमा गराउनुपर्नेछ । दुर्घटना बीमाको सम्पूर्ण प्रिमियम रकम रोजगारदाताले व्यहोर्नुपर्दछ । |

सामाजिक सुरक्षा कोषमा योगदान गर्ने श्रमिक वा रोजगारदाताले स्वास्थ्य बीमा र दुर्घटना बीमा गर्नुनपर्ने । साथै एकमुष्ठ योगदान (३१ प्रतिशत) सामाजिक सुरक्षा कोषमा हुनाले

*सञ्चय कोष र उपदानबापत अलग्गै योगदान गरी अन्य कोषमा योगदान गर्न अनिवार्य नहुने ।*

*श्रम ऐन बमोजिम न्यूनतम पारिश्रमिक सम्बन्धमा ।*

*नेपाल राजपत्र भाग ५ मा मिति २०७८/०१/२० मा प्रकाशित*

| ***न्यूनतम पारिश्रमिक*** | ***आधारभूत पारिश्रमिक*** | ***मंहगी भत्ता*** | ***जम्मा रू.*** |
|---|---|---|---|
| *मासिक* | *९,३८५/--* | *५,६१५/-* | *१५०००/-* |
| *दैनिक* | *३६१/-* | *२१६/-* | *५७७/-* |
| *प्रति घण्टा* | *४८/-* | *२९/-* | *७७/-* |

## ७. सामाजिक सुरक्षा कोषमा आबद्धता :

(१) सामाजिक सुरक्षा ऐन, नियमावली तथा कार्यविधि बमोजिम संघ–संस्थामा कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षाका लागि सामाजिक सुरक्षा कोषमार्फत सञ्चालित कार्यक्रममा योजना निर्माण तथा बजेट व्यवस्था गरी सहभागीता जनाउने ।

(२) सामाजिक सुरक्षाकोषमा आबद्धता पूर्व सदस्य संघ–संस्थाहरूको आन्तरिक कार्यविधिबमोजिम गरेको योगदान कर्मचारी हितलाई प्राथमिकतामा राखी फिर्ताको कार्यविधि तयार गर्नुपर्दछ ।

## ८. सामाजिक परीक्षण :

(१) संस्थाले सदस्य तथा समुदायको हितमा सञ्चालन गरेका क्रियाकलापहरू, वस्तु तथा सेवाहरू, सदस्य सन्तुष्टिको स्तर, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय क्षेत्रमा पारेको प्रभाव सम्बन्धमा सदस्य तथा सरोकारवालाको सहभागीतामा तोकिएको कार्यविधिबमोजिम सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) संस्थाको सदस्य संख्या, कार्यक्षेत्र तथा आवश्यकताको आधारमा वार्षिक सामाजिक परीक्षणको संख्या तोकी कार्यान्वयन गर्न सक्नेछ ।

(३) सामाजिक परीक्षणमा प्राप्त सुझावहरू प्रतिवेदनमार्फत साधारणसभाभालाई जानकारी गराउनुपर्नेछ । साथै, सामाजिक परीक्षणमा प्राप्त सुझाव योजना तथा नीतिहरूमा समावेश गर्नुपर्दछ ।

## ९. स्थिरीकरण कोषमा सहभागीता :

(१) सदस्य संघ-संस्थाहरूले बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषमा आबद्ध भई बचत तथा ऋण परिचालनमा हुने जोखिम व्यवस्थापन गरी संघ-संस्थालाई सुरक्षित गर्नुपर्दछ ।

(२) बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष सञ्चालन कार्यविधि, २०७६ बमोजिम कोषमा आबद्ध हुन देहायबमोजिमको योग्यता आवश्यक हुने हुनाले संघ-संस्थाहरूले आवश्यक योग्यता विकास गरी आबद्ध हुनुपर्नेछ :-

(क) कम्तीमा पाँच आर्थिक वर्ष कार्य सञ्चालन गरी वार्षिक लेखापरीक्षण सम्पन्न गराएको,

(ख) तोकिएको समयभित्रै अघिल्ला दुई वर्षको वार्षिक साधारणसभाभाको बैठक सम्पन्न गरेको,

(ग) कर्जा वर्गीकरण गरी आवश्यक कर्जा नोक्सानी व्यवस्था गरेको,

(घ) कुल सम्पत्तिको अनुपातमा न्यूनतम पाँच प्रतिशत संस्थागत पुँजी रहेको,

(ङ) अघिल्लो दुई वर्षहरूमा घाटामा नगएको वा सञ्चित घाटा नभएको,

(च) मन्त्रालयबाट स्वीकृत एकीकृत मापदण्डअनुसार उच्च जोखिममा नरहेको,

(छ) निवेदन दिंदाका बखत नियामक निकायको निगरानी सूचीमा नपरेको वा शीघ्र सुधार कारबाहीमा सूचीकृत नभएको,

(ज) विभागले स्वीकृत गरेको एकीकृत सूचना प्रणालीमा आबद्ध भएको र

(झ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोष सञ्चालन समितिले दुई दशमलव पाँच प्रतिशतभन्दा माथि संस्थागत पुँजी भएका संस्थालाई समेत तीन वर्षभित्र पाँच प्रतिशत संस्थागत पूँजी पुऱ्याउने सर्तमा सदस्यता दिन सक्नेछ ।

(३) बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषमा आबद्ध हुनका लागि वार्षिक साधारणसभाभाबाट निर्णय गराई कोषले तोकेको कार्यविधिअनुसार आवेदन गर्नुपर्दछ ।

(४) कोषमा सुरूमा आबद्ध हुँदा प्रारम्भिक योगदान गर्न सकिने हुनाले सो समेत सञ्चालक समितिबाट निर्णय गरी योगदान गर्न सकिनेछ ।

(५) सहकारी ऐन, नियमावली तथा कोष सञ्चालन कार्यविधिले तोकेबमोजिमको वार्षिक योगदान बापत रकम लेखा परीक्षण प्रतिवेदन अनुसार प्रत्येक वर्ष साधारणसभाभा

सम्पन्न भएको ६० दिनभित्र कोषको बैंक खातामा दाखिला गरिसक्नुपर्नेछ ।

(६). कोषमा आबद्ध संघ-संस्थाले कोषको वार्षिक परामर्श बैठकमा सहभागी भई कोष नीति, योजना तथा बजेट स्वीकृतिमा सहभागीता जनाउनुपर्नेछ ।

(७) कोषबाट सुविधा प्राप्त गर्नका लागि तोकिएबमोजिमको प्रतिवेदन र योगदान रकम नियमित रूपमा कोषमा दाखिला गर्नुपर्दछ ।

(८) स्थिरीकरण कोषमा आबद्ध भएको एक वर्षभित्र तोकिएको प्रमाणीकरण कार्यक्रममा आबद्ध हुनुपर्नेछ ।

(९) स्थिरीकरण कोषमा आबद्ध संघ-संस्थाहरूबाट कोषको वार्षिक परामर्श बैठकमा अनिवार्य सहभागी हुनुपर्नेछ ।

## १०. बचत तथा ऋण व्यवस्थापन :

### १०.१ बचत व्यवस्थापन :

(१) संघ-संस्थामा आबद्ध सदस्यहरूले मासिक रूपमा नियमित तोकिएबमोजिमको बचत अनिवार्य रूपमा गर्नु/गराउनुपर्नेछ ।

(२) बचतमा वृद्धि : जीवनमा समृद्धि बचत तथा ऋण सहकारीहरूको मुख्य ध्येय भएकाले सदस्यहरूसँग बचत संकलन र संकलित बचत सदस्यकै बीचमा परिचालन गर्नुपर्दछ ।

(३) सदस्य संघ-संस्थाहरूले सदस्यको मागको आधारमा आफ्ना बचत सेवाहरूलाई विविधीकरण गर्दा साकोस एकरूपता प्रणालीको स्तर कायम गरी धन आर्जन हुने बचत कम्तीमा पाँच वटा विकास गर्नुपर्दछ ।

(४) प्रत्येक बचतका उत्पादनमा कम्तीमा लक्षित सदस्यको २० प्रतिशत सदस्यहरूको सहभागीता हुनुपर्ने ।

(५) प्रत्येक सदस्यको कुल ऋण परिमाणको अनुपातमा उक्त सदस्यको सबै बचतका सेवामा गरी ऋण रकमको कम्तीमा ३ प्रतिशत पुगेको हुनुपर्नेछ ।

(६) सदस्य संघ-संस्थाहरूले बचत परिचालन गर्दा सबै किसिमको बचत खाताहरूमा संस्थाले निर्धारण गरेबमोजिमको ब्याज प्रदान गर्नुपर्दछ । कुनै पनि खाता ब्याज प्रदान नगर्ने गरी सञ्चालन गर्नुहुँदैन ।

(७) सदस्य संघ-संस्थाले बचत परिचालन गर्दा संस्थागत सदस्यहरूको बचत रकम कुल

बचतको अनुपातमा ३३ प्रतिशतभन्दा बढी नहुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

(८) सदस्य संघ-संस्थाले बचत संकलन गरेको निस्सा बचतकर्ता सदस्यलाई सोही समयमै उपलब्ध गराउनुपर्नेछ । फरक-फरक बचतको सेवाअनुसारको निस्सा फरक-फरक हुन सक्नेछ तर कुन बचतको सेवामा कुन निस्सा दिने हो सोको ढाँचा आन्तरिक बचत नीतिमा उल्लेख गरिएको हुनुपर्नेछ । सहायक खाता र मुख्य खाताको बीचमा अनिवार्य मासिक रूपमा भिडान गर्नुपर्दछ र सहायक खाता र व्यक्तिगत खाता (पास बुक) को बीचमा ब्याज प्रविष्ट गर्नु पूर्व अनिवार्य भिडान गर्नुपर्दछ ।

(९) संघ-संस्थाले कुल बचतको अनुपातमा २० प्रतिशतभन्दा बढी नहुने गरी आवधिक बचतको व्यवस्थापन गर्ने र आवधिक बचत बढीमा ३ वर्षसम्मको मात्र स्वीकार गर्ने नीतिगत व्यवस्था गरी सोहीबमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

(७) सहकारी ऐन, २०७४ दफा ५० को उपदफा ७ बमोजिम प्राथमिक पुँजी कोषको १५ गुणाभन्दा धैरै नहुने गरी बचत संकलन गर्नुपर्दछ ।

(८) सदस्य संघ संस्थाले सदस्यहरूबाट बचत स्वीकार गर्दा सफ्टवेयर/सिस्टमबाट प्रिन्ट हुने गरी बचत भौचर प्रदान गर्नुपर्दछ ।

(९) हस्ताक्षर गर्न नसक्ने सदस्यहरूबाहेक अरू सबै सदस्यहरूलाई सफ्टवेयर/सिस्टमबाट चेक (भुक्तानी पुर्जा) जारी गरी सोही मार्फत मात्र फिर्ता गर्ने व्यवस्था कायम गर्नुपर्दछ ।

**१०.२ ऋण व्यवस्थापन :**

(१) एक जना सदस्यलाई प्राथमिक पुँजी कोषको १० प्रतिशत वा कुल सम्पत्तिको १ प्रतिशतमध्ये जुन घटी हुन्छ, ऋण लगानी बढीमा सो बराबर हुने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

(२) धितो वा जमानत लिएरमात्र ऋण लगानी गर्ने । धितोको रूपमा सामूहिक जमानत, स्वयं सदस्यको बचत, जमानत दिने सदस्यको बचत र कानूनबमोजिमको चलअचल सम्पत्ति लिन सकिनेछ । बिनाधितो ऋण सदस्यको बचतको तीन गुणासम्म वा रू. १ लाखमध्ये जुन कम हुन्छ, सोभन्दा बढी नहुने गरी नीतिगत व्यवस्था गरी सोहीबमोजिम कार्यान्वयन गर्नुपर्दछ । अन्य सदस्यहरूको समुह बचत जमानतमा अधिकतम रू. ३ लाखसम्म मात्र ऋण लगानी गर्न सकिनेछ ।

(३) मासिक रूपमा ऋणको वर्गीकरण गरी १२ महिनाभन्दा बढी भाखा नाघेको ऋण रकमको १०० प्रतिशत १ देखि १२ महिनासम्म भाखा नाघेको ऋण रकमको ३५

प्रतिशत र १ देखि ३० दिन भाखा नाघेको ऋण र असल ऋण रकमको १ प्रतिशत हुने गरी अतिरिक्त ऋण जोखिम कोषको व्यवस्था गर्नुपर्दछ ।

(४) ऋण भाखा नाघेको ऋणी सदस्य ९० दिनसम्म पनि संघ-संस्थाको सम्पर्कमा नआएमा त्यस्तो ऋणको शतप्रतिशत जोखिम कोषको व्यवस्था गर्नुपर्दछ ।

(५) सदस्य संघ-संस्थाहरूले सदस्यको मागको आधारमा आफ्ना ऋण सेवाहरूलाई विविधीकरण गरी उद्देश्यमा केन्द्रित ऋण लगानी गर्नुपर्दछ ।

(६) ऋणको क्षेत्रगत सीमा निर्धारण गर्नुपर्दछ । यसरी निर्धारण गर्दा कुल ऋणको अनुपातमा कम्तीमा पनि ७० प्रतिशत ऋण आयआर्जन (उत्पादक) क्षेत्रमा हुने गरी निर्धारण गरी सोहीबमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

(७) ऋण लगानी गर्दा किस्ताबन्दीमा फिर्ता हुने गरी गर्ने नीतिगत व्यवस्था गरी सोहीबमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

(८) ऋण लगानी गर्दा क्षेत्रगत र व्यक्तिगत सीमा स्पष्ट हुने गरी आन्तरिक कार्यविधिमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

(९) सदस्यलाई ऋण लगानी गर्दा ऋणी सदस्यको कम्तीमा पनि २० प्रतिशत स्वपुँजी हुने गरी गर्नुपर्दछ ।

(१०) कम्तीमा पनि हरेक तीन-तीन महिनाको अन्तरमा बजारदरको विश्लेषण गरी आवश्यक परेको खण्डमा बचत र ऋणको ब्याजदर परिमार्जन गर्ने ।


(११) बचत र ऋणको ब्याजदरको भारित औषत फरकतादर जहिले पनि ६ प्रतिशतभन्दा कम हुने गरी व्यवस्थापन गर्ने ।

(१२) सामान्यतया ३ महिनाभन्दा बढी ग्रेस अवधि राखी ऋण प्रवाह नगर्ने । ग्रेस अवधि भन्नाले ऋण नीतिबमोजिम साँवासहितको किस्ता शुरू हुने अवधिमा थप गरिएको अवधिलाई सम्झनुपर्दछ । ग्रेस अवधिमा समेत मासिक रूपमा ब्याज असुल गर्नुपर्दछ ।

(१३) सामान्य अवस्थामा ऋणको पुनर्तालिकीकरण र पुनर्संरचना नगर्ने । प्राकृतिक प्रकोप, विपद् र महामारीको समयभन्दा अघिको ऋणको साँवा ब्याज शतप्रतिशत बुझाउने ऋणी सदस्यहरूका लागि संस्थाको विपद् जोखिम न्यूनीकरण निर्देशिका र महामारीमा ऋण व्यवस्थापन कार्यविधिअनुसार ऋणको पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न सकिनेछ ।

(१४) पाकेको पाउनुपर्ने ब्याज समयमा असुल नभए पनि ब्याज पुँजीकरण गर्नुहुँदैन ।

(१५) सहकारी विभागको २०७८ फागुन १३ गतेको प्रेस विज्ञप्तिअनुसार सहकारी संस्थाहरूले सदस्यलाई प्रवाह गर्ने ऋणमा सम्झौताबमोजिमको ब्याज रकमबाहेक अतिरिक्त शुल्क नलिने तर ऋण प्रवाह गर्दा संस्थाको अतिरिक्त खर्च गर्नुपर्ने भई अतिरिक्त शुल्क नलिई नहुने भएमा ब्याजबाहेक अधिकतम १ प्रतिशत नबढने गरी सेवा शुल्क लिन सकिनेछ । समूह सिर्जना गरी सामूहिक जमानीमा (लघुवित्त) ऋण लगानी गरेको हकमा संस्थाको अतिरिक्त खर्च पर्न गई अतिरिक्त शुल्क नलिई नहुने अवस्थामा ब्याजबाहेक अधिकतम १.५ प्रतिशत नबढने गरी सेवा शुल्क लिन सकिनेछ । ऋणको ब्याज र सेवा शुल्क लिएकामा थप प्रक्रिया शुल्क, प्रशासन शुल्क वा अन्य कुनै शुल्क लिन पाइने छैन ।


फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.cor

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- २०७७/०७८
चलानी नं.:- C&6

मिति: २०७८/११/१३

बिषयः- <u>सन्दर्भ ब्याजदर सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जरुरी सूचना ।</u>

सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिम सन्दर्भ ब्याजदर निर्धारण समितिको सिफारिसमा सहकारी संघ/संस्थाहरुको लागि मिति २०७८।११।१५ गते देखि लागू हुने गरी सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६% तोकिएको छ । सबै सहकारी संघ/ संस्थाहरुले सदस्यहरुलाई ऋण प्रवाह गर्दा अधिकतम् सीमा १६% मा नबढ्ने गरी, बचत र ऋणको ब्याजदरको अन्तर ६% कायम हुने गरी र बचत तथा ऋणको कारोवार गर्ने सबै संघ/संस्थाहरुले प्रवाह गर्ने ऋण लगानीमा व्यक्तिगत तर्फ १% र सामूहिक जमानी तर्फ १.५% भन्दा बढी सेवा शुल्क लिन नपाउने गरी सन्दर्भ ब्याजदर लागू गर्ने व्यवस्था गर्नु गराउनु हुन सूचित गरिन्छ। यसरी तोकिएको सन्दर्भ ब्याजदर सहकारी संघ/संस्थाहरुका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा सहकारी विभाग र राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय विषयगत संघहरुबाट पालनाको अनुगमन गर्दा सहकारी कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

(१६) संस्थाले ऋण लगानी गर्दा प्राकृतिक व्यक्तिलाई मात्र गर्नुपर्दछ । यसरी ऋण लगानी गर्दा कम्तीमा सदस्य बनेको ९० दिन पुगेको हुनुपर्नेछ ।

(१७) ऋण लगानीको समयावधि सामान्यतया बढीमा ५ वर्षको कायम गर्नुपर्दछ, तर निरन्तर ३ महिनाभन्दा धेरै समयसम्म पनि तरलता व्यवस्थापन गर्न नसकेको अवस्थामा ऋणको प्रकृति हेरी बढीमा १० वर्षको समयावधि कायम गर्न सकिनेछ ।

(१८) संघ-संस्थाले गरेको ऋण लगानीबमोजिम असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुलउपर भइसकेपछि सुरक्षणबापत राखिएको धितो ७ कार्यदिनभित्र फुकुवाका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ ।

(१९) संघ-संस्थाले स्वीकृत ऋण रकम निकासा गर्दा आपतकालिन ऋणबाहेक अन्य ऋणहरू सम्बन्धित सदस्यको खातामा जम्मा गर्नुपर्दछ ।

(२०) संघ-संस्थाले सदस्यहरूलाई ऋण लगानी गर्दा चेक धितो सुरक्षण स्वीकार गर्नुहुँदैन ।

## ११. सदस्य सहभागीता स्तर :

(१) नेपाल सरकार सहकारी विभागबाट २०७५/५/१८ गते जारी गरिएको सदस्य केन्द्रियता सूचकांक गणना विधिको आधारमा वार्षिक रूपमा गणना गरी आगामी योजनामा सुधारात्मक उपाय समेत समावेश गरी साधारणसभाभामा प्रस्तुत प्रतिवेदनमा संलग्न गर्नुपर्दछ ।

(२) संघ-संस्थामा सदस्यहरूको दीर्घकालीन पुँजी (सेयर पुँजी, जगेडा कोष, घाटा पूर्ति कोष र नियमित बचत) को अनुपात कम्तीमा पनि ३० प्रतिशतभन्दा माथि रहने गरी संस्थापकीय सरोकार कायम गर्ने । जुन तपसिलको सूत्रबाट गणना गर्न सकिन्छ :

| | | |
|---|---|---|
| संस्थापकीय सरोकार | सदस्यको पुँजी रू. + नियमित बचत रू. / जम्मा पुँजी रू. (सदस्यको पुँजी रू. + जम्मा बचत रू. + तिर्नुपर्ने ऋण रू.) + तटस्थ स्रोत संयोग बिन्दु समायोजन अंक रू. | × १०० |

जहाँ सदस्यको पुँजी रू. = अंसघन रू. + जगेडा कोष रू. + घाटापूर्ति कोष रू.

**स्पष्टीकरण** : तटस्थ स्रोत संयोग बिन्दु समायोजन भन्नाले सदस्यको पुँजी जम्मा बचतको ३५% बराबर नपुगेको भए नपुगेजति अंक सम्झनुपर्दछ ।

(३) सञ्चालकीय सक्रियतालाई वृद्धि गर्न वार्षिक योजना तथा बजेट निर्माण, व्यवसायिक रणनीतिक योजना र संस्था सञ्चालनको नीति तथा कार्यविधिहरु विकास तथा अद्यावधिक एवम् तर्जुमा गर्दा विस्तारित मञ्चमार्फत सदस्य सहभागीताको वृद्धि गर्ने ।

साकोसको सञ्चालकीय सक्रियता तपसिलअनुसारको सूत्रबाट निकाल्न सकिन्छ :

| | | |
|---|---|---|
| सञ्चालकीय सक्रियता | वर्षमा सदस्य बैठक (साधारणसभा + विशेष साधारणसभा + विस्तारित मञ्च) मा उपस्थित सदस्य / {(वर्षारम्भका जम्मा सदस्य + वर्षान्तका जम्मा सदस्य)/२}×६ वा (वर्षमा सदस्य बैठकमा उपस्थित सदस्य) मा जसको संख्या बढी हुन्छ सो | ×१०० |

**स्पष्टीकरण** : 'विस्तारित मञ्च' भन्नाले संस्थाको तर्फबाट साधारण सदस्यहरूलाई डाकिएको जुनसुकै स्तर वा प्रकारको परामर्श सभा सम्झनुपर्दछ ।

(४) संस्थाको उत्पादन तथा सेवा अधिकतम सदस्यहरूले उपयोग गर्न सक्ने गरी नीतिगत व्यवस्था गर्ने ।

साकोसको संरक्षकीय सम्बन्धन तपसिलको सूत्रबाट गणना गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| संरक्षकीय सम्बन्धन | वर्षभरि कम्तीमा एकपल्ट ऋण प्राप्त गर्ने सदस्य संख्या / (वर्षारम्भका जम्मा सदस्य संख्या + वर्षान्तका जम्मा सदस्य संख्या)/२ | × १०० |

## १२. वित्तीय व्यवस्थापन तथा प्रतिवेदन प्रकाशन (खुलासा) :

(१) सदस्य संघ-संस्थाले वित्तीय कारोबार गर्दा विश्व ऋण परिषद्ले सिफारिस गरेको PEARLS मापदण्ड परिपालना गर्नुपर्दछ ।

(२) संघ-संस्थाहरूले व्यवस्थापनबाट एक जनालाई सूचना अधिकारी तोकी लिखित कार्यविवरण उपलब्ध गराउने साथै सूचना अधिकारीको विवरण साकोसको वेबसाइट र कार्यालय परिसरमा देखिने गरी अद्यावधिक गर्नुपर्दछ ।

(३) संघ-संस्थाहरूले मासिक रूपमा सदस्यहरूले देख्ने ठाउँमा साकोसको वित्तीय अवस्था सार्वजनीक गर्नुपर्दछ ।

(४) १ अर्बभन्दा बढी कुल सम्पत्ति भएका साकोसहरूले अर्धवार्षिक रूपमा अपरिस्कृत वित्तीय विवरण राष्ट्रियस्तर वा स्थानीय स्तरको पत्रिकामा सार्वजनिक गर्नुपर्दछ ।

(५) आन्तरिक लेखा परीक्षण प्रतिवेदन र बाह्य लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन कार्य सम्पन्न भएको मितिले १५ दिनभित्र नेफ्स्कूनमा उपलब्ध गराउने ।

(६) साधारणसभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन साधारणसभा हुनुभन्दा कम्तीमा पनि १५ दिन अगाडि सदस्यहरूलाई उपलब्ध हुने व्यवस्था मिलाउने ।

## १३. सन्दर्भ ब्याजदर तथा मूल्य निर्धारण :

(१) संघ-संस्थाहरूले बचत तथा ऋणको ब्याजदर निर्धारण गर्दा नेपाल सरकार सहकारी विभागले जारी गरेको सर्न्दभ ब्याजदरलाई आधार मानी निर्धारण गर्ने ।

(२) सर्न्दभ ब्याजदर निर्धारण समितिले तोकेको मितिबाट तोकेको ब्याजदर कार्यान्वयन हुने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

(३) सन्दर्भ ब्याजदर संशोधन हुनुभन्दा अगावै लगानी भएको ऋण वा संकलन भएको बचतको ब्याजमा पनि संशोधित दर नै कायम हुने गरी व्यवस्थापन गर्नुपर्दछ तर आवधिक बचतको हकमा सम्झौता समयावधिसम्म सम्झौताअनुसार नै हुने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) सन्दर्भ ब्याजदर संसोधनका कारण भारित औषत फरकतादरमा क्षति हुन गएमा आन्तरिक कार्यविधि संशोधनमार्फत भारित औषत फरकतादर सहकारी ऐनबमोजिम बनाउन सकिनेछ ।

(५) सन्दर्भ ब्याजदरअनुसार संघ-संस्थाले आन्तरिक ब्याजदर समयोजन गर्नु कानूनी दायित्व रहेकाले सन्दर्भ ब्याजदरको सम्बन्धमा सञ्चालक समिति व्यवस्थापन तथा सदस्यहरूले जानकारी लिने व्यवस्था गर्नुपर्दछ ।

(६) सदस्य संघ-संस्थाले प्रदान गर्ने सेवाको मूल्य निर्धारण गर्दा आधारदर गणना गरी बजारदर अनुसार लाभांश र PEARLS मापदण्डअनुसार संस्थागत पुँजी कायम हुनेगरी गर्नुपर्दछ ।

## १४. संरक्षित पुँजी फिर्ता कोष वितरण :

(१) संरक्षित पुँजी फिर्ता कोष बचत ऋण सहकारीहरूमा सदस्यहरूलाई आफ्नो संस्थामार्फत कारोबार गरी आर्थिक समृद्धिको आधार तयार गर्ने विधि भएकाले वार्षिक कारोबारमा खुद बचत सकारात्मक हुने संघ-संस्थाले साधारणसभा सम्पन्न भएको एक महिनाभित्र कारोबारको आधारमा सदस्यहरूलाई संरक्षित पुँजी कोषको रकम वितरण गर्नुपर्दछ ।

(२) संघ-संस्थाले संरक्षित पुँजी कोष फिर्ता गर्दा स्वीकृत आन्तरिक कार्यविधिअनुसार गर्नुपर्दछ । यस्तो आन्तरिक कार्यविधि सहकारी ऐन नियमावलीसँग नबाझिने हुनुपर्नेछ ।

(३) संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यलाई रकम फिर्ता गर्दा तपसिलमा उल्लिखित विधिबाट गणना गर्नुपर्दछ ।

क) कुल संरक्षित पुँजी फिर्ता कोष रकमको ४० प्रतिशत रकम प्रत्येक आर्थिक वर्षमा बचतमा भुक्तानी गरेको ब्याज रकममा प्रतिफल वितरणका लागि छुट्याउनुपर्नेछ ।

$$\text{बचतको फिर्ता कोषको गणना दर} = \frac{\text{कुल संरक्षित पुँजी फिर्ता कोषको ४०\%}}{\text{बचतमा कुल ब्याज खर्च}}$$

ख) कुल संरक्षित पुँजी फिर्ता कोष रकमको ६० प्रतिशत रकम प्रत्येक आर्थिक वर्षमा ऋणमा प्राप्त गरेको ब्याज रकममा प्रतिफल वितरणका लागि छुट्याउनुपर्नेछ ।

$$\text{ऋणको फिर्ता कोषको गणना दर} = \frac{\text{कुल संरक्षित पुँजी फिर्ता कोषको ६०\%}}{\text{आ.व.मा ऋणमा प्राप्त ब्याज}}$$

(४) आन्तरिक कार्यविधिमा असल सदस्यको योग्यताको व्यवस्था गरी उक्त योग्यता नपुगेका सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोषको रकम रोक्न सक्नेछ । यसरी वितरण नभई रोक्का भएको रकम आर्थिक वर्षको अन्त्यमा संस्थाको जगेडा कोषमा

सार्नुपर्नेछ ।

(५) संरक्षित पुँजी कोष फिर्ता गर्दा सदस्यले प्राप्त गर्ने रकमको ५ प्रतिशत रकम अग्रिम कर कट्टी गरी बाँकी रकम मात्र भुक्तानी गर्नुपर्दछ । यसरी संरक्षित पुँजी कोषको रकम फिर्ता गर्दा संस्थागत कारोबार गर्ने सदस्यलाई समेत वितरण गर्नुपर्दछ ।

(६) संरक्षित पुँजी कोषबाट सेयर लाभांश कोषमा रकमान्तर गरी वितरण गर्नुहुँदैन र संरक्षित पुँजी फिर्ता कोषबाट सेयर कारोबारलाई आधार मानी रकम फिर्ता गर्नुहुँदैन ।

(७) सेयर अनुपात पर्ल्स मापदण्डअनुसार पुऱ्याउनु आवश्यक भएमा साधारणसभाबाट निर्णय गरी रू.१००।– ले भाग जाने रकम सेयरमा रकमान्तर गरी बाँकी रकम फिर्ता गर्न सकिनेछ ।

(८) संरक्षित पुँजी फिर्ता कोषको रकम कारोबार भएको आर्थिक वर्षमा कारोबार गर्ने सदस्यहरूका लागि पछिल्लो आर्थिक वर्षको वार्षिक साधारणसभाले स्वीकृत गरेको लेखापरीक्षण प्रतिवेदनको आधारमा वितरण गर्नुपर्दछ । यसरी वितरण गर्नुपर्ने आर्थिक वर्षमा वितरण नगरे वा वितरण हुन नसके आर्थिक वर्षको अन्त्यमा संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकम जगेडा कोषमा रकमान्तर गर्नुपर्दछ ।

## १५. एकीकरण तथा विभाजन :

(१) सदस्य संघ-संस्थाहरूले साधारणसभाबाट एकीकरणका लागि पूर्व सहमति लिई सदैव एकीकरणका लागि तयार रहनुपर्दछ ।

(२) संघ एवं बाह्य पक्षलाई भुक्तानी गर्नुपर्ने बाह्य ऋण वा दायित्व बाँकी रहेको भए भुक्तानी गरी वा पूर्व सहमति लिएर मात्र एकीकरण गर्नुपर्दछ ।

(३) सदस्य संघ-संस्थाहरूले वार्षिक रूपमा एकीकरणसम्बन्धी छलफल आयोजना गर्ने वा सोसम्बन्धी छलफलमा सहभागीता जनाई एकीकरणसम्बन्धमा जानकार हुनुपर्नेछ ।

(४) ३३ प्रतिशतभन्दा बढी सदस्य दोहोरिएको संस्थाहरु एकआपसमा एकीकरणका लागि पहल गर्नुपर्दछ ।

(५) एकीकरण पूर्व अनिवार्य रूपमा Due Delligence Audit (DDA) सम्पन्न गरी सम्पत्ति तथा दायित्वको अवस्था निर्क्योल गर्नुपर्दछ ।

(६) बचत तथा ऋण सहकारी एकीकरण गर्दा एक स्थानीय तहलाई प्राथमिकता दिई एकीकरणको प्रक्रिया अघि बढाउनुपर्नेछ ।

(७) सदस्य संघ-संस्थाहरूले एकीकृत कारोबार गर्नु पूर्व सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी एकीकरण गर्ने साकोसका सहायक खाताहरु र मूल खाता भिडान गर्नुपर्दछ ।

(८) सहकारी नियमावलीको नियम ७ बमोजिम जनसंख्याको आधारमा रहनसक्ने बचत ऋण सहकारीको संख्या तोकिएकोले सो स्तर प्राप्त गर्न एकीकरणलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ ।

(९) फरक विषयका सहकारीहरूसँग एकीकरण गर्दा मुख्य कारोबार बचत तथा ऋणको हुने गरी एकीकरण गर्नुपर्दछ ।

(१०) संस्थाहरु एकआपसमा एकीकरण हुँदा वहाल रहेका कर्मचारीहरूको वहिर्गमन नहुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

(११) स्थायी लेखा नम्बर खारेजी गर्नुपर्ने भए एकीकरण सम्पन्न भएको एक महिनाभित्र प्रक्रिया सम्पन्न गर्नुपर्दछ ।

(१२) एकीकरण हुनु पूर्व कायम रहेको ब्याजदर एकीकरण भएपछि एकीकरण हुँदाको बखत समायोजन कार्यदलले सम्झौता गरेबमोजिम एउटै कायम गर्नुपर्दछ ।

(१३) कारोबार एकीकृत रूपमा सुरू गर्नुअगावै प्राविधिक रूपमा सेयर, बचत र ऋणका खाताहरु एकीकृत भएको हुनुपर्नेछ ।

(१४) संघ-संस्थाको एकीकरण तथा विभाजन सहकारी संस्था एकीकरण तथा विभाजन निर्देशिका, २०७७ बमोजिम सम्पन्न गर्नुपर्दछ ।

## १६. सेवा केन्द्र सञ्चालन तथा कार्यक्षेत्र विस्तार :

(१) सेवा केन्द्र विस्तार गर्नुपूर्व स्थलगत सम्भाव्यता अध्ययन गरी सम्भाव्य देखिएको स्थानमा स्पष्ट कार्ययोजनासहित विस्तार गर्नुपर्दछ ।

(२) सेवा केन्द्र सञ्चालन गर्नु पूर्व सम्बन्धित नियामक निकायबाट सेवा केन्द्र सञ्चालन स्वीकृती लिनुपर्नेछ । साथै, स्थानीय तहमा दर्ता गर्नुपर्ने भए दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्दछ ।

(३) सेवा केन्द्र सञ्चालनलाई व्यवस्थित बनाउन सेवा केन्द्र सञ्चालन व्यवस्थापन कार्यविधि विकास गरी कार्यान्वयन गर्ने । यस कार्यविधिमा सञ्चालन ढाँचा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

(४) दैनिक रूपमा सेवा केन्द्रहरूको हिसाब मिलान गर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन

गर्ने । हरेक सेवा केन्द्रहरूको वासलात, आय व्यय, सन्तुलन परीक्षणलगायत वित्तीय विवरण अलग–अलग र एकीकृत प्रतिवेदन कारोबार समयमै प्राप्त हुने गरी प्राविधिक व्यवस्थापन गर्नुपर्दछ ।

(५) सेवा केन्द्र सञ्चालन गरेको आर्थिक वर्षबाटै खुद बचत हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

(६) सेवा केन्द्र सञ्चालन गर्दा सदस्यहरूको पहुँच तथा पायक पर्ने स्थान, नगद ओसार पसार र कार्यालयको पर्याप्त सुरक्षा व्यवस्था मिलाई गर्नुपर्दछ ।

(७) सेवा केन्द्र सञ्चालन स्तरको सम्बन्धमा कम्तीमा पनि वार्षिक रूपमा सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिबाट अनुगमन तथा निरीक्षण गर्नुपर्दछ ।

(८) सदस्य संस्थाले कार्यक्षेत्र विस्तार गर्दा सेवाको माग, प्रतिइकाई लागत सञ्चालन खर्च व्यवस्थापकीय रेखदेख स्थिर सम्पत्तिको उपयोग विश्लेषण गरी कार्यक्षेत्र विस्तार गर्नुपर्दछ ।

## १७. नेफ्स्कून साकोस म्यानेजर्स क्लब :

(१) जोखिम सुपरिवेक्षण तथा गुणस्तर सुनिश्चितता कार्यक्रममा आबद्ध सदस्य संघ–संस्थाहरूले प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापन प्रमुखलाई नेफ्स्कून साकोस म्यानेजर्स क्लबमा आबद्ध गराउनुपर्नेछ ।

(२) नेफ्स्कून साकोस म्यानेजर्स क्लबमार्फत बचत ऋण सहकारी अभियानमा व्यवसायिक व्यवस्थापनको अभ्यास गरिने भएकाले आबद्ध प्रमुख कार्यकारी अधिकृतले क्लबको कामको सिलसिलामा सम्बन्धित संस्थाको दैनिक तथा व्यवसायिक काममा असर नपर्ने गरी दिएको वार्षिक १० दिनसम्म काज उपलब्ध गराउन सकिनेछ ।

(३) नेफ्स्कून साकोस म्यानेजर्स क्लबले आर्थिक वर्ष सुरू हुनुअगावै आगामी वर्षको कार्ययोजना संघमा पेस गर्नुपर्दछ ।

(४) नेफ्स्कून साकोस म्यानेजर्स क्लबले बचत ऋण सहकारीका अन्तर्राष्ट्रिय मूल्य–मान्यता र सिद्धान्त तथा नेफ्स्कूनको मार्गदर्शनअनुरूप कार्यसम्पादन गर्नुपर्दछ ।

## १८. साकोस एकरूपता प्रणाली :

(१) सदस्य संघ-संस्थाहरूले नेफ्स्कूनको साकोस एकरूपता प्रणाली नीतिअनुसार सम्झौता गरी एकरूपता प्रणाली कार्यान्वयन गर्नुपर्दछ ।

(२) बचत तथा ऋण सहकारी अभियान भित्र दृश्यमा एकरूपता ल्याउन संघले तोकेको ढाँचामा प्रतीक निर्माण, सहकारी रङको उपयोग, कर्मचारीको पोसाक साकोसका अन्य आधारभूत नियमित प्रकाशनहरु प्रयोग गर्नुपर्दछ ।

(३) संस्था सञ्चालनमा एकरूपता कायम गर्ने गरी नेफ्स्कूनले उपलब्ध गराएको ढाँचामा आन्तरिक कार्यविधि र वस्तु तथा सेवाको विविधीकरणसम्बन्धी प्रकाशनको उपयोग गरी स्तरीयता कायम गर्नुपर्दछ ।

(४) साकोस एकरूपता प्रणाली कार्यान्वयन सम्झौताबमोजिम संस्थाले गर्नुपर्ने भनि लेखिएका सबै क्रियाकलाप सम्पन्न गर्नुपर्दछ ।

(५) सञ्जाल हितका लागि उपयोग गर्न संघ-संस्थाहरूसँग भएको वित्तीय स्रोत तरलताको रूपमा उपयोग गर्दा कम्तीमा पनि ५० प्रतिशत बचत ऋण सहकारी सञ्जालमार्फत परिचालन गर्नुपर्दछ ।

(६) एकरूपता प्रणाली सम्झौतामा उल्लेख भएका आवश्यक तालिमहरु प्राप्त गर्न सक्ने गरी योजना तथा नीतिगत व्यवस्था मिलाउनुपर्नेछ ।

(७) नेफ्स्कूनले तोकेको ढाँचामा वित्तीय प्रतिवेदन तयारी तथा अद्यावधिक गर्नुपर्दछ ।
*एकरूपता प्रणालीमा प्रयोग हुने रङको शाब्दिक अर्थ अनुसूची ५ मा उल्लेख गरिएको छ ।*

## १९. तरलता व्यवस्थापन :

(१) संघ-संस्थामा आवश्यक तरलता प्रक्षेपणका लागि कम्तीमा आगामी ६ महिनाको नगद प्रवाह योजना तयार गरी नियमित सुपरिवेक्षण गर्नुपर्दछ । नगद व्यवस्थापनमा आउन सक्ने जोखिम परीक्षणका लागि दबाब परीक्षण (Stress Testing) प्रतिवेदन तयार गर्नुपर्दछ ।

(२) नेफ्स्कून र साकोसबीचको ऐक्यबद्धतालाई थप सुदृढ गर्दै 'एकका लागि सबै र सबैका लागि एक' नाराको भावनालाई व्यवहारिक कार्यान्वयन गर्न कुल सम्पत्तिको २ प्रतिशत रकम केन्द्रीय तरलता कोषमा केन्दीय संघले विकास गरेको सेवाअन्तर्गत राख्नुपर्नेछ ।

(३) संघ-संस्थामा रहेको तरलता रकमले कमाउने गरी सञ्जाल र वित्तीय संस्थामा जोखिम

व्यवस्थापनसहित कम्तीमा लागत धान्ने गरी परिचालन गर्नुपर्दछ ।

(४) कुल बचतको अनुपातमा कम्तीमा १५ प्रतिशत तरलता निरन्तर कायम राख्नुपर्नेछ ।

(५) संघ-संस्थाले कुल सम्पत्तिको बढीमा १ प्रतिशतसम्म नकमाउने तरल सम्पत्तिको रूपमा राख्न सक्नेछ । उक्त नगदको सुरक्षाका लागि अनिवार्य रूपमा बीमा गर्नुपर्दछ ।

(६) संघ-संस्थामा रहेको तरलता परिचालनमा हुन सक्ने केन्द्रिकृत जोखिम व्यवस्थापन गर्न बचत ऋण सहकारी सञ्जालबाहेक एउटै वित्तीय संस्थामा २५ प्रतिशतभन्दा बढी नहुने गरी व्यवस्थापन गुर्नपर्नेछ ।

## २०. सदस्य सूचना प्रणाली तथा कोपोमिसमा आबद्धता :

(१) mis.nefscun.org.np मार्फत संघले विकास गरेको एकीकृत सदस्य सूचना प्रणालीमा सदस्य संघ-संस्थाहरूले विवरण नियमित अद्यावधिक गर्नुपर्दछ ।

(२) सदस्य सूचना प्रणालीमार्फत संघमा प्रतिनिधित्व गर्ने प्रतिनिधिको विवरण संघको साधारणसभा हुनुभन्दा १५ दिनअगावै अद्यावधिक गर्नुपर्दछ ।

(३) लेखा परीक्षण प्रतिवेदन र साधारणसभा सम्पन्न भएको ३० दिनभित्र सदस्य सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्दछ ।

(४) सदस्य संघ-संस्थाहरूले मासिक वित्तीय प्रतिवेदन सदस्य सूचना प्रणालीमार्फत महिना समाप्त भएको ७ दिनभित्र अद्यावधिक गर्नुपर्दछ ।

(५) सदस्य संघ-संस्थाले सदस्य सूचना प्रणाली अद्यावधिक गर्न सक्ने जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

(६) सदस्य सूचना प्रणालीसम्बन्धी संघले आयोजना गरेको तालिम तथा अभिमुखीकरण कार्यक्रममा सम्बन्धित कर्मचारीलाई अनिवार्य सहभागी गराउनुपर्नेछ ।

(७) सदस्य सूचना प्रणाली सञ्चालनका लागि संघबाट स्वचालित रूपमा प्राप्त हुने यूजर आईडी र पासवर्ड सुरक्षित र गोप्य रूपमा व्यवस्थापन गर्ने जिम्मेवारी व्यवस्थापन प्रमुखको हुनेछ ।

(८) सहकारी विभागबाट जारी निर्देशिनअनुसार कोपोमिस प्रणालीमा नियमित रूपमा विवरणहरू अद्यावधिक गर्नुपर्दछ ।

(८) सहकारी विभागबाट २०७९/०२/३१ मा जारी पत्र संख्या ०७८/०७९/१४०३ अनुसार संघसंस्थाहरूले कोपोमिस प्रणालीमा समष्टिगत विवरण अद्यावधिक गर्नुपर्दछ ।

## २१. जोखिम सुपरिवेक्षण तथा गुणस्तर सुनिश्चितता :

(१) हरेक संघ-संस्थाले विद्यमान जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक रूपमा लेखा सुपरिवेक्षण समितिको क्षमता विकास र कार्य प्रभावकारिताको व्यवस्थापन गर्नुपर्दछ ।

(२) संघ-संस्थाले सञ्चालक समितिले तोकेको सञ्चालकको संयोजकत्वमा व्यवस्थापक सदस्य रहने गरी बढीमा ५ जनाको जोखिम विश्लेषण कार्यदल गठन गरी त्रैमासिक रूपमा नेफ्स्कूनले उपलब्ध गराएको ढाँचामा जोखिम विश्लेषण गरी हरेक त्रैमास बितेको १५ दिनभित्र नेफ्स्कूनलाई उपलब्ध गराउनुपर्नेछ ।

(३) ५ करोड वा सोभन्दा धेरै कुल सम्पत्ति भएका साकोसहरु नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रममा सहभागी हुनुपर्नेछ ।

(४) १० करोडभन्दा माथि कुल सम्पत्ति भएका साकोसहरु नेफ्स्कूनले सञ्चालन गरेको पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) कार्यक्रममा सहभागी हुन सकिनेछ ।

(५) जोखिम विश्लेषण कार्यदलले त्रैमासिक रूपमा विश्लेषण गरेको प्रतिवेदन आगामी सञ्चालक समितिको नियमित बैठकमा छलफल गरी जोखिम व्यवस्थापनका लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

(६) २५ करोडभन्दा माथि कुल सम्पत्ति भएका साकोसहरु एसियाली ऋण महासंघ (आकु) को प्राविधिक सहयोगमा नेफ्स्कूनद्वारा सञ्चालित एक्सेस कार्यक्रममा सहभागी हुन सक्नेछ ।

(७) ५ करोडभन्दा कम कुल सम्पत्ति भएका साकोसहरूले नेफस्कूनले सञ्चालन गरेको शीघ्र जोखिम विश्लेषण कार्यक्रम (सार) मा सहभागीता जनाउनुपर्नेछ ।

(८) २५ करोडभन्दा माथि कुल सम्पत्ति भएका सदस्य संघ-संस्थाहरूले आन्तरिक लेखा परीक्षणका लागि अनिवार्य लेखा परीक्षक नियुक्ति गरी आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।

## २२. सुशासन तथा सिद्धान्त परीक्षण :

(१) सदस्य संघ-संस्थाले स्तरीय आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

(२) रू. २ करोडभन्दा माथि कुल सम्पत्ति भएको सदस्य संघ-संस्थाको सञ्चालक समितिमा निर्वाचित व्यक्तिले दैनिक व्यवस्थापकीय काम-कारबाहीमा संलग्न हुनुहुँदैन ।

(३) सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको काम-कारबाहीप्रति सञ्चालक स्वयं जवाफदेही हुनुपर्नेछ ।

(४) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति, कर्मचारी वा निजको परिवारको स्वामित्वमा रहेको घर भाडामा लिई कारोबार गर्नुहुँदैन ।

(५) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति, कर्मचारी वा निजको परिवारको स्वामित्वमा सञ्चालनमा रहेको फर्म वा कम्पनीबाट वस्तु वा सेवा खरिद गर्नुहुँदैन ।

(६) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारी अर्को कुनै सहकारीको कर्मचारी, समिति, लेखा सुपरिवेक्षण समिति वा उपसमितिमा संलग्न हुनुहुँदैन ।

(७) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उप समिति र कर्मचारीहरू अर्को कुनै बचत तथा ऋण सहकारी संस्थाको सदस्य हुनु हुँदैन ।

(८) बुँदा नं. ६ मा जेसुकै लेखिएको भए तापनि संघ-संस्था सदस्य रहेको उपल्लो निकायमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा उपसमितिमा रहन भने बाधा पर्ने छैन ।

(९) गोपनीयता कायम राख्नुपर्ने : संघ-संस्था सञ्चालनको क्रममा कारोबारको गोपनीयता कायम राख्नुपर्नेछ ।

*सुशासन एवं सदस्य सुरक्षा कायमा राख्न संस्थाले अनिवार्य रूपमा दोहायका विषयहरू प्रकाशन गर्नुपर्नेछः*

| *क्र.सं.* | *प्रकाशन* | *समय* |
|---|---|---|
| *१.* | *सदस्य वडापत्र* | *अद्यावधिक गरि सधैं* |
| *२.* | *साधारणसभाको सूचना* | *साधारणसभा सुरू हुनुभन्दा १ महिना अधि* |

| | | |
|---|---|---|
| ३. | साधारणसभाको प्रतिवेदन प्रकाशन र वितरण | साधारणसभा सुरू हुनुभन्दा १५ दिन अघि |
| ४. | साधारणसभाको निर्णय सदस्यहरूलाई जानकारी | साधारणसभा समाप्त भएको ३ महिना भित्र |
| ५. | वस्तु तथा सेवाको लागत शुल्क, ब्याजदर | परिमार्जन भएकै दिनमा |
| ६. | मासिक वित्तीय विवरण प्रकाशन | महिना समाप्त भएको ७ दिन भित्र |

## २३. प्रतिवेदन सम्प्रेषण :

(१) पर्ल्स विश्लेषणसमेत समावेश भएको मासिक प्रगति प्रतिवेदन सञ्चालक समितिको नियमित बैठकमा व्यवस्थापन प्रमुखबाट अनिवार्य प्रस्तुत गरी छलफल गरी सोको सुधार योजना बनाई कार्यान्वयनका लागि नीतिगत व्यवस्था गर्नुपर्दछ ।

(२) सञ्चालक समितिको नियमित बैठकमा छलफल भई निर्णय भएको मासिक प्रतिवेदन तोकिएको ढाँचामा नियामक निकाय र नेफ्स्कूनमा नियमित रूपमा पठाउनुपर्नेछ ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

### सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

**सहकारी विभागको निर्देशन**

जारी मिति : २०७९/०४/३१

(८) प्रत्येक सहकारी संघसंस्थाका सञ्चालक समिति र व्यवस्थापकले एक हप्ताभित्र र त्यसपछि मासिक रुपमा देहायका विषयहरुमा आफ्नो संस्थाका शेयर सदस्यहरुलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउने ।

तपसिल

शेयर पूँजी रु.　जगेडा कोष रु.　कूल सम्पत्ती रु.　कूल बचत रु.

लगानीमा रहेको कर्जा रु.　कूल शेयर सदस्य संख्या　कूल ऋणी सदस्य

तरलता रकम र प्रतिशत　कूल संस्थागत पूँजी रु.　विभिन्न कोषहरुको जम्मा रकम रु.

(३) साधारणसभा सम्पन्न भएको १५ दिनभित्र साधारणसभाको निर्णय सहितको वार्षिक प्रतिवेदन नियामक निकाय र नेफ्स्कूनमा पठाउनु पर्नेछ ।

## २४. विद्युतीय भुक्तानी तथा फर्स्यौट व्यवस्थापन

(१) सदस्य संघ-संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणालीमार्फत आफ्ना सदस्यहरूले नेपालभरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सकिनेछ ।

(२) बचत तथा ऋणसम्बन्धी अन्तरसहकारी कारोबारको हकमा सहकारी संस्थाहरूले मन्त्रालयले सम्बन्धित विषयगत संघको भूमिकासमेत निर्दिष्ट गरी तोकेको मानदण्ड पालना गर्नुपर्दछ ।

(३) सहकारी संघसंस्थाले प्रचलित कानूनबमोजिम स्वीकृत प्राप्त विद्युतीय भुक्तानी सेवाप्रदायकसँग लिखित सम्झौता गरी सदस्यहरूलाई विद्युतीय भुक्तानी सेवा प्रदान गर्न सकिनेछ । यसरी सम्झौता गरी दिईएको विद्युतिय सेवाको सम्झौता प्रति १ महिना भित्र सम्झौता पत्र सहित नियामक निकायमा जानकारी गराउनुपर्दछ ।

(४) सदस्य संघ-संस्थाहरूले विद्युतीय सेवाप्रदायक फर्म वा कम्पनीमा धरौटीबाहेक सेयर खरिद वा कुनै पनि बचतको कारोबार गर्नुहुँदैन ।

(५) विद्युतीय भुक्तानी तथा फर्स्यौटमा भएका कारोबारहरूको कम्तीमा दैनिक रूपमा समपरीक्षण (रिकन्साइल) गर्नुपर्दछ ।

(६) विद्युीय भुक्तानी प्रणालीको स्तरीय सुरक्षा व्यवस्थापन गर्नुपर्दछ ।

(७) विद्युतीय भुक्तानी प्रणालीको व्यक्तिगत कारोबार सुरक्षासम्बन्धी तालिम सदस्यहरूलाई प्रदान गर्नुपर्दछ ।

(८) विषयगत केन्द्रीय संघले विकास गरेको भुक्तानी फर्स्यौट प्रणालीमार्फत मात्र भुक्तानी फर्स्यौट कारोबार गर्नुपर्दछ ।

(९) विद्युतीय भुक्तानी तथा फर्स्यौट कारोबारको व्यवस्थित अभिलेख राखिनुपर्दछ ।

(१०) विद्युतीय भुक्तानी फर्स्यौट आन्तरिक कार्यविधि विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

## २५. विपद् व्यवस्थापन

(१) सदस्य संघसंस्थाले संघबाट उपलब्ध गराईएको नमुना नीति बमोजिमको विपद् जोखिम न्यूनीकरण निर्देशिका तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

(२) विपद् जोखिमको स्वःविश्लेषण गरी उच्च एवं मध्यम जोखिम रहेका क्षेत्रहरूको जोखिम न्यूनीकरणका लागि आवश्यक योजना निर्माण गर्नुपर्दछ ।

(३) रू. ५० लाखभन्दा माथिको घर भएमा सो घरको प्राविधिक मार्फत भूकम्पीय जोखिम मूल्यांकन गराई आवश्यक सुरक्षा अपनाउनुपर्नेछ ।

(४) सदस्य संघ-संस्थाले संस्थाको महत्वपूर्ण सम्पत्ति, अभिलेख एवं तथ्यांकहरूको स्तरिय सुरक्षा व्यवस्था कायम गर्नुपर्दछ ।

(५) सम्भावित जोखिम न्यूनीकरणका लागि सञ्चालन खर्चको कम्तीमा १ प्रतिशत हुने गरी विपद् जोखिम न्यूनीकरणका लागि बजेट विनियोजन गर्नुपर्दछ ।

(६) विपद् जोखिम न्यूनीकरणमा तुरून्त क्रियाशील हुन सक्ने अधिकारसहितको विपद् जोखिम न्यूनीकरण व्यवस्थापन कार्यदल गठन गर्नुपर्दछ ।

(७) विपद् जोखिम न्यूनीकरण निर्देशिकाबमोजिम वार्षिक कम्तीमा एक पटक जोखिम न्यूनीकरण सिमुलेसन अभ्यास गराउनुपर्नेछ ।

(८) सदस्य संघ-संस्थाहरूले संघले उपलब्ध गराएको नमुना कार्यविधिअनुसार अभौतिक बैठक सञ्चालन कार्यविधि निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ ।

(९) विपद् जोखिम न्यूनीकरण निर्देशिकाबमोजिम घरबाट काम (Work from Home) प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

## २६. विशिष्टीकृत संघ तथा गैह्रवित्तीय लगानी

(१) विशिष्टीकृत सहकारी संघमा लगानी गर्दा सम्बन्धित संस्थामा आबद्ध सदस्यको प्रत्यक्ष साझा आवश्यकताको क्षेत्रमा कार्य गर्ने गरी गठन भएको संघमा मात्र लगानी गर्नुपर्दछ ।

(२) बचत तथा ऋण सहकारी संस्थाको पहिचान र ऐक्यबद्धता कायम गरेर मात्र विशिष्टीकृत संघमा लगानी गर्नुपर्दछ ।

(३) नेफ्स्कून, प्रदेश बचत संघ र जिल्ला बचत संघहरूको कार्यक्षेत्रमा दोहोरो नपर्ने

सुनिश्चित भएको क्षेत्रमा मात्र लगानी गर्नुपर्दछ ।

(४) संस्थाको प्राथमिक पुँजी कोष र बचतको अनुपात कम्तीमा एक बराबर १५ कायम गरी प्राथमिक पुँजी (जगेडा कोष र सेयर) बाट मात्र लगानी गरिनुपर्दछ । सहकारी संस्थाले विशिष्टीकृत सहकारी संघमा लगानी गर्दा अधिकतम रूपमा जगेडा कोषको ०.५ प्रतिशत बराबरले हुने गरि मात्र लगानी गर्न सकिनेछ ।

(५) विशिष्टीकृत सहकारी संघमा लगानी गर्दा स्वरोजगारी तथा मूल्यशृंखलामा योगदान पुऱ्याउने, वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यका लागि दर्ता भएकाहरूमा मात्र लगानी गर्नुपर्दछ । घर-जग्गालगायत अनुत्पादक क्षेत्रमा बचत तथा ऋण सहकारी संस्थाले लगानी गर्नुहुँदैन ।

(६) वित्तीय क्षेत्रबाहेकका क्षेत्रमा लगानी गर्दा एक वर्षभित्र प्रतिफल नआएमा अनिवार्य जोखिम खर्च व्यवस्था गर्नुपर्ने ।

(७) विशिष्टीकृत सहकारी संघमा लगानी गर्दा साधारणसभाबाट स्वीकृत योजनाअनुसार मात्र गर्नुपर्दछ ।

(८) सहकारी ऐन, २०७४ को दफा १२५ (ज) बमोजिम जरिवाना नहुने कानूनी वातावरण तयार भएपछि मात्र लगानी गर्नुपर्दछ ।

(९) सदस्य संघ-संस्थाले गैह्रवित्तीय लगानी गर्नुहुँदैन ।

## २७. सहकारी लघुवित्त (बचत समूह) परिचालन

(१) बचत तथा ऋण सहकारी संस्थाहरूले सहकारी लघुवित्त (बचत समूह) मार्फत सेवा प्रवाहा गर्दा सहकारी लघुवित्त (बचत समूह) परिचालन आन्तरिक कार्यविधि तयार गर्नुपर्दछ ।

(२) बचत समूह निर्माण गर्दा सहभागीतामूलक ग्रामीण लेखाजोखा प्रणाली (Participatory Rural Appraisal) बाट आवश्यकताको अवस्था पहिचान गर्नुपर्दछ । यसरी समूह निर्माण गर्दा आवश्यकता भएका समुदायका सम्बन्धित सहकारीमा आबद्ध साझा सह-बन्धन (Common Bond) कायम भएको हुनुपर्दछ ।

(३) बचत समूहबाट परिचालन हुने बचत ऋण तथा अन्य सेवाहरु समूहमैत्री र प्रतिस्पर्धी हुनुपर्दछ ।

(४) बचत समूहमा आबद्ध सदस्यहरूलाई प्रजातान्त्रिक नियन्त्रण प्रणाली, लाभांश, संरक्षित

पुँजी फिर्ता कोषलगायतका सेवा–सुविधामा विभेद गर्नुहुँदैन ।

(५) बचत समूहहरूमा उद्यमशीलता विकास र सामाजिक क्रियाकलापमा सहभागीता गराउन वार्षिक कार्यक्रम तथा योजनामा समावेश गरिएको हुनुपर्दछ ।

(६) बचत समूह परिचालनमा संलग्न कर्मचारीको लक्ष्य निर्धारण गर्दा खर्च धान्न सक्ने गरी गरिएको हुनुपर्दछ ।

(७) बचत समूहमा भएको आर्थिक कारोबार संस्थाको लेखा प्रणालीमा एकीकृत भएको हुनुपर्दछ ।

## २८. तथ्यांक भण्डारण तथा सुरक्षा व्यवस्था :

(१) रू. ५ करोडभन्दा माथि कुल सम्पत्ति भएका संघ–संस्थाहरूले आर्थिक कारोबारको तथ्यांक भण्डारण सम्भव भएसम्म क्लाउडमा राख्नुपर्नेछ यदि इन्टरनेटका कारणले सम्भव नभएमा एउटै उपकरणमा नभई दुई वा दुई भन्दा बढी उपकरणमा सुरिक्षत तवरले राख्नुपर्नेछ ।

(२) तथ्यांक भण्डारण गर्दा उक्त फर्म वा कम्पन्नीसँग सेवा निरन्तरताको बारेमा सम्झौतामै उल्लेख गरिएको हुनुपर्दछ ।

(३) ५० करोडमाथि कुल सम्पत्ति भएका संस्थाहरूले प्रयोग गरेको सफ्टवेयरको सूचना प्रविधि जोखिम परीक्षण गरी सुनिश्चित गरिएको सफ्टवेयर प्रयोग गर्नुपर्दछ ।

(४) सूचना प्रविधि सञ्चालन आन्तरिक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

(५) संस्थाका महत्वपूर्ण कागजात (विनियम, अद्यावद्यिक आन्तरिक कार्यविधि, सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित कागजातहरू, बाह्य लेखा परीक्षण प्रतिवेदन, सभा तथा बैठकका निर्णय पुस्तिकाहरू, ऋण फाइल, सम्झौताहरू आदि) अनिवार्य रूपमा अग्निरक्षक कवच (फायर प्रुफ) सहितको दराज र ई–कपीमा समेत सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

(६) संघ संस्थाको भौतिक सुरक्षा कायम गर्न अनुसूची ६ बमोजिमको निर्देशिकामा उल्लेख भएबमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

## २९. सदस्य सुरक्षा तथा वित्तीय साक्षरता :

(१) सदस्य संघ-संस्थाले सेवा प्रवाह गर्दा लाग्ने शुल्कका दरहरू सदस्यहरूसँग कारोबार सम्पन्न गर्नु अगावै सदस्यमैत्री माध्यमहरूको प्रयोग गरी जानकारी गराउनुपर्दछ ।

(२) सदस्य संघ-संस्थाले कम्तीमा पनि त्रैमासिक रूपमा सदस्यसँग गरिएको कारोबारको विवरण उपलब्ध गराउनुपर्नेछ । विवरणमा ब्याजदर, लाभांश, शुल्क आदिका विवरण खुलेको हुनुपर्नेछ ।

(३) सदस्य संघ-संस्थाले सदस्यहरूलाई निष्पक्ष र समान व्यवहार गर्नुपर्दछ । व्यक्तिगत सामीप्यता र चिनजानका आधारमा सेवा प्रवाहमा विभेद गर्नुहुँदैन । सदस्यहरूलाई संस्थासँग कारोबार गर्ने निर्णय गर्नु पूर्व पर्याप्त सूचना उपलब्ध गराउनुपर्दछ ।

(४) सदस्य संघ-संस्थाहरूले वास्तविकतामा आधारित, तुलनात्मक, पारदर्शी र सम्पूर्ण ऋणसँग सम्बन्धित सूचनाहरू सदस्यलाई उपलब्ध गराउनुपर्नेछ । क्षमतामा आधारित ऋण लगानीको सिद्धान्तमा रहेर ऋणको अभ्यास गर्नुपर्दछ ।

(५) सदस्य संघ-संस्थाहरूले ऋण असुली गर्दा मर्यादित र कानूनसम्मत विधिहरूको मात्र प्रयोग गर्नुपर्दछ ।

(६) सदस्य संघ-संस्थाहरूले सदस्यको व्यक्तिगत सूचना (नियामक निकायले कानूनबमोजिम मागेबाहेक) कोही कसैलाई कुनै पनि प्रयोजनमा दिनुहुँदैन । व्यक्तिगत सूचनाहरू गोप्य राखिनेछ भन्ने कुरामा सदस्यलाई विश्वस्त बनाउनुपर्दछ ।

(७) सदस्य संघ-संस्थाहरूले सदस्यहरूको गुनासो सुनुवाइको संयन्त्र तथा विवाद समाधानका लागि प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

(८) सदस्यहरूलाई बचत परिचालन, ऋण सदुपयोगिता र वित्तीय साक्षरतासम्बन्धी शिक्षा नियमित रूपमा प्रदान गर्नुपर्दछ ।

(९) सदस्य संघ-संस्थाहरूले प्रजातान्त्रिक नियन्त्रण प्रणाली स्थापित गर्न निष्पक्ष रूपान्तरणमार्फत पद हस्तान्तरण गर्नुपर्दछ ।

## ३०. उद्यमशीलता विकास सेवा सञ्चालन :

(१) सदस्य संघ-संस्थाहरूले वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था गरी उद्यमशीलता विकास सेवा सञ्चालन गर्नुपर्दछ ।

(२) सदस्यहरूमाझ उद्यमशीलता विकास गर्न नियमित तालिम कार्यक्रम, प्रोत्साहनमूलक ऋण कार्यक्रम र बजार सम्बन्धका संयन्त्रहरु विकास गर्नुपर्दछ ।

(३) सदस्य संघ-संस्थाहरूले उद्यमशीलतासम्बन्धी फोकल पर्सन तोकी आवश्यक दक्षता विकासका लागि अवसर उपलब्ध गराउनुपर्नेछ ।

(४) रू. ५० करोडभन्दा माथि कुल सम्पत्ति भएका सदस्य संघ-संस्थाहरूले/ सदस्यहरूले उत्पादन गरेको वस्तु तथा सेवा प्रदर्शनका लागि कार्यालय हाताभित्र प्रदर्शनी कक्षको व्यवस्था गर्नुपर्दछ ।

## ३१. स्वयंसेवी परिचालन :

(१) सदस्य संघ-संस्थाहरूको सञ्चालक समिति, उपसमिति, लेखा सुपरिवेक्षण समिति स्वयंसेवाको भावनाले परिचालित हुनुपर्नेछ ।

(२) सदस्य संघ-संस्थाहरूले स्वयंसेवी परिचालन आन्तरिक कार्यविधि विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

(३) सदस्य संघ-संस्थाको सञ्चालक समितिले रणनीतिक व्यवसायिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेट बैशाखदेखि सुरू गरी असार मसान्तसम्म स्वीकृत गर्नुपर्दछ ।

(४) सदस्य संघ-संस्थाको सञ्चालक समितिले वार्षिक रूपमा संस्था सञ्चालनका लागि आवश्यक आन्तरिक कार्यविधिहरु निर्माण तथा अद्यावधिक गर्नुपर्दछ ।

(५) सदस्य संघ-संस्थाका समितिका सदस्यहरु समुदायमा नमुनायोग्य रूपमा स्थापित हुनुपर्नेछ ।

(६) सदस्य संघ-संस्थाहरूमा विश्वासयोग्य सञ्चालक मान्न भाखा नाघेको ऋण ५ प्रतिशतभन्दा कम र नियमित बचत गर्ने सदस्य ९० प्रतिशतभन्दा बढी हुनुपर्दछ ।

(७) सदस्य संघ-संस्थाहरूका समितिका सदस्यहरु सहकारीको मूल्य मान्यता, सिद्धान्त, तथा सहकारी संस्कारप्रति प्रतिबद्ध भई सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा योगदान गरेको हुनुपर्दछ ।

(८) सदस्य संघ-संस्थाहरूका समितिका सदस्यहरु व्यक्तिगत रूपमा वित्तीय अनुशासन पालनामा उत्कृष्टता हासिल गरेको हुनुपर्दछ ।

(९) सदस्य संघ-संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिहरूको वार्षिक रूपमा स्वमूल्यांकन गरी विकासको योजना निर्माण गर्नुपर्दछ ।

(१०) संघ-संस्थामा स्तरीय आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

(११) सदस्य संघ-संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरूलाई अनिवार्य रूपमा कम्तीमा पनि तीन दिनको सहकारी व्यवस्थापनसम्बन्धी तालिम दिने व्यवस्था मिलाउनुपर्दछ ।

## ३२.स्वयंसेवीहरुको उपयुक्तता (फिट एण्ड प्रोपर) परीक्षण :

(१) सदस्य संघ सस्थाको निर्वाचन हुने साधारणसभा अगावै पूर्वनेतृत्व अभिमुखीकरण सम्बन्धी कम्तीमा २ वटा तालिम कार्यक्रम राख्नुपर्नेछ । पूर्व नेतृत्व अभिमुखीकरणमा सहभागी हुन कम्तीमा ३० दिन अगावै सूचना प्रकाशन गरी सदस्हरूलाई जानकारी गराउनु पर्दछ ।

(२) निर्वाचनको कार्यतालिकामा उम्मेदवारी दिने सदस्हरूको फिट एण्ड प्रोपर टेस्टको फारम भराई स्वःघोषणा गराउनुपर्दछ । साथै निर्वाचन उपसमितिले फिट एण्ड प्रोपर टेस्टको सत्य तथ्य जाँच गर्नुपर्दछ ।

(३) निर्वाचनको कार्यतालिकामा उम्मेदवारी दिने सदस्हरूको फिट एण्ड प्रोपर टेस्टको फारम भराई स्वःघोषणा गराउनुपर्दछ । साथै निर्वाचन उपसमितिले फिट एण्ड प्रोपर टेस्टको सत्य तथ्य जाँच गर्नुपर्दछ । फिट एण्ड प्रोपर टेस्टको नमुना ढाँचा अनुसूची ७ मा दिईएको छ ।

(४) उम्मेदवारी दिने सदस्यहरू सहकारी ऐन नियमावली बमोजिम योग्य रहे/नरहेको जाँच गर्नुपर्दछ । संघीय सहकारी ऐन र नियमावलीले व्यवस्था गरेको योग्यता सम्बन्धी विवरण अनुसूची ८ मा संलग्न गरिएको छ ।

## ३३. सञ्जाल व्यवस्थापन:

(१) सदस्य संघ-संस्थाहरूले आबद्ध संघहरूको साधारणसभामा नियमित प्रतिनिधित्व गरी सक्रिय सहभागीता जनाउनुपर्नेछ ।

(२) संघ-संस्थाहरूले आबद्ध संघहरूमा वार्षिक रूपमा बुझाउनुपर्ने सदस्यता शुल्क तथा नियमित बचत भाद्र मसान्तभित्र दाखिला गरी सक्नुपर्नेछ ।

(३) सदस्य संघ-संस्थाहरूले आबद्ध संघहरूले सञ्चालन गरेको तालिम, गोष्ठी, सेमिनार, छलफल तथा अन्तरक्रियाजस्ता कार्यक्रममा सक्रिय सहभागीता जनाउनुपर्नेछ ।

(४) संघले विकास गरेका साझा सेवाहरूमा सहभागी हुनुपर्नेछ ।

## ३४. विविध :-

(१) संघ-संस्थाको खुद बचतबाट प्राप्त हुने सामुदायिक विकास कोषको रकम परिचालनका लागि आन्तरिक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

(२) सामुदायिक विकास कोषको रकम समुदायमा रहेका सम्पूर्ण व्यक्तिहरु लाभान्वित हुन सक्ने र संघ-संस्थाको छवि प्रवर्द्धनमा सहयोग पुग्ने बृहत् हितका कार्यक्रमहरूमा योजना निर्माण गरी खर्च गर्न सकिनेछ ।

(३) सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा विभागले जारी गरेको कार्यविधिअनुसार मात्र अन्तरसहकारी कारोबार सञ्चालन गर्नुपर्दछ । प्रारम्भिक संस्थाले प्रारम्भिक सहकारी संस्थासँग नै बचत तथा ऋणको कारोबार गर्नु हुदैन ।

(४) संघ-संस्थाको वस्तु तथा सेवा प्रवाह गर्न आन्तरिक स्रोतले मात्र नपुगेमा बाह्य स्रोत उपयोग गर्न सकिनेछ । यसरी बाह्य स्रोत उपयोग गर्दा सन्जाललाई पहिलो प्राथमिकतामा राख्नुपर्नेछ ।

(५) सहकारी ऐन, २०७४ अनुसार आव समाप्त भएको मितिले ३ महिनाभित्र बाह्य लेखा परीक्षण सम्पन्न गरी कात्तिक १५ गतेभित्र नेफ्स्कूनमा उपलब्ध गराउनुपर्नेछ ।

(६) संघ-संस्थामा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति नयाँ निर्वाचित भएर आएपछि सहकारीसम्बन्धी क्षमता विकास तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा बचत तथा ऋण सहकारी संस्थाहरूका लागि जारी (२०६९) सुशासन मार्गदर्शन (Good Governance Guidelines)

१. पर्ल्स (PEARLS) अनुगमन प्रणालीअनुसार मासिक वित्तीय प्रतिवेदन सञ्चालक समितिको नियमित/मासिक बैठकमा अनिवार्य छलफल गरी सुधारका योजनासहित उपायहरु अवलम्बन गर्ने ।

२. सञ्चालक र कर्मचारीहरूको सहभागीतामा ४ वर्षे रणनीतिक तथा व्यवसायिक योजना र आवधिक व्यवसाय निरन्तरता योजना (BCP) तयार गरी लागु गर्ने र त्रैमासिक रूपमा समीक्षा गरिरहने ।

३. कम्तीमा बचत नीति, ऋण नीति, आर्थिक प्रशासन नीति, वित्तीय व्यवस्थापन नीति, सुशासन नीति, कर्मचारी (मानव संशाधन) व्यवस्थापन नीति तयार गरी लागु गर्ने र वार्षिक रूपमा पुनरवलोकन गर्ने ।

४. सदस्य, सञ्चालक र कर्मचारीहरूको फरक–फरक आचारसंहिता तयार गरी पूर्ण रूपले पालना गर्ने/गराउने ।

५. दैनिक कार्यसञ्चालनका लागि स्वायत्त व्यवस्थापन संरचनामार्फत दक्ष कर्मचारी व्यवस्थापन गरी नवीनतम् प्रविधि मार्फत सेवा प्रवाह गर्ने ।

६. संस्थामा पारदर्शिता कायम गर्न सदस्य सेवाका प्रक्रिया, समय र शुल्कहरु देखिने गरी सदस्य बडापत्र प्रकाशन गर्ने, मासिक वित्तीय एवं सदस्यताको अवस्था झल्कने विवरण कार्यालयमा सूचना पाटीमा टाँस गर्ने साथै मासिक विवरण तोकिएको ढाँचामा केन्द्रीय संघ र नियामक निकायमा पेश गर्ने ।

७. संस्थालाई समुदाय तथा सदस्यमुखी बनाउन तोकिएको कार्यक्षेत्रभित्र मात्र कारोबार गर्ने, नियमित सदस्यता खुला राख्ने र समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको दोहोरो सदस्यता त्याग गर्ने ।

८. संस्थाले ऋण लगानी गर्दा उत्पादनमूलक क्षेत्रमा प्राथमिकता कायम गर्ने र सञ्चालक समिति एवं लेखा सुपरिवेक्षण समितिका कुल सदस्यको ४९ प्रतिशत सदस्यले मात्र ऋण सेवा उपयोग गर्ने साथै ब्याज दरमा सदस्य र सञ्चालकहरूबीच विभेद नगर्ने ।

९. नेपाल सरकारले जारी गरेको लेखामानअनुरूप लेखा अभिलेख राख्ने, कम्प्युटर सफ्टवेयर प्रणालीबाट लेखा राख्दा प्रमाणिक एवं विश्वसनीय सफ्टवेयर प्रयोग गर्ने ।

१०. सबै सदस्यहरूलाई संस्थाबाट तोकिएको न्यूनतम मासिक बचत गर्न नियमित रूपमा

अनिवार्य गराउने, तीन वर्षभन्दा लामो अवधिका आवधिक बचत स्वीकार नगर्ने, बचत र ऋण सेवामा भारित औसत ब्याज फरकता दर ६ प्रतिशतभन्दा कम कायम गर्ने ।

११. संस्थाको आय क्षमताअनुसार साधारणसभाबाट स्वीकृत बजेटको परिधिभित्र रहेर मात्र खर्च (तलब, भत्ता, घर भाडा, अफिस कार्यालय सजावट, सवारी साधन, प्रकाशन, साधारणसभा आदि) गर्ने ।

१२. कानूनले बन्देज गरेका क्षेत्रमा स्वनिर्णयका आधारमा खर्च लेखी वितरण नगर्ने र संस्थाको संस्थागत पुँजी वृद्धि गर्ने खालका कोषहरु (जगेडा कोष, सहकारी विकास कोष, घाटा पूर्ति कोष आदि) वृद्धि गर्दै लैजाने ।

१३. ऋणीको आय क्षमता र निजको परियोजनाको सूक्ष्म विश्लेषण गरी ऋणको सुरक्षा सुनिश्चित गरेर मात्र सदस्यलाई ऋण लगानी गर्ने, ऋणलाई किस्ताबन्दीमा असुल गर्ने, भाखा नाघेको ऋणको सही गणना गरी नियमानुसार ऋण सुरक्षण कोष व्यवस्थापन गर्ने, ऋण नवीकरणको अभ्यास नगर्ने तर व्यवसायमा परेको प्रभावको आधारमा अवधि वा ऋण रकम थप गर्ने र तोकिएको मापदण्डभन्दा बढी हुने गरी व्यवस्थापन शुल्क र ब्याज नलिने । कम्तीमा ३० प्रतिशत सदस्यमा ऋण सेवा प्रवाह गर्ने ।

१४. कानूनबमोजिम संस्थाले तिर्नुपर्ने दायित्वहरु स्पष्ट देखाई समयमै सम्बन्धित निकायमा भुक्तानी गर्ने ।

१५. संस्थाको वस्तु तथा सेवा (बचत तथा ऋण) उपभोग गर्दा सञ्चालक तथा कर्मचारीले सेयर सदस्यको भन्दा फरक हुने गरी उपभोग गर्न नहुने ।

१६. संस्था आफ्ना विषयगत संघहरु (जिल्ला बचत तथा ऋण सहकारी संघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) मा अनिवार्य आबद्ध हुने, संघको अनुगमनमा आवश्यक सूचना उपलब्ध गराउने र मार्गदर्शनको पालना गर्ने ।

१७. सञ्चालक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने विषयमा सहकारी शिक्षा एवं पेसागत क्षमता अभिवृद्धि हुने खाले तालिमहरु योजनामा समावेश गरी सञ्चालन गर्ने वा संघहरूले सञ्चालन गरेका कार्यक्रममा सहभागी हुने । संस्थामा भ्रमण नीति बनाई उद्देश्यमूलक भ्रमण मात्र गर्ने र भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गर्ने ।

१८. एकाघर परिवारका सदस्य सञ्चालक समिति तथा कर्मचारी हुने गरी नबस्ने, नराख्ने नीतिगत व्यवस्था गर्ने ।

१९. समान प्रकृतिका प्रारम्भिक संस्थाहरूबीच कानूनले तोके विपरित (बचत संकलन र ऋण लगानी) वित्तीय कारोबार नगर्ने । सदस्य पहिचान गरी दोहोरो सदस्यता खारेज गर्ने,

दोहोरो सदस्यता दिने परिपाटी अन्त्य गर्ने र संस्थाको दिगो विकास तथा प्रतिस्पर्धी क्षमता बढाउन स्थानीय सम्भाव्य संस्थाहरूसँग एकीकरण गर्ने ।

२०. एकरूपता प्रणालीको मर्मअनुरूप नेफ्स्कूनका उत्पादन तथा सेवा (सफ्टवेयर, तालिम तथा शिक्षा, स्टेसनरी सेवा, बिमा योजना, गुणस्तर सुनिश्चितता, जोखिम सुपरिवेक्षण, अन्तरलगानी आदि) मा क्षमताअनुसार सहभागीता जनाउने । नीतिगत सर्वोच्चताको आधारमा कार्यगत स्वायत्तता अनुशरण गर्दै स्थिरीकरण कोष र ऐक्यबद्धता कोषमा आबद्ध हनुपर्ने ।

२१. संस्थाको ऋण नीतिभन्दा बाहिर गई एकै सदस्यलाई ठूलो आकारको ऋण लगानी नगर्ने । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापक र उनीहरूका एकाघर परिवारमा ऋण लगानी गर्दा सञ्चालक समितिको निर्णयबाट मात्र गर्ने ।

२२. संस्थाको अभिलेख तथा कागजातहरु सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

२३. संस्थाको दैनिक, मासिक, त्रैमासिक र वार्षिक खाताबन्दी गर्ने, ब्याज आम्दानीलाई नगद आयको आधारमा मात्र आम्दानी जनाउने ।

२४. आन्तरिक लेखापरीक्षण गरी मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन पेश गर्ने । २५ करोड रूपैयाँभन्दा बढी पुँजी परिचालन गर्ने संस्थाले आन्तरिक लेखापरीक्षण अधिकृतको व्यवस्था गर्ने ।

२५. वार्षिक कम्तीमा २५ प्रतिशत सदस्यहरूलाई सदस्य शिक्षा प्रदान गर्ने ।

**दफा १ को (९) सँग सम्बन्धित**

# अनुसूची १

| सहकारीका मूल्यहरु | |
|---|---|
| **आधारभूत मूल्यहरू** | **नैतिक मूल्यहरू** |
| आत्म-सहयोग | इमानदारिता |
| स्व-उत्तरदायित्व | खुल्लापन |
| लोकतन्त्र | सामाजिक उत्तरदायित्व |
| समानता | अरूको हेरचाह |
| समता (न्याय) | |
| ऐक्यबद्धता | |

**सहकारीका ७ सिद्धान्तहरू :**

१. खुल्ला तथा स्वेच्छिक सदस्यता

२. सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण

३. सदस्यहरूको आर्थिक सहभागीता

४. स्वायत्तता तथा स्वतन्त्रता

५. शिक्षा, तालिम तथा सूचना

६. सहकारीबीच सहयोग

७. समुदायप्रति चासो

**बचत तथा ऋण सहकारीका चार सिद्धान्तहरू :**

१. सदस्य सुरक्षा सिद्धान्त

२. सुशासन सिद्धान्त

३. सञ्चालन सिद्धान्त

४. सुरक्षा र स्वस्थताको सिद्धान्त

**बचत तथा ऋण सहकारी सञ्चालनका दश सिद्धान्तहरू :**

**क) सहकारी संरचना**

१. सदस्यको स्वामित्व

२. सदस्यद्वारा नियन्त्रण

३. प्रजातान्त्रिक नियन्त्र

**ख) सदस्यलाई सेवा**

४. वित्तीय समावेशीकरण

५. वित्तीय दीगोपना (स्थायित्व)

६. सदस्यको आर्थिक लाभमा वृद्धि

**ग) सामाजिक उत्तरलायित्व**

७. वित्तीय साक्षरता

८. सञ्जाल सहकार्य

९. सामाजिक उत्तरदायित्व

१०) विश्वव्यापी परिकल्पना

# अनुसूची २

| ......................... सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| ................................... | | | |
| **वित्तीय स्थितिको विवरण** | | | |
| ............ सम्मको | | | |
| **पुँजी तथा दायित्व** | **लेखा टिप्पणी** | **यस आ.व.को** | **गत आ.व.को** |
| सेयर पुँजी | १ | | |
| कोष हिसाब | २ | | |
| बचत तथा निक्षेप | ३ | | |
| बाह्य ऋण तथा सापटी | ४ | | |
| पुँजीगत अनुदान | ५ | | |
| चालू दायित्व तथा व्यवस्था | ६ | | |
| कर दायित्व | ७ | | |
| दीर्घकालीन दायित्व | ८ | | |
| स्थगन कर दायित्व | ९ | | |
| **जम्मा** | | | |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | १० | | |
| लगानी हिसाब | ११ | | |
| कर्जा तथा सापट लगानी | १२ | | |
| चालू सम्पत्ति | १३ | | |
| स्थिर सम्पत्ति | १४ | | |
| अन्य दीर्घकालीन सम्पत्ति | १५ | | |
| स्थगन कर सम्पत्ति | ९ | | |
| **जम्मा** | | | |

# अनुसूची ३

| ................... सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| ................................. | | | |
| नाफा/नोक्सान हिसाबको विवरण | | | |
| .................. देखि ................ सम्मको | | | |
| **विवरण** | **लेखा टिप्पणी** | **यस आ.(व.को** | **गत आ.व.को** |
| ब्याज आम्दानी | १७ | | |
| ब्याज खर्च | १८ | | |
| **खुद ब्याज आम्दानी/(खर्च)** | | | |
| अन्य सञ्चालन आम्दानी | १९ | | |
| **कुल सञ्चालन आम्दानी** | | | |
| प्रशासनिक खर्च | २१ | | |
| ह्रास कट्टी खर्च | १५ | | |
| **सम्भावित नोक्सानीअघिको सञ्चालन मुनाफा** | | | |
| सम्भावित नोक्सानी व्यवस्था | | | |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | | | |
| गैह्रसञ्चालन आम्दानी | | | |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | | |
| **नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सान)** | | | |
| असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | | | |
| **सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा** | | | |
| कर्मचारी बोनस | | | |
| **करअघिको नाफा/(नोक्सान)** | | | |
| आयकर खर्च | | | |
| यस वर्षको कर व्यवस्था | ९ | | |
| विगत वर्षसम्मको कर व्यवस्था | | | |
| यस वर्षको स्थगन कर आम्दानी/ खर्च | | | |
| **खुद नाफा/(नोक्सान)** | | | |

# अनुसूची ४

| ................... सहकारी संस्था लिमिटेड<br>..................................<br>नगद प्रवाह विवरण<br>.........................को | | | |
|---|---|---|---|
| **विवरण** | | **यस आ.व.को** | **गत आ.व.को** |
| सञ्चालन गतिविधिबाट नगद प्रवाह | | | |
| करपछिको नाफा/(नोक्सान) | | | |
| समायोजन : | | | |
| १. ह्रास कट्टी | (+) | | |
| २. क्षयीकरण खर्च | (+) | | |
| ३. विभिन्न कोषको समायोजन | (+/-) | | |
| ४. कर भुक्तानी रकम | (-) | | |
| ५. | | | |
| सञ्चालन गतिविधिबाट नगद प्रवाह | | | |
| चालू सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | | |
| १. निक्षेप हिसाबमा वृद्धि/(कमी) | | | |
| २. अन्य दायित्व तथा व्यवस्थामा वृद्धि/(कमी) | | | |
| ३. भुक्तानी दायित्वमा वृद्धि/(कमी) | | | |
| ४. लगानीमा वृद्धि/(कमी) | | | |
| ५. चालू सम्पत्तिमा वृद्धि/(कमी) | | | |
| ६. | | | |
| कुल कार्यशील पुँजीबाट नगद प्रवाह | | | |
| कुल सञ्चालन गतिविधिबाट नगद प्रवाह (क) | | | |

# अनुसूची ५

## साकोस एकरुपता प्रणाली ( Unified SACCOS System) मा प्रयोग हुने रंगको शाब्दिक अर्थ र त्यसको स्पष्टिकरण

**साकोस एकरुपता प्रणाली :** नेपालमा वित्तीय सहकारीहरुको संख्यात्मक वृद्धि संगै यस क्षेत्रमा दिन प्रतिदिन बढ्दै गइरहेको जोखिमलाई व्यवस्थापन गर्ने उद्देश्यका साथ नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)ले आफ्ना सदस्य संस्थाहरुको छुट्टै पहिचान सहित व्यवस्थित एवं एकै स्वरुपमा सञ्चालन गर्नको लागि विधि, प्रविधि, नीति र कार्यनीतिमा एकरुपताका साथै दर्शनिय पहिचान (Visual Identity) मा समेत एउटै व्यवस्था कायम गर्नको लागि संघको २३ औं साधारण सभाबाट विनियममा व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको प्रविधिलाई साकोस एकरुपता प्रणलीले प्रतिबिम्वित गर्दछ। यसले साकोसमा जोखिम आउन सक्ने सम्भाव्य क्षेत्रहरुको पूर्वानुमान गरी उक्त क्षेत्रमा सुधारका प्रयास गर्ने र हाल भइरहेका अस्वस्थ प्रतिष्पर्धालाई व्यवस्थापन गरी साकोस अभियानका माध्यमबाट स्वस्थ प्रतिष्पर्धात्मक अर्थ व्यवस्था कायम गर्न मार्ग प्रशस्त गर्दछ।

**एकरुपता प्रणालीमा प्रयोग हुने रङ्गको मर्म :** अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी क्षेत्रका लागि निर्धारण गरेका ७ वटा छुट्टा छुट्टै रंगको मर्मलाई आत्मसाथ गर्दै नेपालको भौगोलिक परिस्थिति र चरणबद्ध विकासक्रमलाई समेत प्रतिविम्बित गर्न मुख्य दुई रंगलाई एकरुपता प्रणालीको आधिकारिक रंगको रुपमा निर्धारण गरिएको छ। यसमा प्रयोग हुने रंगले साकोस अभियानमा निम्न मर्मलाई प्रतिबिम्वित गर्दछन् :

**(क) रातो** : रातो रंगले साकोस अभियानको शक्ति, सामर्थ्य र समृद्धिलाई जनाउँनुका साथै स्थापना देखि निरन्तर आफ्नो संस्थागत सामर्थ्य वृद्धिका लागि प्रयत्नरतलाई प्रतिबिम्वित गर्दछ।

**(ख) हरियो** : हरियो रंगले सहकारीका सदस्यको साथै आफ्ना उत्पादन र सेवाहरुको निरन्तर वृद्धि र विकासको लागि जारी संघर्षलाई जनाउँछ। यो प्रकृतिको प्रतिबिम्व एवं निरन्तर प्रगति, सौहाद्रता र शान्तिको प्रतिक हो।

**एकरुपता प्रणालीमा प्रयोग हुने रङ्गहरुको अनुपात :** एकरुपता प्रणालीमा आबद्ध संस्थाहरुले आफ्ना सम्पूर्ण छपाईहरुमा संस्थागत रंगको प्रयोग गर्नु पर्दछ। यसरी रंगको प्रयोग गर्दा हरियो रंगको अनुपात ८० प्रतिशत र रातो रंगको अनुपात २० प्रतिशत हुने गरी गर्नु पर्दछ। संस्थाको साईन बोर्ड, पत्र ढाँचा, व्यावसायिक परिचय पत्र (Visiting Card), कार्यक्रम व्यानरहरुको ढाँचा संघले तोके बमोजिमको प्रयोग हुनेछ। भौतिक संरचनाहरुमा पहिचान खुल्ने गरी उक्त दुई रंगको प्रयोग संघले तोके बमोजिम गर्नु पर्दछ।

रातो रंगको लागि कोड : **CMYK** (C : 00, M : 100, Y : 100, K : 00)

हरियो रंगको लागि कोड : **CMYK** (C : 100, M : 00, Y : 100, K : 00)

**रातो** रंगले साकोस अभियानको शक्ति, सामर्थ्य र समृद्धिलाई जनाउँनुका साथै स्थापना देखि निरन्तर आफ्नो संस्थागत सामर्थ्य वृद्धिका लागि प्रयत्नरतलाई प्रतिबिम्वित गर्दछ ।

**अर्थ**

## GREEN indicates struggle for membership growth and development

**हरियो** रंगले सहकारीका सदस्यको साथै आफ्ना उत्पादन र सेवाहरुको निरन्तर वृद्धि र विकासको लागि जारी संघर्षलाई जनाउँछ । यो प्रकृतिको प्रतिबिम्व एवं निरन्तर प्रगति, सौहाद्रता र शान्तिको प्रतिक हो ।

**बोर्डमा प्रयोग हुने अक्षर :**

संस्थाको साईनबोर्डमा हरियो र रातो पृष्ठभूमिमा सेतो रंगको अक्षर प्रयोग गरिनेछ । यसरी प्रयोग गर्ने अक्षरमा साकोसको नाम मात्रको लागि Ganesh र अन्यको हकमा Himalb Font को प्रयोग गर्नुपर्ने छ । अंग्रेजीमा साईनबोर्ड बनाउँदा नेपाली अनुसारकै अक्षरको रंग र Name नाम लेख्न Calibri र अन्यको हकमा Arial Font प्रयोग गर्नुपर्ने छ ।

**बोर्डको साईजः**

१. सहकारी विभाग परिपत्र मार्फत : ३ x ६ फिट, सामान्य ठाँउको लागि (घ र ङ वर्गको लागि)

२. प्रस्तावित : ३.५ x ८ फिट, सामान्य ठाँउको लागि (क, ख र ग वर्गका संस्थाले प्रयोग गर्न सक्ने)

३. प्रस्तावित : ४ x १२ फिट, ठूलो ठाँउको लागि (क र ख वर्गका संस्थाले प्रयोग गर्न सक्ने)

कार्यालयमा उपलब्ध ठाँउ अनुसार १ फिटसम्म लचकता अपनाउन सकिने ।

# अनुसूची ६

# साकोस भौतिक सुरक्षा निर्देशिका २०८०

वित्तीय सेवा प्रदायक संस्थाहरूमा देखिन सक्ने विभिन्न जोखिममध्ये संस्थामा हुन सक्ने भौतिक आक्रमण चोरी, डकैती, कागजातको नष्ट लगायतका जोखिमहरूलाई नियन्त्रण गर्न एवं यस प्रकारको घटना घट्न नदिन अपनाउनुपर्ने सावधानीको लागि सुरक्षा संस्कार विकास गर्न एवं भौतिक सुधार कायम गर्न वाञ्छनीय देखिएकोले यो सुरक्षा निर्देशिका, २०८० तयार गरि कार्यान्वयनमा ल्याईएको छ ।

## १. सुरक्षा संवेदनशिलता एवं सुरक्षा व्यवहारको अवलम्बन :

१.१) हरेक कर्मचारीहरूको मोबाईलमा ईमरजेन्सी नम्बरहरू जस्तै : दमकल, प्रहरी, प्रशासन आदिको नम्बरहरू सुरक्षित राखिनेछ । विशेषगरि नगदसँग प्रत्यक्ष सम्बन्धमा आईरहने कर्मचारीहरू जस्तैः बचत संकलनमा जाने कर्मचारीहरू, टेलरका कर्मचारीहरू, सेक्युरिटीमा रहने कर्मचारीहरूसँग यस प्रकारको नम्बर सुरक्षित राखिएको हुनुपर्दछ ।

१.२) मोबाईलमा स्पिड डायल नम्बरहरू सेट गर्ने । मोबाईलको सेटिङमा गएर स्पिड डायल नम्बरहरू सेट गरिनेछ ।

१.३) कुनै आकस्मिकता परेमा सम्पर्कको लागि व्यवस्थापनमा सुरक्षा कार्यदल बनाउने । सो कार्यदलले मोबाईल साईलेन्समा राख्ने वा स्वीच अफ गरी नसुत्ने । यदि आँफुलाई केही समस्या रहेमा कार्यदलको अर्को सदस्यलाई अलर्टमा रहन सन्देश दिनुपर्दछ ।

१.४) संस्थाको सुरक्षा गोपनीयतासँग सम्बन्धित विषयहरू जस्तैं सिसि क्यामेराहरू कहाँ कहाँ छन् ? भल्ट कहाँ रहेको छ ? स्वीच प्वाईन्टहरू कहाँ रहेका छन् ? जस्ता विषयहरू सुरक्षा घेरासँग सम्बन्धित कर्मचारीहरूबाहेक अन्यलाई जानकारी दिनुहुँदैन ।

## २. भौतिक सुरक्षा एवं व्यवस्थापन सम्बन्धमा ।

२.१) भल्ट खरिद गर्दा ब्राण्डेड भल्टहरू मात्र खरिद गर्नुपर्दछ ।

२.२) भल्ट राख्ने स्थान कक्ष गोप्य किसिमको बनाउने । कुनै फर्निचर दराजले ढाकिएजस्तै देखिने किसिमको पजल डोर (Puzzle Door ) हरू विभिन्न ठाउँमा बनाउनुपर्दछ ।

२.३) भल्ट रूममा गोप्य क्यामेराहरू जडान गर्नुपर्दछ ।

२.४) सी.सी. क्यामरा वायरिङ्गहरूलाई सकेसम्म वालको भित्रपट्टीबाट र भवनको बाहिर पाईपहरू राखि वायरिङ गरिनुपर्दछ ।

२.५) संवेदनशील कक्षहरूको झ्यालमा ग्रिल बाहेक थप फलामे बारको प्रयोग गर्नुपर्दछ ।

२.६) भल्टको लागि भुँई तला भन्दा पहिलो तल्ला वा सो भन्दा माथिको तल्लाहरूमा राख्नुपर्दछ ।

२.७) भल्ट रूमको ढोकामा निश्चित तह भन्दा बढीको प्रेसर परेमा कम्पनको आधारमा एवं निश्चित कार्यालय समय पश्चातको प्रवेशमा अटोमेटिक अलार्म बज्ने किसिमको व्यवस्था गर्नुपर्दछ ।

२.८) सेक्युरिटी गार्ड बसेको स्थानमा अति संवेदनशील बाहेकको कक्षहरूको जस्तै : मेन गेट, च्यानल गेटहरूको सी.सी. क्यामेरा दृश्य देखिने मोनिटर राख्नुपर्दछ र कोहि अनधिकृत रूपमा प्रवेश गरेमा तुरून्त अलर्ट मेसेज पठाउन सक्ने व्यवस्था मिलाउनु पर्दछ ।

२.९) सेन्सर लाईटहरू जडान गर्नुपर्दछ ।

२.१०) सेन्सर अलार्म बेलहरू जडान गर्नुपर्दछ ।

२.११) सेक्युरिटी गार्ड कक्षमा ईमरजेन्सी अलार्म सेटहरूको व्यवस्था मिलाउनु पर्दछ ।

२.१२) सी.सी. क्यामेरा ड्युल रेकर्डिङको अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

२.१३) कार्यालय परिसरमा कुकुर, बिरालो एवं अन्य जीवजन्तुहरू नछिर्ने गरि गेट एवं पर्खालहरूको व्यवस्थापन गरिनुपर्दछ ।

२.१४) आपतकालिन अवस्थामा उद्दारको लागि विपद् व्यवस्थापन गृह बनाउनु पर्दछ ।

## ३. नगद बैंक लैजाँदा र ल्याउँदा अपनाउनुपर्ने सुरक्षा सचेतना

३.१) बैंकमा नगद लैजानुपूर्व अनिवार्य रूपमा क्यास ईन ट्रान्जिट विवरण भर्ने । यसरी विवरण भर्दा सी.सी. क्यामेराको रेकर्डमा देखिने गरि लेख्नु पर्दछ ।

३.२) क्यास ईन ट्रान्जिटमा रहँदा सँगै अन्य कामहरू गर्नुहुदैन ।

३.३) क्यास ईन ट्रान्जिटमा रहँदा कम्तीमा दुई जना व्यक्तिलाई सवारी साधनमा पठाउनु पर्दछ ।

३.४) क्यास ईन ट्रान्जिटको बीमा गर्नुपर्दछ ।

## ४. कागजातको सुरक्षा सम्बन्धमा :

४.१) ऋणका कागजातहरूको सुरक्षाको लागि अनिवार्य रूपमा डिजिटाईज गर्नुपर्नेछ । यसलाई सुरक्षित तवरले नेटवर्क एट्च्याड् स्टोरेज वा क्याउड स्टोरेजमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

४.२) ऋणको फाईलहरूबाट सरकारी छाप लागेका कागजात एवं ऋणको तमसुक, अंशियारको मञ्जुरीनामा लगायतको ल्याप्चे लगाईएको कागजातहरू अनिवार्य रूपमा खाम वा फाईलमा राखि फायरप्रुफ दराजमा राख्नुपर्नेछ ।

४.३) कारोबारसँग सम्बन्धित सम्पूर्ण हिसाब किताबहरू ढुसी, मुसा, ओस, पानी, आगोबाट जोगिने गरि र खोजेको समयमा तुरून्तै भेटिने गरि क्रमबद्ध मिलाएर राखिने छ ।

४.४ कागजातहरू राखिएको कक्ष एवं दराजको साँचोहरूको साँचो पुस्तिका बनाई सो साँचोको जिम्मेवारी दिईनेछ । सो कागजातहरूमा कुनै जोखिम देखिएमा सो सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाईनेछ ।

## ५. सेक्युरिटी गार्डले ध्यान दिनुपर्ने विषयहरू :

५.१ सेक्युरिटी गार्डको प्रमुख दायित्व संस्थामा आउन सक्ने भौतिक जोखिमहरूबाट बचाउनु हो । प्राथमिक दायित्वबाट नपन्छिने गरि मात्र अन्य कार्यहरूमा सहयोगी कार्यहरू गर्न सकिनेछ ।

५.२ सेक्युरिटी गार्डले अनिवार्य रूपमा मेटल डिटेक्टरको प्रयोग गरी जाँच गर्नुपर्दछ ।

५.३ रात्रीकालिन सेक्युरिटी गार्डहरूले निदाउन पाईने छैन । निदाउन सक्ने जोखिमलाई न्यूनीकरण गर्न हरेक १ घण्टाको अन्तरालमा बज्ने गरि अलार्म सेट गरि राखिनेछ । सो अलार्म सेट अनिवार्य उठेर गएर बन्द गर्नुपर्ने गरि व्यवस्था मिलाईनेछ ।

५.४ सेक्युरिटी गार्डले मोबाईलमा गाना बजाएर सुन्ने, हेडसेट वा स्पीकरको प्रयोग गर्ने, मोबाईलमा भिडियो हेरी बस्ने, मोबाईलमा कोहि कसैसँग अनावश्यक लामो कुराकानी गरि बस्ने जस्ता क्रियाकलापहरू गर्न पाईने छैन् । सेक्युरिटी गार्डले ड्युटी समयमा एक पटकमा २ मिनेटभन्दा बढी लामो कुराकानी गर्न पाइने छैन ।

५.५ सेक्युरिटी गार्डले सी.सी. क्यामेरा मोनिटरमा पटक पटक हेरिरहनुपर्दछ । साथै कुनै शंकास्पद गतिविधि लागेमा सुरक्षा कार्यदललाई सूचना पठाउनुपर्दछ ।

५.६ सेक्युरिटी गार्डले बेलुकी वा संस्थामा कुनै मानिसको अनावश्यक हिँडडुल भएको देखिएमा वा शंका लागेमा सोधपुक्ष गर्नुपर्दछ । असम्बन्धित मानिस भएमा अनावश्यक हिँडडुल गर्न निषेध गर्नुपर्दछ । साथै प्रशासनमा जानकारी गराउनुपर्दछ ।

५.७ सेक्युरिटी गार्डलाई कार्यालय वरपरबाट सबैभन्दा नजिकको सम्पर्क व्यक्तिहरूको सम्पर्क नम्बरहरू अद्यावधिक गरि राख्नुपर्दछ ।

## ६. कार्यालय खोल्दा र बन्द गर्दा ध्यान दिनुपर्ने विषयहरू:

६.१ कार्यालय बन्द गर्दा सबै झ्याल ढोकाको चुकुल राम्रोसँग लागे नलागेको जाँच गर्नुपर्दछ ।

६.२ कार्यालयमा चाबी लगाईसकेपछि सो लागे नलागेको यकिन गर्न एकपटक चाबी तानेर ठीक ढंगले लगाईएको सुनिश्चित गर्नुपर्दछ ।

६.३ जति तहको प्रवेशद्वार छ सबैमा चाबी अनिवार्य लगाउनुपर्नेछ ।

६.४ कार्यालय बन्द गरिसकेपछि भोलिपल्ट चाबी खोल्दा कुनै अस्वभाविक अवस्था देखिएमा सुरक्षा कार्यदल कर्मचारीलाई सम्पर्क गर्नुपर्दछ ।

## ७. शंकास्पद घटनाप्रतिको प्रतिक्रिया :

७.१ कुनै घटना घटेको शंका लागेमा सर्वप्रथम त्यो क्षेत्रलाई सिल गर्नुपर्दछ । त्यहाँ कसैलाई प्रवेश गर्न दिनुहुँदैन ।

७.२ नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरी घटनाको बारेमा विवरण टिपाउनुपर्दछ ।

७.३ यदि घटना घटेको स्थानमा कुनै असर नपार्ने गरि टाढैबाट फोटो वा भिडियो लिई अवस्थालाई रेकर्ड राख्न सकिनेछ ।

७.४ सुरक्षाकर्मी आईसकेपछि निजहरूको आदेश मुताविक आवश्यक कार्यबाही अघि बढाउनुपर्दछ ।

## ८. सुरक्षा अडिट गर्ने :

८.१ संस्थाले सुरक्षा संवेदशिलतालाई ध्यानमा राखि त्रैमासिक रूपमा सुरक्षा अडिट गर्नुपर्दछ । सुरक्षा अडिट नमुना ढाँचा अनुसूचि ६.१ बमोजिम हुनेछ । (नमुना मात्र)

८.२ संस्थाभित्र सजिलै पस्न सक्ने सम्भावित स्थानहरूलाई बन्द गरि सुरक्षित बनाउनुपर्दछ ।

८.३ सुरक्षा जाँच गरेको प्रतिवेदन व्यवस्थापन प्रमुखले प्रमाणित गराई राख्नुपर्दछ ।

**अनुसूची ६.१ सुरक्षा अडिट अवस्था**

| क्र.सं | क्षेत्र | हालको अवस्था | सुधार रणनीति | कहिलेसम्म गरिसक्ने ? |
|---|---|---|---|---|
| १ | सी.सी. क्यामेरा | | | |
| १.१ | सी.सी. क्यामेरा ड्युल रेकर्डिंग गरिएको छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| १.२ | संस्थामा हाल कतिवटा क्यामेराहरू रहेका छन ? ती क्यामेराहरू सबैले काम गरेका छन ? | | | |
| १.३ | ड्युल रेकर्डिङमा कुनै अवरोध आएको छ कि छैन ? आएको भए के कारणले आएको थियो ? | | | |
| १.४ | डिभिआर स्वीच प्वाईन्ट ईन्टरनेट स्वीच प्वाईन्टहरूको अवस्था सुरक्षित छ ? | | | |
| १.५ | तारहरू गोप्य रूपमा नदेखिने गरि वायरिङ गरिएको छ ? | | | |
| १.६ | माईक्रो क्यामेराहरू ठीक अवस्थामा रहेका छन ? | | | |
| २ | कागजातको सुरक्षा | | | |
| २.१ | नेटवर्क एट्याच्ड स्टोरेज छ ? | | | |
| २.२ | फायरप्रुफ दराज रहेको छ ? | | | |
| २.३ | ऋणका लिखतहरू स्क्यान गरि अपलोड गरिएको छ ? कुनै नमुना ५ ऋणका फाईलहरूको स्क्यान कपी भए नभएको जाँच गरिएको विवरण उल्लेख गर्ने । | | | |
| २.४ | सञ्चालक समितिको निर्णय पुस्तिका हस्ताक्षर पश्चात स्क्यान गरि राखिएको छ ? | | | |
| २.५ | कानूनी कागजातहरू स्क्यान गरि राखिएको छ ? | | | |
| ३. | सुरक्षा औजारहरूको अवस्था | | | |
| ३.१ | सेन्सर लाईटहरू ठीक अवस्थामा रहेका छन् ? | | | |
| ३.२ | फायर एक्स्टिङ्ग्युसर ठीक अवस्थामा राखिएको छ ? | | | |
| ३.४ | अलार्म बेल ठीक अवस्थामा रहेको छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.५ | मेटल डिटेक्टरको नियमित प्रयोग गरिएको छ ? | | | |
| ४ | सुरक्षा संस्कार र पूर्व तयारी अवस्थाको जाँच | | | |
| ४.१ | मोबाईलमा महत्वपूर्ण नम्बरहरूलाई स्पिड डायलमा राखिएको छ ? | | | |
| ४.२ | संस्थामा महत्वपूर्ण नम्बरहरूलाई डिस्प्ले गरि राख्ने व्यवस्था गरिएको छ ? | | | |
| ४.३ | सुरक्षा अप्ठ्यारो परेमा कसरी कम्युनिकेसन गर्ने सम्बन्धि ड्रिल अभ्यास गराईएको छ ? | | | |
| ४.४ | नयाँ कर्मचारीहरू भर्ना भएको १५ दिनभित्रमा सुरक्षा संस्कार सम्बन्धि अभिमुखीकरण गरिएको छ ? | | | |
| ४.५ | सुरक्षा कार्यदलको मोबाईलहरू स्वीच अफ नगरिएको एवं अति व्यस्त नबनाईएको जाँच गरिएको छ ? | | | |

# अनुसूची ७

## सञ्चालक समिति एवं लेखा सुपरिवेक्षण समिति उम्मेदवारीका लागि फिट एण्ड प्रोपर टेस्ट

### खण्ड क

**व्यक्तिगत विवरण :**

नाम थर : .................................................. लिङ्ग : म पु अन्य

हालको उमेर :

स्थायी ठेगाना : ................................................................

अस्थायी ठेगाना : ..........................................................

हालको पेशा : .........................

..........(साकोसको नाम) संस्थामा विगतदेखि वर्तमानसम्म

| | |
|---|---|
| सदस्यता मिति | |
| ....... (साल) देखि .... सम्म | ..... उपसमिति |
| ....... (साल) देखि .... सम्म | ..... उपसमिति |
| ....... (साल) देखि .... सम्म | ..... सञ्चालक समिति |
| ....... (साल) देखि .... सम्म | ..... |

अन्य सहकारीमा संलग्नता

| संलग्न रहेको सहकारी संस्थाको नाम | संलग्न संस्थाको ठेगाना | संलग्न रहेको संस्थामा पद | कहिलेदेखि संलग्नता रहेको ? |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

विषयगत संघहरूमा प्रतिनिधित्व एवं संलग्नता

| संलग्न रहेको सहकारी संघको नाम | संलग्न संस्थाको ठेगाना | संलग्न रहेको संस्थामा पद | कहिलेदेखि कहिलेसम्म |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अन्य संस्थामा (पेशागत संस्थाहरू एवं संघसंस्थाहरू ) संलग्नता

| संलग्न रहेको संस्थाको नाम | संलग्न संस्थाको ठेगाना | संलग्न रहेको संस्थामा पद | कहिलेदेखि संलग्नता रहेको ? |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## खण्ड ख

## सहकारी ऐन, नियमावली एवं अन्य नेपाल कानून बमोजिम योग्यता परीक्षण

| सूचकहरू | हो/होइन |
|---|---|
| १. म हालको समयमा अर्को सहकारी संस्थाको सञ्चालक सदस्य, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीमा रहेको छैन् । ( सहकारी ऐन २०७४ को दफा ४४ को ग र घ बमोजिम अर्को कुनै सहकारी संस्थाको सञ्चालक वा कर्मचारी रहेमा । | |
| २. म प्रत्यक्ष रूपमा नियमनकारी निकायमा मनोनित वा निर्वाचित सदस्य होईन । ( सहकारी नियमावली २०७५ को नियम ८१ ) | |
| ३. म कानूनी रूपमा कुनै करार गर्न असक्षम व्यक्ति होईन । | |
| ४. सहकारी संस्थासँग प्रतिस्पर्धा हुने गरि कुनै पनि व्यवसायमा म र मेरो परिवारको सदस्य संलग्न छैन् । (सहकारी ऐन २०७४ को दफा ४५ (ग) | |
| ५. म सम्पत्ति शुद्धिकरण निवारण ऐन नियम, आयकर तथा अन्य नेपाल कानून बमोजिम कारबाही भोगेको व्यक्ति होईन् । | |
| ६. मैले विगतमा स्विकार गरेको कुनै दायित्व वा क्षतिपुर्ति सम्बन्धी दायित्व पुरा गर्न बाँकी छैन् । | |
| ७. म सँग सम्बन्धित कुनै पारिवारिक वा पेशागत वा अन्य किसिमको अदालती कारबाही वर्तमानमा चलिरहेको छैन् । | |
| ८. मेरो ईमान्दारीता वा व्यापार पेशागत आचरणसँग सम्बन्धित मामिलाहरूको सम्बन्धमा मलाई पेशागत वा नियामक निकाय वा बाह्य विवाद समाधान समितिबाट हटाईएको छैन ? | |

| | |
|---|---|
| ९.मलाई सम्बन्धन लिएर गर्नुपर्ने व्यापार, व्यवसाय वा पेशाका लागि कानूनतः अयोग्य घोषणा गरिएको छैन् । | |
| १०. म आवद्ध भएको संघसंस्थाबाट सहकारी संस्थाको समिति तथा लेखा सुपरिवेक्षण समितिमा बस्न कुनै पेशागत एवं कानूनी अवरोध छैन् । | |
| ११. म विगतको ३ वर्षमा सम्पन्न साधारणसभामा बिना सूचना लगातार ३ पटकसम्म अनुपस्थित भएको छैन् । ( सहकारी ऐन २०७४ को दफा ३४ (ख) बमोजिम) | |

लेखा सुपरिवेक्षण समिति संयोजक एवं सदस्यको लागि थप व्यवस्था

| | | |
|---|---|---|
| १. सदस्यता लिएको ३ वर्ष पुरा भएको | भएको | नभएको |
| २. संस्थाले आँफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको । - लिएको भए सो को प्रमाणपत्र संलग्न गर्ने । | लिएको | नलिएको |

**नोटः सदस्य संघसंस्थाले आफुलाई नियमन गर्ने स्थानीय निकाय, प्रदेशले जारी गरेको सहकारी ऐन नियम मापदण्डहरुलाई फिट एण्ड प्रोपर टेस्टमा समावेश गराउनु पर्नेछ ।**

## संस्थाको विनियम एवं निर्वाचन नीति अनुसारको फिट एवं प्रोपर टेस्ट

आँफुले उम्मेदवारी दिने पद : .............                    क्षेत्रगत प्रतिनिधित्व गर्ने ठाउँ : .......

| सूचकहरू | पुगेको | नपुगेको |
|---|---|---|
| १.सदस्य भएको वर्ष | | |
| २. विगतमा कुनै पदिय जिम्मेवारी पुरा गरेको | | |
| ३. शैक्षिक योग्यता | | |
| ४. क्षेत्रगत प्रतिनिधित्वको योग्यता | | |
| ५. लैगिक योग्यता | | |
| ६. हाल संस्थामा भाखा नाघेको ऋण एवं कुनै दायित्व फच्छ्यौट बाँकी नरहेको । | बाँकी नरहेको | रहेको |
| ७. मैले र मेरो परिवारले लिएको ऋणको विगत १ वर्षमा कुनै दिनपनि भाखा म्याद नाघेको छैन् । | | |

| | | |
|---|---|---|
| ८. विगतमा लिएको भूमिकामा कुनै निश्चित तह हाँसिल गर्नुपर्नेमा सो भए नभएको । | भएको | नभएको |
| ९. हाल उम्मेदवारी दिन चाहेको पदमा विगतमा लगातार २ कार्यकाल जिम्मेवारीमा नरहेको । - एशियाली ऋण महासंघ ) सुशासन नीति | रहेको | नरहेको |
| १०. विगतमा सञ्चालक समितिमा रहेको भए अघिल्लो आ.व.मा कम्तीमा ८० प्रतिशत बैठकमा उपस्थिती भए नभएको ? | | |
| ११. मेरो एकाघर परिवारको सदस्य यस संस्थामा रोजगारीमा रहेका छैनन् । | रोजगारीमा नरहेको | रोजगारीमा रहेको |

स्वः मूल्याङ्कन

तलका विषयहरूमा आँफैलाई प्रश्न सोध्नुहोस् र न्यायसंगत उत्तर दिनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| १ः धेरै कमजोर | २. कमजोर | ३. मध्यम | ४. राम्रो | ५. धेरै राम्रो |

| स्वःमूल्याङ्कनका क्षेत्रहरू | स्वःमूल्याङ्कन स्तर |
|---|---|
| संस्थाको ध्येयसँग तपाईको रूचि मेल खान्छ ? | |
| के म प्रभावकारी सञ्चालक हुन संस्थालाई आवश्यक समय दिन सक्छु ? | |
| के म संस्थाको सेवा प्रवाह अवधारणा र अवस्था अनुसार कार्य गर्न सक्छु ? | |
| के म सञ्चालक समितिमा अपेक्षित ज्ञान र सीपहरू योगदान गर्न सक्छु ? | |
| के म सञ्चालक सदस्यको रूपमा मेरो व्यक्तिगत स्वार्थ भन्दा संस्थाको स्वार्थलाई प्राथमिकता दिन सक्छु ? | |

..........

नाम :

सदस्यता नम्बर :

# अनुसूची ८

## सहकारी ऐनको दफा ४१: सञ्चालक समिति:

(१) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेद्वार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्था वाहेक अर्को कुनै सहकारी संस्थाको सञ्चालक बन्न पाउने छैन । तर वार्षिक दुई करोड रूपैयाभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न वाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले चार वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको ब्यवस्था गर्नुपर्नेछ । तत्कालीन बजारको अवस्था र मुद्रास्फितीलाई ध्यानमा राखी यस्तो कारोबारको अधिकतम सीमा दफा ५१ बमोजिमको समितिले समय समयमा तोक्नेछ ।

(५) कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि देहाय बमोजिम हुनेछ ।

(क) संस्था वा संघ वा महासंघको चार वर्ष ।

## सहकारी ऐनको दफा ४८: लेखा सुपरिवेक्षण समितिको गठन:

(१) सहकारी संस्थामा अन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेद्वार बन्न र निर्वाचित हुन सक्ने छैन ।

## सहकारी नियमावलीको नियम ४२: लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता:

ऐनको दफा ४८ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको तर प्रारम्भिक साधारणसभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागु हुनेछैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरूजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको ।

(ग) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसंग सम्बन्धित तालिम लिएको ।

## सहकारी नियमावलीको नियम ८१: समिति वा लेखा सुपरिवेक्षण समितिमा रहन नसक्ने:

(१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्ष रूपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत उपनियम (१) मा उल्लेखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा र सहकारी संस्थाको नियमन गर्ने निकायमा रहेछ भने यो नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र समिति वा लेखा सुपरिवेक्षण समिति वा त्यस्तो निकायमध्ये कुनै एकबाट अलग हुनु पर्नेछ ।

# सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत मार्ग निर्देशन, २०७९

फोनं. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३४८

मिति : २०७९।०२।१२

श्री राष्ट्रिय सहकारी महासंघ लिमिटेड, ललितपुर ।
श्री विषयगत केन्द्रीय सहकारी संघहरु, सबै ।
श्री राष्ट्रिय सहकारी बैंक लिमिटेड, ललितपुर ।
श्री विशिष्टिकृत सहकारी संघ लिमिटेड, सबै ।
श्री प्रदेश सहकारी संघहरु, सबै ।
श्री जिल्ला सहकारी संघ लिमिटेड, सबै ।
श्री प्रारम्भिक सहकारी संस्थाहरु, सबै ।

**विषय: सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ जारी गरिएको सम्बन्धमा ।**

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा यस विभागवाट जारी भएका सहकारी निर्देशन/निर्देशिका/कार्यविधि बमोजिम सहकारी संघ/संस्थाहरुको अनुगमन एवं निरीक्षण, विभिन्न निकाय तथा विभागमा परेका उजुरी तथा निवेदनहरुको अध्ययनको आधारमा केही सहकारी संघसंस्थाहरुमा कानूनको पूर्ण परिपालनाको अवस्था कमजोर रहेको देखिन्छ ।

सहकारी ऐन, नियममा भएका व्यवस्थाको परिपालना गर्न गराउनको लागि सहकारी संघसंस्थाहरुवाट प्राप्त राय सुझाव, छलफल एवं बैठकसमेतको आधारमा सहकारीका स्थापित मूल्य, मान्यता र सिद्धान्तको परिपालना गर्दै सहकारीमा सुशासन प्रवर्धन गर्नका लागि एकीकृत निर्देशन, २०७९ जारी गर्न अत्यावश्यक महशुस भएकोले सहकारी ऐन, २०७४ को दफा २३, २५(ज), ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२ (३) र ७६ (झ) बमोजिम सहकारी विभागको मिति २०७९।०२।१२ निर्णयानुसार संलग्न एकीकृत निर्देशन जारी गरिएको छ ।

सहकारी ऐन, नियममा भएका व्यवस्थाको अतिरिक्त संलग्न एकीकृत निर्देशनको परिपालना गर्नु, गराउनु हुन अनुरोध छ । अन्यथा सहकारी ऐन, २०७४ को दफा १२४, दफा १२५, दफा १२७ र प्रचलित कानून वमोजिम कारवाही हुने व्यहोरासमेत जानकारीका लागि अनुरोध छ ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

बोधार्थ:
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं ।
श्री आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, सातदोबाटो, ललितपुर ।

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं :- १२४८

**पृष्ठभूमिः**

**सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संघसंस्थाको कामकारबाहीलाई जिम्मेवार, इमान्दार, अनुशासित, पारदर्शी एवं विधिसम्मत् तरिकाले सञ्चालन एवं व्यवस्थापन गरी सहकारी संघसंस्थामा सुशासन प्रवर्धन गर्न वाञ्छनीय भएकाले सहकारी ऐन, २०७४ को दफा २३, दफा २५ को खण्ड (ज) र दफा ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२ (३) र नियम ७६ (१) (झ) बमोजिम सहकारी विभागको मिति २०७९।०२।१२ को निर्णयानुसार सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ जारी गरिएको छ ।**

**(क) संघसंस्था दर्ता गर्ने अधिकारी तथा सदस्यको जिम्मेवारीसम्बन्धी :**

(१) महानगरपालिका, उपमहानगरपालिकाको कुनै वडामा प्रत्येक पाँच हजार जनसंख्या, नगरपालिकामा प्रत्येक दुई हजार जनसंख्या र गाउँपालिकामा प्रत्येक पाँच सय जनसंख्यामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने एक मात्र सहकारी संस्था दर्ता हुन सक्ने कानूनी व्यवस्था परिपालनाको सम्बन्धमा हाल सञ्चालनमा रहेका सहकारी संस्थाहरुले सेवा पुऱ्याइरहेको जनसंख्याको अनुपातको आधारमा उल्लिखित मापदण्डभन्दा बढी सहकारी संस्थाहरु स्थापना हुने भएमा त्यस्तो नयाँ संस्था दर्ता गर्ने कार्य कानूनसम्मत् नहुने हुँदा संस्था दर्ता गर्ने अधिकारीले दर्ता प्रकिया रोक्का राख्न सक्नेछ । संस्था दर्ता गर्ने अधिकारीले संस्था दर्ता गर्दा प्रचलित नीति, ऐन, नियमका साथै सदस्य बन्नका लागि कानूनले तोके बमोजिमका कागजात र विवरणहरु सूक्ष्म ढंगले अध्ययन गरी आवश्यक देखिएमा स्थलगत निरीक्षण गरी प्रकृया पूरा भएका संस्था मात्र दर्ता गर्ने । दर्ता प्रमाणपत्रमा संस्थाको नाम र प्रकृतिसमेत स्पष्ट खुल्ने गरी संस्था दर्ता प्रमाणपत्र जारी गर्ने ।

(२) सहकारी संघसंस्थाको दर्ता तथा नियमनसम्वन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन । उल्लिखित पदहरुमा बहाल रहेको भएमा तत्काल राजिनामा दिने । रिक्त पदका लागि आगामी साधारण सभामा उपनिर्वाचनको माध्यमबाट पदपूर्ति गर्ने व्यवस्था मिलाउने । साथै पेशागत आधारमा दर्ता भएका सहकारी संस्थामा सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक लाभको पदमा कार्यरत कुनै पनि राष्ट्रसेवक सहकारी संघसंस्थाको सञ्चालकसमिति वा लेखा सुपरीवेक्षण समिति वा व्यवस्थापक वा कर्मचारी भई कामकाज नगर्ने ।

(३) कुनै पनि व्यक्ति सहकारी संस्थाको सदस्य बन्नु पूर्व संस्थाको कार्यक्षेत्र, संस्थाको कार्यालय, सञ्चालक समिति, व्यवस्थापक, उपलब्ध सेवा, सदस्य भएपछि पालना गर्नुपर्ने शर्तहरु, आफ्नो भूमिका, जिम्मेवारी र बहन गर्नुपर्ने दायित्व जस्ता विषयमा आवश्यक सूचनासमेत बुझिसकेपछि संस्थाले प्रदान गर्ने सहकारी शिक्षा सम्बन्धी तालिम लिएर मात्र सदस्यता स्वरुप शेयर प्रमाण पत्र लिने । संस्थाले बोलाएको विस्तारित मञ्चको बैठक, सदस्य शिक्षा कार्यक्रम र साधारण सभामा सक्रिय रुपमा अनिवार्य सहभागिता जनाउने, नियमित बचत गर्ने लगायतका क्रियाकलापमा सहभागी हुने । सहकारी संस्थाको विषयमा यथार्थ नबुझी आफन्त, नातागोता वा बजार प्रतिनिधिको मात्र विश्वासमा परेर सदस्य बन्ने, बचत जम्मा गर्ने, ऋण लिने र धितो जमानत दिने लगायतका कार्य नगर्ने ।

रजिष्ट्रार

फोनं. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ०३४८

(ख) **सदस्य केन्द्रीयतासम्बन्धी :**

(४) सहकारी संघसंस्थाहरुले सदस्य केन्द्रीयतामा आधारित रही सदस्यता सदैव खुल्ला राख्ने । कृत्रिम छेकवार खडा गरी सदस्यता प्राप्त गर्ने अधिकारको कुनै पनि कार्यहरु नगर्ने । संस्थाबाट सेवा प्रदान गर्दा सदस्यले आफू सुरक्षित हुन्छु र मेरो हित विपरीतको कार्य हुने छैन भन्ने विश्वासको भावना बढाउन र सदस्यको अधिकारको संरक्षण हुने गरी कार्यशैली र व्यवहारलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र महिला सदस्यहरुलाई उच्च प्राथमिकता दिई सेवाप्रवाह गर्ने । तदनुसारको सेवास्थलको विन्यास (Lay out) मा ध्यान दिने । संस्थाले सदस्यहरुलाई प्रदान गर्ने सेवाहरुमा लाग्ने सेवा शुल्क, ब्याज, हर्जानासम्बन्धी प्रक्रियाका विषयहरु समावेश गरी संस्थाको बडापत्र जारी गर्ने । संस्थाबाट उपलब्ध हुने सेवा, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरु समेत समावेश गरी बढीमा ३ महिनाभित्र बडापत्र, सूचना पाटी र संस्थाको वेभसाइटमा सार्वजनिक गर्ने ।

(५) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुलाई वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्ने, जोखिम सिर्जना नै हुन नदिन निरोधात्मक (Preventive) कार्यतर्फ केन्द्रित हुने । सदस्यको गुनासोको अभिलेखीकरण र सुनुवाईको प्रगति देखिने गरी अभिलेख राख्ने, सदस्यको सन्तुष्टि सर्भेक्षण गर्ने, गुनासो सुनुवाई संयन्त्र, गुनासो सुन्ने अधिकारी, गुनासो सुनुवाई प्रक्रियासमेत देखिने गरी संस्थाको गुनासो सुनुवाई कार्यविधि जारी गरी कार्यान्वयन गर्ने । सदस्यले सेवा प्राप्त गर्दा तेस्रो पक्षको संलग्नतालाई पूर्णतः निरुत्साहित गर्ने गरी कार्यप्रक्रिया व्यवस्थित गर्ने, संस्थाको आन्तरिक विवाद निरुपण गर्न आवश्यक कार्यविधि र संयन्त्रको विकास गरी लागू गर्ने । सदस्यहरुको व्यावसायिकता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ग) **आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी :**

(६) सहकारी संघसस्थाहरुको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिका पदाधिकारी र व्यवस्थापकले संघसंस्थाको विनियममा निर्धारित आफ्नो अधिकार क्षेत्र बाहिर गई कामकारवाही नगर्ने/नगराउने र त्यसरी गरेको काम कारबाही उपर निजहरुलाई नै व्यक्तिगत रुपमा उत्तरदायी बनाउने । समितिका सदस्यहरु एकै अवधिमा समानस्तरको अर्को सहकारी संघसंस्थाको कर्मचारी वा कुनै समितिमा संलग्न हुन नपाउने गरी सदस्य, समिति, उपसमिति र कर्मचारीहरुको लागि आचार संहिता तयार गरी पालना गर्ने, गराउने ।

(७) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न लेखा सुपरीवेक्षण समिति सक्रिय रहने । समितिले संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने गराउने, आर्थिक कारोबारको नियमित निरीक्षण तथा मूल्याङ्कन गर्ने, सञ्चालक समितिको कामकारबाहीको सुपरीवेक्षण गर्ने, समितिलाई सुझावको रुपमा चौमासिक प्रतिवेदन पेश गर्ने । त्यसैगरी वार्षिक प्रतिवेदन साधारण सभामा पेश गर्ने, साधारण सभाको निर्देशन, निर्णय र सञ्चालक समितिको निर्णयहरु कार्यान्वयन गराउन जोड दिने जस्ता कार्यमा लेखा सुपरीवेक्षण समितिले सक्रिय रुपमा भूमिका निर्वाह गर्ने ।

(घ) **सञ्चालन र व्यवस्थापनसम्बन्धी :**

(८) सहकारी संस्थाले काउन्टरमा रहेको नगद र ढुकुटी (भल्ट) को अनिवार्य बिमा गर्ने । कुनै कर्मचारी वा पदाधिकारीको नियत वा लापरबाहीका कारणले नगदको हिनामिना, हानी नोक्सानी, चोरी, लुटपाट

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १२४८

जस्ता कार्य भएको पाइएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई प्रचलित कानून बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने ।

(९) सहकारी संघसंस्थाहरुले टिकटक, भाइवर, फेसबुक जस्ता सामाजिक संजाल, विद्युतीय तथा छापा माध्यम प्रयोग गरी संस्थागत सूचना संप्रेषण गर्ने बाहेक कुनै चिठ्ठा, उपहार, बढी ब्याज लगायतका प्रलोभनजन्य कार्य गरी सदस्य बनाउने, बचत सकंलन गर्ने तथा ऋण उपलब्ध गराउने गरी विज्ञापन वा प्रचारप्रसार नगर्ने । संस्थाले कमिसन एजेन्ट राखी वा कसैलाई कमिसन वापत कुनै किसिमको पारिश्रमिक दिएर शेयर, बचत वा अन्य कुनै प्रकारको रकम संकलन नगर्ने, नगराउने ।

(१०) सञ्चालकसमिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरुबाट लिने ऋणको ब्याज कम र सदस्यबाट लिने ऋणको ब्याज बढी नगर्ने । त्यसैगरी उल्लिखित पदाधिकारीलाई वितरण गर्ने लाभांशको प्रतिशत बढी र सदस्यलाई वितरण गर्ने लाभांशको प्रतिशत कम हुने गरी विभेदजन्य कार्य नगर्ने । त्यस्तो कार्य गरेको पाइएमा कम तिरेको ब्याज र बढी लिएको लाभांश बापतको रकममा संस्थाले लिने गरेको अधिकतम ब्याजसमेत जोडी संघसंस्थाको जगेडा कोषमा दाखिला गर्ने । तर साधारण सभाबाट पारित कार्यविधिको अधिनमा रही संघसंस्थामा कार्यरत कर्मचारीहरुलाई दिइने सुविधामा सहुलियतपूर्ण ब्याजदर कायम गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(११) सहकारी संघसंस्थाहरुले अधिकार प्राप्त अधिकारीको लिखित स्वीकृति नलिई प्रदेश कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, फिल्ड कार्यालय, सदस्य सेवा केन्द्र/कार्यालय, बिक्री केन्द्र/कार्यालय आदि खोल्ने, स्थानान्तरण गर्ने लगायतका कार्य गरी सदस्य बनाई शेयर तथा बचत संकलन गर्ने, ऋण लगानी गर्ने/गराउने कार्य नगर्ने । उपयुक्त कार्यहरु सहकारीजन्य ठगीको कसुर मानी प्रचलित कानून बमोजिम कारबाही हुने हुँदा यस्ता कार्यहरु नगर्ने, नगराउने । स्वीकृति लिई सञ्चालन भएको अवस्थामा सो सम्बन्धी जानकारी सम्बन्धित संस्था रहेको प्रदेश र स्थानीय तहलाई समेत दिनुपर्नेछ ।

(१२) सहकारी संघसंस्थाहरुले ATM, QR Code, Mobile Banking लगायतका अन्य विद्युतीय प्रविधि प्रयोग गरी सेवाप्रवाह गर्दा संस्थाको विनियमको उद्देश्य तथा कार्यहरुमा समावेश गरी साधारण सभा र नियामक निकायबाट स्वीकृत गरेको हुनुपर्नेछ । विद्युतीय माध्यममार्फत उल्लिखित कारोबार गर्दा नेपाल राष्ट्र बैंकले तोकेका मापदण्ड समेत पूरा गर्ने । सदस्यहरुलाई यस्ताप्रकारका सेवाप्रवाह गर्दा लाग्ने न्यूनतम सेवा शुल्क सञ्चालक समितिले स्वीकृत गरे अनुसारको मात्र लिने गरी सेवा सञ्चालन गर्ने । यसरी सेवाप्रवाह गर्ने संघसंस्था र सो सेवा प्रदायकबीच भएको सम्झौताको प्रति नियामक निकायमा सम्झौता भएको मितिले १ (एक) महिना भित्र पेश गर्ने ।

(ङ) **समिति/उपसमिति तथा साधारण सभासम्बन्धी :**

(१३) सहकारी संघसंस्थाहरुको जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन ऋण लगानी उपसमितिले जोखिमको विश्लेषण गरी सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने । सञ्चालक समितिले उक्त प्रतिवेदन र नियामक निकायबाट प्राप्त निरीक्षण तथा अनुगमनको प्रतिवेदनलाई साधारण सभामा अनिवार्य छलफलको विषय बनाउने ।

(१४) सहकारी संघसस्थाहरुले कार्यालय भवन, जग्गा, गोदाम, शित भण्डार लगायतका अचल सम्पत्ति खरिद गर्नुपर्ने भएमा साधारण सभाबाट निर्णय गराई सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्र खरिद गर्नुपर्ने । यसरी खरिद गर्दा अनिवार्य रुपमा प्राथमिक पूँजीकोषको

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np



विश्लेषण गरी प्राथमिक पुंजी कोष र कुल वचत दायित्वको निर्धारित सीमाभित्र रही खरिद गर्नुपर्ने । यस्तो खरिद गर्दा तत्काल कायम रहेको जगेडा कोषको पचास प्रतिशतभन्दा बढी खर्च नगर्ने ।

(१५) साधारण सभाको अधिकार क्षेत्रभित्र पर्ने सदस्यको दायित्व मिनाहा गर्ने विषय, सञ्चालक समितिको भत्ता निर्धारणको विषय, कोषको बाँडफाँड एवं लाभांश वितरणको विषय, लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने विषय तथा व्यवस्थापकको पारिश्रमिक तथा सुविधा तोक्ने विषय, संस्थाले लिने ऋण दायित्वको अधिकतम सीमा तोक्ने विषय, संस्था एकीकरण, विघटन तथा विभाजन गर्ने विषय, स्थिर सम्पत्ति खरिदको विषय र कुनै खास काम स्पष्ट तोकि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने विषय लगायतका अधिकार संस्थाको साधारण सभाले मात्र प्रयोग गर्ने । त्यस्तो साधारण सभाको अधिकार सञ्चालक समितिले प्रयोग गरेको पाइएमा सो वमोजिम छुट/मिनाहा दिएको रकम, पारिश्रमिक तथा भत्ता बापतको खर्चको रकम र ऋण लिएको निर्णयमा संलग्न रहने सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी जगेडा कोषमा जम्मा गर्ने ।

(१६) एकै संस्थामा एकै अवधिमा एकै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा नरहने । संस्थाको लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचन गर्दा सहकारी सम्वन्धी तालिम र अनुभव भएको सदस्यलाई प्राथमिकता दिई साधारण सभावाट निर्वाचित गर्ने व्यवस्था मिलाउने । सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरुमा रहने सदस्यहरुले निर्वाचन भएको तीन महिना भित्र सहकारी सम्वन्धी तालिम लिनुपर्नेछ ।

(१७) साधारण सभा तीस दिनको म्याद राखी प्रस्तावसहित आह्वान गर्ने । साधारण सभाको सार्वजनिक सूचना जारी हुँदाका बखत कायम सदस्यहरुले मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन् । निर्वाचन हुने साधारण सभाको सूचना जारी भई सकेपछि साधारण सभा सम्पन्न नहुँदासम्मको अवधिमा सदस्यताका लागि प्राप्त हुने आवेदन उपर निर्वाचनको कार्यसम्पन्न भएपछि मात्र निर्णय गरी सदस्यता प्रदान गर्ने । प्रारम्भिक सहकारी संस्थाहरुले प्रत्येक वर्ष पौष महिनाभित्र साधारण सभा सम्पन्न गरी नियामक निकायमा सोको प्रतिवेदन बुझाउने । समयमै सम्पन्न गर्न नसक्ने मनासिव माफिकको कारण भएमा नियामक निकायको पूर्वस्वीकृति लिई सम्पन्न गर्ने ।

**(च) बचत तथा ऋण परिचालन र कोष बाँडफाँड सम्बन्धी :**

(१८) सहकारी संघसंस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन नगर्ने । संस्थाको तत्काल कायम रहेको कुल पूँजी कोषको अधिकतम १० (दश) प्रतिशतमा नबढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गर्ने, गराउने । यस प्रयोजनका लागि कुल पूँजी कोष भन्नाले शेयर पूँजी, जगेडा कोष, अन्य कोष र असल ऋण नोक्सानी व्यवस्था (LLP) को कुल योगलाई सम्झनु पर्नेछ । सहकारी बैकंको हकमा नेपाल राष्ट्र बैकंले तोके बमोजिमको मापदण्डसमेत पूरा गर्नुपर्नेछ ।

(१९) आफ्नै वा मानो नछुटि्टएको एकाघर परिवारको मञ्जुरीना लिएर बाहेक संस्थाहरुले आफ्ना सदस्यहरुलाई तेस्रो पक्ष धितो (Third Party Collateral) राखी ऋण प्रवाह गर्ने कार्य नगर्ने, नगराउने । तर सहकारी संघ र सहकारी बैकंको हकमा यो व्यवस्था लागु हुने छैन ।

(२०) सहकारी संघसंस्थाहरुको निष्क्रिय कर्जा (Non Performing Loan) कुल ऋणको ५% भन्दा कम कायम गर्ने । साथै सहकारी संघ तथा प्रारम्भिक संस्थाले तोकिए बमोजिम असल ऋणमा १%, १२ महिनासम्मको भाखा नाघेको ऋणमा ३५% र १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणमा १००% ऋण

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९२४८

हानी व्यवस्था (Loan Loss Provision) गर्ने । उल्लिखित व्यवस्था नगरी शेयर लाभांश वितरण गरेमा यसरी वितरण गरिएको लाभांश सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी जगेडा कोषमा जम्मा गर्ने । सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको मापदण्ड समेत पूरा गर्नुपर्नेछ ।

(२१) सहकारी संघसंस्थाहरुले नकमाउने सम्पत्ति (Non Performing Assets) (घरजग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाता लगायत) कुल सम्पत्तिको ५% भन्दा कम कायम राख्ने । प्रचलित कानूनबमोजिम लिलाम प्रकृयाबाट सकार भई आएको गैर बैंकिङ्ग सम्पत्तिको कारणले अनुपात बढ्न गएमा दुईवर्ष भित्र त्यस्तो सम्पत्तिलाई तरलतामा रुपान्तरण गर्ने ।

(२२) संघसंस्थाले बचत परिचालन गर्दा सबै बचतहरुमा निर्धारण गरे बमोजिम ब्याज दिने । एकै प्रकृतिको खातामा एकै समयमा विभिन्न सदस्यहरुबाट संकलित बचतको ब्याजदरमा फरक पर्ने गरी ब्याज प्रदान नगर्ने । त्यसैगरी सदस्यलाई एउटै शीर्षकबाट एकै अवधिमा ऋण लगानी गर्दा फरक ब्याजदर कायम नगर्ने ।

(२३) संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कुल ४९% भन्दा बढी पदाधिकारीहरुले एकैपटक संस्थाबाट ऋण नलिने । तर संस्थाको पछिल्लो तीन महिनाको औषत तरलता गणना गर्दा २५% भन्दा बढी तरलता कायम भएको अवस्थामा सञ्चालक समितिले विशेष निर्णय गरी कुल ६७% पदाधिकारीहरुसम्मले अल्पकालीन अवधिका लागि ऋण लिन सक्नेछन् । सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यलाई प्रवाह गरेको ऋण र धितोको विवरण नियामक निकायमा मासिक रुपमा पठाउने ।

(२४) सहकारी संघसंस्थाहरुले अचल सम्पत्ति बिक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको बिक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को नाफामा समावेश गरी वितरण/खर्च गरेको पाइएमा सञ्चालक समिति र खाता संचालन गर्ने अधिकारीबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा जम्मा गर्ने ।

(२५) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा शेयर संख्या, बचत कारोबार र धितो समेतको मूल्यांकनको आधारमा तिर्न सक्ने क्षमता (Ability to pay) लाई अधिक प्राथमिकतामा राखी सो सम्बद्ध पक्षहरुको विश्लेषणलाई उच्च प्राथमिकता दिने, ऋण सम्बन्धी पूर्ण सूचना दिने । संभावित जोखिमहरुको बारेमा पर्याप्त जानकारी दिने । उत्पादनमूलक कार्यमा लगानी गर्दा व्यावसायिक योजना (Business Plan) अनिवार्य रुपमा संलग्न राख्ने । ऋण जारी भएपछि तोकिएको उद्देश्य वा प्रयोजनमा लगानी र प्रतिफल प्राप्त भए नभएको विषयमा निरन्तर निगरानी र अनुगमन गर्ने । उक्त प्रतिवेदन सञ्चालक समितिमा छलफल गर्ने व्यवस्था मिलाउने ।

(२६) सहकारी ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमका कोषहरु खडा गर्ने । सम्बन्धित कोषमा छुट्याइएको रकम तत् तत् कोषको उद्देश्य पूरा गर्न खर्च गर्ने । कृत्रिम रुपमा नाफा देखाई कुनै प्रकारको लाभांश वितरण नगर्ने । शिक्षा कोष र संस्था विकास कोषबाट गर्नुपर्ने कतिपय खर्चहरु सम्बन्धित कोषबाट नगरी वार्षिक कार्यक्रम तथा बजेटमा सिधै व्यवस्था गरी खर्च लेखाङ्कन गर्दा संस्थाको मुनाफा (खुद बचत) मा चाप सिर्जना हुने देखिन्छ । यसबाट नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने कर दायित्व कम हुन सक्ने देखिएको हुँदा यस्ता कार्य नगर्ने, नगराउने । उक्त कोषमा छुट्याइएको रकम सम्बन्धित आर्थिक वर्षमा नपुग हुने अवस्था सिर्जना भएमा मात्र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्न सक्ने ।

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ७२४८

(२७) वित्तिय कारोबार गर्ने संघसंस्थाहरुले PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय संरचनालाई PEARLS का मानकले तोकेको सूचक भित्र राख्ने साथै सदस्य केन्द्रीयता सूचकांक (MCI) का सूचकहरुको पूर्ण परिपालना गर्ने ।

**(छ) तरलता व्यवस्थापन तथा आर्थिक स्रोत परिचालनसम्बन्धी :**

(२८) सहकारी संघसंस्थाहरुले सबै समयमा तरलता (Liquidity) कम्तीमा कुल बचतको १०-१५% कायम राख्ने । १०% भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउने । तरलता व्यवस्थापनमा सञ्चालक समिति जिम्मेवार रहने । सहकारी संघसंस्थाहरुले साप्ताहिक रुपमा तरलताको गणना गर्ने । लेखा सुपरीवेक्षण समितिको चौमासिक प्रतिवेदनमा सो विषय समावेश गरी सञ्चालक समितिमा पेश गर्ने । तोकिए बमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण नगर्ने । लाभांश वितरण गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्ने ।

(२९) महासंघ, संघहरु एवं सहकारी बैंकले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोत साधनहरुको प्रभावकारी परिचालन, व्यावसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना आदिमार्फत गरिवी न्यूनीकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद नगर्ने ।

(३०) सहकारी संघ संस्थाहरुले जलविद्युत आयोजना, अस्पताल, विद्यालय, क्याम्पस, होटल व्यवसाय, पेट्रोल पम्प लगायतका परियोजनाहरु संचालन गर्ने उद्देश्य तथा कार्यहरु विनियममा समावेश नगरी कुनै पनि परियोजनामा लगानी नगर्ने । परियोजना सञ्चालन गर्ने गरी विनियम स्वीकृत गरेका संघसंस्थाहरुले यस्ता परियोजनामा गरेको लगानी संस्थाको पूर्ण स्वामित्व कायम हुने गरी मात्र गर्नुपर्ने । संस्थाले सदस्यको बचत रकम परिचालन गरी परियोजनामा लगानी नगर्ने । यस्ता परियोजनामा प्रवाह हुने बाह्य ऋण कुल सम्पत्तिको ५% मा नबढ्ने गरी गर्ने । आन्तरिक कोष परिचालन गरी परियोजनामा लगानी गरेको अवस्थामा पूँजी कोषको सीमा कायम गर्ने । माथि उल्लिखित व्यवस्थामा अन्यथा भएमा सञ्चालक समिति तथा खाता सञ्चालन गर्ने अधिकारीको समेत जिम्मेवारी हुने हुँदा लगानी गरिएको उक्त रकममा तत्कालको अधिकतम ब्याजदर समेत जोडी दामासाहीले असुल उपर गरी संस्थाको खातामा जम्मा गर्ने । नेपाल सरकारको स्वीकृतिमा बाह्य मुलुकबाट ऋण लिने संघसंस्था वा विशिष्टकृत सहकारी संघ वा दुई वा दुई भन्दा बढी संघसंस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन र सेवाको बजारीकरण गर्दा ५% को सीमासम्बन्धी व्यवस्था लागू हुने छैन ।

(३१) सहकारी संघसंस्थाहरुले एक लाख रुपैयाँ भन्दा बढीको ऋण लगानी गर्दा सामूहिक जमानी वा व्यक्तिगत धन जमानी वा धितो लिएर मात्र गर्ने । ऋणको क्षेत्रगत वर्गीकरण गर्ने । प्रवाह भएको कुल ऋणको कम्तीमा ५१ प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यावसायमा लगानी गर्ने । विभागले तोकेको सन्दर्भ ब्याजदर अनुसार ब्याजदर कायम गर्ने । महामारी वा विपद घोषणाको समयमा बाहेक ऋणको पुर्नतालिकीकरण र पुर्नसंरचना नगर्ने ।

**(ज) कर्मचारी व्यवस्थापनसम्बन्धी :**

(३२) सहकारी संघसंस्थाहरुले आफ्नो कार्यबोझ विश्लेषणको आधारमा साधारण सभाबाट वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कर्मचारीको दरबन्दी र कर्मचारी सम्बन्धी कार्यविधि स्वीकृत गरी कर्मचारी

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३४८

पदपूर्तिको व्यवस्था मिलाउने । स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गरी तलव भत्ता भुक्तानी गरेको पाइएमा त्यसरी भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी संस्थाको खातामा दाखिला गर्ने । संस्थाका कुनै पनि कर्मचारीलाई श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक पारिश्रमिक अनिवार्य रुपमा उपलव्ध गराउने ।

(झ) **अभिलेख व्यवस्थापन तथा लेखा परीक्षणसम्बन्धी :**

(३३) सहकारी संघसंस्थाहरुले वित्तीय कारोवार लगायत संघसंस्थासँग सम्बन्धित गतिविधिहरुको विवरण सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (www.copomis.gov.np) मा आवद्ध भई सो प्रणालीमा अद्यावधिक विवरणहरु अनिवार्य रुपमा प्रविष्ट गर्ने । संस्थाका मासिक, वार्षिक विवरण, सदस्यको विवरण, सम्पत्ति शुद्धीकरण निवारण लगायत साधारण सभा, लेखा परीक्षणसम्वन्धी अन्य प्रतिवेदनहरु सोही प्रणालीमार्फत प्रेषित गर्ने ।

(३४) सहकारी संघसंस्थाहरुले नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरुप लेखा अभिलेख राख्ने । सहकारी विभागवाट सफ्टवेयरको न्यूनतम मापदण्ड लागू भएपछि सोही बमोजिम हुने गरी हाललाई सञ्चालक समितिबाट निर्णय गराई गुणस्तरीय र सुरक्षित सफ्टवेयरको प्रयोग गर्ने ।

(३५) सहकारी संघसंस्थाहरुले अन्तिम वा बाह्य लेखापरीक्षण गराउँदा राष्ट्रिय लेखामान अनुरुप लेखा राखे नराखेको, सहकारी ऐन नियम र यस निर्देशनको परिपालना भए नभएको, सम्पत्ति शुद्धीकरण निवारण कानून तथा निर्देशनको पालना भए नभएको, सहकारीका मानक अनुरुप लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकको विशेष टिप्पणीसहितको लङ्गफर्म समेत समावेश गर्ने ।

(ञ) **खारेजी तथा बचाउ सम्बन्धी :**

(१) सहकारी विभागबाट मिति २०७८।११।०१ मा सहकारी संघसंस्थालाई जारी एकीकृत निर्देशन खारेज गरिएकोछ ।

(२) सहकारी विभागबाट यस अघि जारी भएका परिपत्र अनुसार भए गरेका कार्यहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

२०७९।२।१२
(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

# कोपोमिसमा सहकारी संस्थाको समष्टिगत विवरण भर्ने भराउने सूचना

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८।७९
चलानी नं. १४०३
प्राप्त पत्र संख्या र मिति :

मिति:२०७९/०२/३१

**श्री केन्द्रिय सहकारी संघ लि., सबै**
**श्री साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रिय कार्यालय, ववरमहल**
**श्री विशिष्टिकृत सहकारी संघ लि.,सबै**
**श्री प्रदेश सहकारी संघ लि. सबै.**
**श्री जिल्ला सहकारी संघ लि. सबै**

विषय: **कोपोमिसमा सहकारी संस्थाको समष्टिगत विवरण भर्ने भराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय र सम्बद्ध अन्य सरोकारवाला निकायहरुलाई नियमित एवं आवधिक रुपमा नेपालको सहकारी सम्बन्धी तथ्याङ्क आवश्यकता पर्ने व्यहोरा सर्वविदितै छ । हाल नेपालमा करिव ३०,००० को संख्यामा विभिन्न प्रकृतिका सहकारीहरु रहेका छन् । सहकारी क्षेत्रको यथार्थ तथ्याङ्कको अभावमा प्रभावकारी नीति, योजना, कार्यक्रम निर्माण गर्न समस्या परेको छ । सहकारी क्षेत्रको तथ्याङ्क प्राप्तिको लागि सहकारी संघ/संस्थाहरुले भर्नुपर्ने समष्टिगत विवरण लगायतका अन्य नियमित रुपमा प्रविष्टि गर्नुपर्ने विवरणहरु प्रविष्टिका लागि COPOMIS System तयार गरी www.copomis.gov.np बाट संचालन भैरहेको छ । सो सिस्टम विभागको वेभसाइट www.deoc.gov.np मा समेत राखिएको छ ।

सहकारी संघ/संस्थाहरुले उल्लेखित विवरण अविलम्व प्रविष्टि गर्न गराउनको लागि प्रदेश सहकारी रजिष्ट्रार, सबै स्थानीय तह, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिय संघ, प्रदेश सहकारी संघ, विशिष्टिकृत संघ, जिल्ला सहकारी संघहरु समेतलाई २०७९।०२।०९ गते परिपत्र मार्फत अनुरोध गरी सकिएको छ । उल्लेखित सन्दर्भमा कोपोमिसमा समष्टिगत विवरण अभिलेखिकरण गर्न तहाँ संघ/संस्थामा आवद्ध सहकारी समेतका सवै संस्थाहरुमध्ये **२०६५** वटा संस्थाले मात्र समष्टिगत विवरण भरेको देखिन्छ । विभागले समष्टिगत विवरण प्रविष्टिमा उल्लेखनिय सहयोग पुग्ने अपेक्षा गरेको तहाँ आवद्ध संघ/संस्थावाट यति थोरैको संख्यामा प्रविष्टि हुनु अपेक्षा गरिएको थिएन । तहाँबाट गरिएको प्रतिवद्धता एकातर्फ पूरा नहुने मात्र होइन अर्कोतर्फ नेपाल सरकारले सहकारी सम्बन्धी आधारभूत तथ्याङ्क प्राप्ति गर्ने उद्देश्यमा सहयोग पुग्न सक्ने अवस्था देखिएन । विभागको www.copomis.gov.np मा वा www.deoc.gov.np मा विवरण भर्ने गाईडलाइन र Video समेत पनि राखिएको छ ।

अत: अब बाँकी रहेको यस आ.व.को एक महिनाको अवधिमा तहाँ आवद्ध सबै सहकारी संघसंस्थाहरुलाई समष्टिगत विवरण भर्ने भराउने कार्यमा जनशक्तिको व्यापक परिचालन तथा अझै सक्रियताको अपेक्षा गर्दै यहि २०७९ आषाढ भित्र समष्टिगत विवरण भर्ने भराउने कार्यमा सहयोगको लागि पुन:अनुरोध गर्दछु ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

**बोधार्थ:**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार ।

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email:
sahakaribivag@gmail.com
Website:
www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(अनुगमन तथा मापदण्ड शाखा)

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८०।८१
चलानी नं. : १२१
प्राप्त पत्र संख्या र मिति :

मिति : २०८०/०४/२२

श्री सहकारी संघ/संस्थाहरु,
देशभरिका सबै ।

**विषय :goAML System मा दर्ता तथा Reporting सम्बन्धमा ।**

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि सहकारी विभागद्धारा "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको (तेस्रो संशोधन) निर्देशन, २०७४" जारी गरी कार्यन्वयनमा रहेको विषय विदितै छ । उक्त निर्देशनको दफा १९ र २० मा सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Report-TTR) र शंकास्पद कारोबार प्रतिवेदन (Suspicious Transaction Report-STR) तोकिएको ढाँचामा नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई (FIU) मा पठाउने । यस अनुरुप प्रतिवेदन पठाउदा रु.१० करोडभन्दा वढी रकम बचत वा पुँजी भएका बचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरुले goAML System मार्फत पठाउनुपर्ने प्रावधान रहेको छ ।
साथै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना ( २०७६ - २०८१ ) ( पुरक कार्ययोजना, २०७७ समेत ) को उद्देश्य ६ को बुँदा नं ६.३.४ मा "रु.१० करोडभन्दा बढीका निक्षेप वा पुँजी भएका बचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरु" goAML System मा Reporting गर्नुपर्ने प्रावधान छ । नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई (FIU) बाट समेत सहकारी संस्थाहरुलाई goAML System मा आबद्धता गराउन पटक पटक विभागमा अनुरोध भैआएको परिप्रेक्ष्यमा देहाय बमोजिम गर्नु गराउनु हुन सहकारी विभागको मिति २०८०।०४।२१ को निर्णयानुसार अनुरोध छ ।

१) रु.१० करोडभन्दा वढी रकमको कारोवार गरेका (बचत वा पुँजी भएका) बचत तथा ऋणको कार्य गर्ने सहकारी संघ/संस्थाहरु नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई (FIU) मा रहेको goAML System को Test Environment तथा Production Environment मा यथाशिघ्र रजिष्टर्ड भई Web/XML मार्फत सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Report-TTR), शंकास्पद कारोबार प्रतिवेदन (Suspicious Transaction Report-STR) र शंकास्पद गतिविधि प्रतिवेदन (Suspicious Activity Report-SAR) का विवरणहरु प्रणाली मार्फत प्रेषित गर्ने ।

(नोटः कृपया पत्राचार गर्दा प.सं., च.नं. र मिति अनिवार्य रूपमा उल्लेख गरिदिनु होला ।)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(अनुगमन तथा मापदण्ड शाखा )

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email:
sahakaribivag@gmail.com
Website:
www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८०।८१
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

२) यसअघि goAML System को Test Environment तथा Production Environment मा रजिष्टर्ड भई Message Board मार्फत प्रतिवेदन तथा विवरणहरु पेश गरिरहेका सहकारी संस्थाहरुले समेत Web/XML मार्फत TTR, STR र SAR को प्रतिवेदन पठाउने ।

goAML system को Test Environment मा रजिष्ट्रेशन login गर्ने web ठेगाना
https://goaml.fiu.nrb.org.np/TST/Home
goAML system को Production Environment मा रजिष्ट्रेशन login गर्ने web ठेगाना
https://goaml.fiu.nrb.org.np/PRD/Home
goAML system मा रजिष्ट्रेशन गर्ने तरिका सम्बन्धी Video tutorial:
goaml.fiu.nrb.org.np/FIUWeb/GoAml/GetRegister

*नोट: Register गर्दा Attache गर्नुपर्ने पत्रको नमुना यसै सूचनासँगै संलग्न गरिएको छ ।*

०८०।४।२२
..................
टोलराज उपाध्याय
(उप - रजिष्ट्रार)

सम्पर्क व्यक्तिः
श्री शोभा घिमिरे, शाखा अधिकृत, सहकारी विभाग (मोबाइल नं. ९८४९०५०८४५
ईमेल ghimire.shobha22@gmail.com)
श्री कमल पौडेल, FIU-Nepal (मोबाइल नं. ९८५६०२२२२१ ईमेल kamal.paudel@nrb.org.np)

बोधार्थः
१.भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौं ।
२.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं - सबै स्थानीय तहहरुलाई आफ्नो नियामनक्षेत्रभित्र पर्ने सहकारी संस्थालाई goAML System मा आवद्ध हुन जानकारी एवं सहजिकरण गरिदिनुहुन ।
३.नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई, बालुवाटार,काठमाण्डौं, -तँहाको प.स.वि.जा.ई./ goAML ०८०/८१ - ३४ मिति २०८०।०४।०७ को सन्दर्भमा आवश्यक जानकारीका लागि ।

(नोटः कृपया पत्राचार गर्दा प.सं., च.नं. र मिति अनिवार्य रूपमा उल्लेख गरिदिनु होला ।)

## goAML System मा Register गर्दा Attach गर्नुपर्ने पत्रको नमुना

*(संस्थाको आधिकारिक लेटरहेडमा प्रिन्ट गरी आधिकारिक हस्ताक्षर तथा छाप लगाउनुपर्नेछ)*

श्री प्रमुख ज्यू,
वित्तीय जानकारी इकाई
वालुवाटार, काठमाडौं ।

**विषयः कार्यान्वयन अधिकारी (Compliance Officer) नियुक्त सम्बन्धमा ।**

महोदय,


उपरोक्त सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७त.(३) बमोजिम निम्न कर्मचारीलाई AML/CFT सम्बन्धी कार्य गर्नका लागी कार्यान्वयन अधिकारी (Compliance Officer) को रुपमा नियुक्त गरिएको तथा निजलाई goAML मा रिपोर्टिङ्ग गर्न र वित्तीय जानकारी इकाईसँग आवश्यक समन्वय गर्न समेत जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराउदछु ।

**कार्यान्वयन अधिकारीको विवरण**


| | |
|---|---|
| पुरा नाम (नेपालीमा) | |
| Full Name (in English) | |
| पद | |
| स्थायी ठेगाना | |
| हालको ठेगाना | |
| नागरिकता नं., जारी मिति तथा जिल्ला | |
| योग्यता | |
| सम्पर्क नं. (कार्यालय एक्सटेन्शन सहित) | |
| मोबाइल नं. | |
| इमेल | |

............................
आधिकारिक हस्ताक्षर

# साकोस एकरुपता प्रणालीको नमूना ढाँचाहरु




ब्राण्ड कलर




साकोस घरको रङ्ग




भिजिटिङ कार्ड




साइन बोर्ड




लेटर हेड

## ध्येय (Mission) :

वित्तीय सहकारीको समावेशी एवम् स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तरमा सुधार

Ensure inclusive & Smart Services of Financial Cooperatives to improve the lives of people

## परिकल्पना (Vision):

सवल र दिगो वित्तीय सहकारीहरुको साझा सञ्जाल

Shared network of Sound & Sustainable Financial Cooperatives

## रणनीतिक उद्देश्यहरु (Strategic Objectives)

### आबद्धता तथा करारीय ऐक्यबद्धता

- सदस्यता व्यवस्थापन र एकरूपता प्रणाली
- अभियान मैत्री निरन्तर बहस पैरवी
- स्थिरीकरण कोष र विपद् व्यवस्थापन
- स्रोतको प्रभावकारी परिचालन प्रणाली विकास
- सृजनशिल कुशल व्यवसायिक व्यवस्थापन
- बचत ऋण सहकारी एकीकरण
- सञ्जालको प्रतिकिकरण र बजारीकरण

### स्रोतहरुमा पहुँच र एकरूपता

- केन्द्रीय तरलता र वित्तीय सुविधा
- साझा स्तरीय प्रविधि सेवा विकास
- जनशक्ति व्यवस्थापन स्रोत केन्द्र सञ्चालन
- सञ्चार, प्रकाशन र आपूर्ति व्यवस्थापन
- दिगो विकास लक्ष्यका लागि सहकार्य
- एकीकृत वित्त प्रणाली मार्फत उद्यमशिलता
- नवीन खोज, अनुसन्धान र विकास

### कार्य सञ्चालनमा स्तरीयता

- स्तरिकृत लेखापालन व्यवस्थापन प्रणाली
- एकीकृत सदस्य सूचना प्रणाली
- सेवाहरुको विविधिकरण र स्तरीयता
- सुरक्षित स्तरीय कार्य वातावरण
- दिगो सञ्जाल समन्वय प्रणाली
- निरन्तर सिकाई र वृद्धि
- प्राविधिक प्रणालीहरुको सुरक्षा संयन्त्र विकास

### स्वनियमन र अनुशासन

- स्व नियमन तथा आन्तरिक नियन्त्रण
- मानक निर्धारण तथा कार्यान्वयन
- पारदर्शी तथा जवाफदेही सञ्जाल
- जोखिम सुपरिवेक्षण तथा व्यवस्थापन
- सहकारी सुशासन परीक्षण प्रणाली
- सदस्य सहभागिता स्तर अभिवृद्धि
- सञ्जाल मार्फत समावेशिता प्रवर्द्धन

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१

इमेल : nefscun@nefscun.org.np, वेभसाइट : www.nefscun.org.np